२७२

भक्तपुर मासिक

Bhaktapur Monthly साउन २०७६

# जीर्णोद्धार पछिको भैरवनाथको मन्दिर



- गाईजात्रा पर्व- डा. विरेन्द्रप्रसाद कायस्थ
- चिनियाँ भाषा हेर्दा जटिल तर सिक्दै जाँदा सरल
- नेवारहरूको मौलिक संस्कृति-ब्यां जा: नकेगु-ओम
- विद्यार्थीहरू राजनीतिक दर्शन र सिद्धान्तबारे जानकार हुनुपर्ने
- अन्धविश्वासविरुद्ध सचेतना अभियानमा कवि, कलाकार र लेखकहरूको महत्त्वपूर्ण योगदान हुने
- नगरपालिकाका गतिविधिहरू

भक्तपुर नपाको अवलोकनमा आउनुभएका (ICAP) एसिया प्यासिफिकका निर्देशक लिइमा मार्टिनेज सामूहिक फोटो खिचाउँदै नगर प्रमुख प्रजापति लगायत (२०७६ साउन ७ गते)



गाईजात्रा पर्व व्यवस्थित गर्न बैठक बस्दै (२०७६ साउन १६ गते)



# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३६ ☆ अङ्क १० ☆ ने. सं. ११३९ ☆ वि. सं. २०७६ साउन ☆ A.D.2019

कार्यालय:भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी (बिढा)

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : रेणु

dNo ?= @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)


## एउटा तस्बिर

g]kfnL hghLjgaf6 x/fpb}uPsf] kfgL 36\



(तस्बिर : इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘मानिस जन्मैदेखि न त टाउकोमा टिका लगाएर आउँछ न यज्ञोपवित धारण गरेर । जसले सत्कार्य गर्छ ऊ द्विज हो र जसले कुकर्म गर्छ ऊ नीच ।’– गौतम बुद्ध

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | अन्धविश्वास विरूद्ध सचेतना अभियानमा कवि, कलाकार र लेखकहरूको महत्त्वपूर्ण योगदान हुने | – | ३ |
| २) | विद्यार्थीहरू राजनीतिक दर्शन र सिद्धान्तबारे जानकार हुनुपर्ने | – | ५ |
| ३) | तीन दिने कौसी खेती तालिमको उद्घाटन | – | ६ |
| ४) | सरकारको व्यवहार संविधान र कानुनसम्मत हुनुपर्ने : प्रमुख प्रजापति | – | ६ |
| ५) | गाईजात्रा प्रदक्षिणा मार्गमा तारहरू व्यवस्थित गरिने | – | ७ |
| ६) | गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई रू. २० लाख बराबरको छात्रवृत्ति वितरण | – | १० |
| ७) | भक्तपुर नगरपालिकामा अपांगता भएका व्यक्तिहरूलाई रातो र निलो परिचय ... | – | ११ |
| ८) | सरकारले समाजवादउन्मुख शिक्षा नीतिमा जोड दिनुपर्ने | – | १२ |
| ९) | प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिको टोली भक्तपुरको बाढी प्रभावित ... | – | १४ |
| १०) | चिनियाँ भाषा हेर्दा जटिल तर सिक्दै जाँदा सरल | – | १६ |
| ११) | प्राज्ञहरू कल्पनाशील हुनुपर्ने र सरकारको अगाडि झुक्नु नहुने | – | १७ |
| १२) | नेकपाभित्र ठेकेदार, पुँजीपति र एनजीओ/आइएनजीओका सञ्चालकहरूको वहुमत | – | १८ |
| १३) | भाषा र संस्कृति नरहे जातीय अस्तित्व लोप हुनसक्ने | – | १९ |
| १४) | विपद् व्यवस्थापन जिल्ला समितिको बैठक | – | २० |
| १५) | भक्तपुर नगरपालिकामा छात्रवृत्ति वितरणबारे मा.वि.का प्रधानाध्यापकहरूको बैठक | – | २१ |
| १६) | तरकारी तथा फलफूलहरू विना परीक्षण उपभोग गर्न दिन नहुने : प्रमुख प्रजापति | – | २१ |
| १७) | काठमाडौं उपत्यकाको खानेपानीको स्रोत संरक्षणको जिम्मेवारी नेपाली सेनालाई... | – | २२ |
| १८) | ख्वप इन्जिनियरिङ कलेजमा Wind Turbine Construction workshop कार्यक्रम | – | २३ |
| १९) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | २६ |
| १९) | ‘अपराधलाई राजनीतिकरण गर्ने प्रवृतिको अन्त्य हुनु जरुरी छ’– | सुनिल प्रजापति | ५३ |
| २७) | नेवारहरूको मौलिक संस्कृति–ब्यां जाः नकेगु | ओम धौभडेल | ५४ |
| २८) | गाईजात्रा पर्व | डा. वीरेन्द्रप्रसाद कायस्थ | ५७ |
| ३०) | उपत्यकाको स्थानीय नेवार समाजमा प्रचलित चाडपर्वका महत्त्व र उपयोगिता | डा. बलराम कायस्थ | ५८ |
| ३१) | सामुदायिक बीउ बैंक : एक प्रकृतिमैत्री अवधारणा | सबिन ख्याजू | ६२ |
| ३३) | भक्तपुरको विश्व सम्पदा ङातापोल | रीना प्रजापति | ६५ |
| ३४) | भक्तपुरे दिदीहरू दंग–रानीपोखरीमा पानी अडियो | सबिना श्रेष्ठ | ६७ |
| ३५) | भक्तपुर र काठमाडौंका पोखरीसँगै पाटनको मल्लकालीन पोखरी ब्युताउँदै भक्तपुरबासी | सहयोग रञ्जित | ६९ |
| ३६) | भक्तपुरलाई सिकाएको सिम्रौनगढ | मिलन बगाले | ७१ |
| ३७) | रानीपोखरी जोगाउन भक्तपुरदेखि | राजु स्याङ्तान | ७३ |
| ३८) | लगनखेलको ‘गुमनाम’ न्हू पुखु भक्तपुरको सहयोगमा ब्युँताइदै | सबिना श्रेष्ठ | ७६ |
| ३९) | जीवन पाउँदै छन् काठमाडौं उपत्यकाका पोखरीहरूले | – | ७८ |
| ३५) | SKETCHES FROM NIPAL (39) | Henry Ambrose Oldfield | ८० |
| ३६) | कर्मचारीलाई हाजिर नगराए अनुदान रोक्ने ! (सम्पादकको पृष्ठ) | – | ८४ |


**साथमा**


भैरवनाथको मन्दिर अनुमानितभन्दा निकै कम लागतमा जीर्णोद्धार–४/झापा कन्काईका प्रमुख राजेन्द्र पोखरेल भक्तपुर नगरपालिकामा–८/शिशुस्याहारका शिक्षिकाहरूलाई पुनर्ताजगी तालिम–९/भक्तपुर नगरपालिकामा ग्लोबल पाठशालाका विद्यार्थीहरूको अध्ययन–अवलोकन भ्रमण–१०/युवाहरूको हातमा सीप दिन विभिन्न सीपमूलक तालिम सञ्चालन–११/फोटोग्राफी तालिमको प्रमाणपत्र वितरण–१३/भक्तपुर नपा वडा नं. ५ मा व्यायामशाला उद्घाटन –१६/भक्तपुरको ब्रम्हायणी र महाकाली परिसरमा सरसफाइ तथा वृक्षारोपण–१८/वागीश्वरी माविमा नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत–१९/पचपन्न झ्याले दरबारः खुलेदेखि १८ हजारले गरे अवलोकन–२१/नगर प्रमुख प्रजापति र बीरगञ्ज महानपाका उपप्रमुख कार्कीबीच भेट–२२/१० नं. वडास्तरीय कार्यक्रमको परिचयात्मक एवं विपद् जोखिमन्युनीकरण सचेतीकरण कार्यक्रम–२३/ख्वप कलेजमा बी.ए. र बी.एस.डब्लु.का विद्यार्थीको बिदाइ कार्यक्रम–२४/उपभोक्ता समितिको वनभोज तथा प्रशिक्षण कार्यक्रम–२४/भक्तपुर नगर क्षेत्रका विभिन्न अस्पतालहरू र पसल अनुगमन–२५/रंगीन पृष्ठ–३९ देखि ४२/बसिबियाँलो –६४/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ असार महिनाको प्रतिवेदन–७९/नेपालको संविधान २०७२, भाग–३३/विविध(४६)–८१/यसकारण पिपउनुहोस् दैनिक दूध–८२/असार महिनाको पर्यटक तथ्याङ्क– ८३ ।

# अन्धविश्वास विरूद्ध सचेतना अभियानमा कवि, कलाकार र लेखकहरूको महत्त्वपूर्ण योगदान हुने




भक्तपुर नगरपालिकाले आउन लागेको गाईजात्रा पर्व (सापारू) मा जनचेतनामूलक स्तरीय गीत, ख्याल, नाटक तयार गर्ने उद्देश्यले लेखक, कवि र कलाकारहरूको भेला साउन ११ गते आयोजना गऱ्यो ।

आदर्शोन्मुख समाज स्थापनामा प्रगतिशील कवि, लेखक र कलाकारहरूको महत्त्वपूर्ण देन हुने उद्देश्यले आयोजित सो भेलामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले सामन्ती समाजमा साहित्यलाई राजनीतिक हतियारको रूपमा उपयोग गरेको चर्चा गर्दै बहुमत जनताको प्रतिनिधित्व गर्ने मजदुर र किसानलाई नै नायक–नायिका बनाएर लेखेको साहित्य जनताको साहित्य हुने विचार व्यक्त गर्नुभयो ।

समाजवादी क्रान्तिको पक्षमा लेखिएको साहित्य जनताको घर–आँगनमा सबभन्दा बढी प्रचार र बिकेको स्मरण गर्दै अध्यक्ष रोहितले दुःख–पीडा दिनेको विरोध गर्ने र सुखको तारिफ गर्ने संसारकै नियम हो भन्नुभयो ।

साहित्यले चालै नपाइकन जनताको सेवामात्र होइन भड्काउने काम पनि गरिरहने यो वर्गीय समाजमा उहाँले साम्राज्यवादी अमेरिकाले समाजवादी व्यवस्था समाप्त गर्न अनेक षड्यन्त्र, जालझेल र चलखेल गरिरहनेतर्फ लेखक, कवि र कलाकारहरूको ध्यानाकर्षण गर्नुभयो ।

साम्राज्यवादी एवम् शक्तिशाली देश अमेरिकाको प्रभाव संसारमा अन्त्य हुने चिन्ताले नै अमेरिकाले चीनसँग झगडा गराउने षड्यन्त्र गरिरहेको उल्लेख गर्दै अध्यक्ष रोहितले राष्ट्रवादी र हिन्दूको नारा दिएर मोदी अगाडि आएको बताउनुभयो ।

धर्म, भाषा र जातको आधारमा राजनीति गर्नु सङ्कीर्ण सोच हो, यसमा बलियो पक्षले कमजोर पक्षलाई दबाउने हुँदा वर्गीय राजनीति गर्नुपर्नेमा जोड दिँदै उहाँले भन्नुभयो, "धर्म र जनताको आधारमा राजनीति गरेको भारतमा फासीवाद निम्तिने सम्भावना छ ।"

नेपालमा हिन्दू राष्ट्रको नारा दिएर नेपाली–नेपाली जुधाउनेतर्फ विदेशी शक्ति राष्ट्रको चलखेल भइरहेको उल्लेख गर्दै अध्यक्ष रोहितले अन्धविश्वासविरूद्ध सचेतना अभियानमा कवि, कलाकार र लेखकहरूको महत्त्वपूर्ण योगदान हुन्छ भन्नुभयो ।

"नेता, मन्त्री, सांसद तथा जनप्रतिनिधिहरूको कमी–कमजोरी औंल्याएर सुधार्न सके यसले देश र जनताकै हित हुन्छ ।" उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कला र संस्कृतिमा धनी सहरको पहिचान राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायमा पुऱ्याउन र साहित्यमार्फत जनताको चेतनास्तर उठाउने ध्येयले भेलाको आयोजना गरेको बताउनुभयो ।

जनताले बुझ्ने भाषामा प्रस्तुत ख्याल, नाटक र गीतले जनताको सांस्कृतिक स्तर उठ्ने विश्वास व्यक्त गर्दै प्रमुख प्रजापतिले जनताको सेवा गर्ने साहित्य विधामा लेखक, कवि र कलाकारहरूको सहयोग हुने विश्वास व्यक्त गर्नुभयो ।

सोही भेलामा जनकवि चन्द्रबहादुर उलकले साहित्यको

उद्देश्य बहुमत जनताको सेवा गर्न र समाज परिवर्तन गर्ने हुनुपर्छ भन्नुभयो । जनताको मन छोएको या मन परेको साहित्य नैजनताको साँचो साहित्य हुने उल्लेख गर्दै जनकवि उलकले भन्नुभयो, “कम्युनिस्टको शासनमा सुख–सुविधा हुने, शोषण–दमन नहुने जनताले सोचेका थिए, तर कम्युनिस्टको शासन आए पनि जनताले सुख भोग्ने लक्षण देखिएको छैन, बहुदल र गणतन्त्रमा पनि पञ्चायतको गन्ध बाँकी छ, अतः कवि लेखकले पूँजीपति वर्गको होइन सर्वहारा वर्गीय दृष्टिकोण राख्ने साहित्य र गीत लेख्नुपर्छ ।

नेपालभाषा साहित्य तःमुंज्याका संस्थापक अध्यक्ष कान्छा बासुकलाले बहुसङ्ख्यक जनतालाई परेको दुःख र वेदनाबारे साहित्य लेख्दा त्यो प्रिय र अन्तसम्म स्मरणीय भइरहने बताउनुभयो ।

उहाँले भन्नुभयो, “व्यक्तिगत रमभ्रम गर्न होइन सामूहिक सेवा गर्न साहित्य र गीत लेख्नुपर्छ, जनताको पीडाबोध नभएको साहित्य एकक्षण लोकप्रियजस्तो भए पनि पछिसम्म स्मरणीय हुँदैन ।”

सुपरिचित कलाकार आशाकाजी थकूले ख्याल, नाटक लेखन तथा लेखक र कलाकारको भूमिकाबारे चर्चा गर्दै कवि, कलाकार र लेखकको उद्देश्य ‘बहुजन हिताय, बहुजन सुखाय’ नै हुनुपर्छ भन्नुभयो ।

भेलामा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र भनपाका प्रशासकीय अधिकृत यामलाल अधिकारीले पनि बोल्नुभएको थियो ।



*रेणु त्वानाबासु*

# भैरवनाथको मन्दिर अनुमानितभन्दा निकै कम लागतमा जीर्णोद्धार

भक्तपुर – भक्तपुरको टौमढीस्थित पाँचतले मन्दिरअगाडिको भैरवनाथको मन्दिरको जीर्णोद्धार लागत अनुमानभन्दा निकै कममा सम्पन्न भएको छ । भक्तपुर नगरपालिकाले मन्दिर जीर्णद्धारका लागि १ करोड ४६ लाख ३६ हजार ७ सय ४५ रुपैयाँ १३ पैसा लाग्ने अनुमान गरेको थियो । तर सो अनुमानभन्दा निकै कम रकम ५० लाखमै पुननिर्माण सकिएको जनाइएको छ ।

भैरवनाथ मन्दिर जीर्णोद्धार सहयोग उपभोक्ता समितिका अध्यक्ष न्हुँछेराम भेलेले जनताको सहयोगले यो सम्भव भएको बताए । निकै कम खर्चमा जीर्णोद्धार हुनुको कारण स्थानीयबाट सकेको सहयोग पाउनु रहेको भेलेले बताए । स्थानीयको आर्थिक तथा श्रम सहयोगका कारण लागतभन्दा कममा मन्दिरको जिर्णोद्धार सम्भव भएको उनको भनाइ छ । जनताबाट मुछिएको माटो पाँच टिप, लामो बाँस ५२ वटा, झिँगटी ईँटा २८ हजारवटा, सानो गजुर तीनवटा र डम एउटा सहयोग पाइएको उनले बताए । जिन्सी सामानका साथै आर्थिक सहयोगसमेत ४ लाख ५० हजार रुपैयाँ संकलन भएको उनले बताए । यही आर्थिक सहयोगबाट नै भैरवनाथ मन्दिरको रङरोगन गरिएको उनले सुनाए ।



‘यति कम रकममा मन्दिरको जीर्णोद्धार हुनुको मुख्य कारण उपभोक्ता समितिबाट राम्ररी काम सम्पन्न हुनु हो । सायद ठेक्कामा दिएको भए यति कम रकमबाट काम सकिने थिएन,’ उनले भने । भैरवनाथको जीर्णद्धारको लागि करिब २ हजारजना श्रममा लागेको उनले बताए । मन्दिर जीर्णोद्धारका लागि स्थानीय तथा भक्तपुरवासीले विभिन्न सहयोग गरेको उनले बताए । जनताले श्रमका साथ अन्य विभिन्न सहयोग गरेका कारण कममा काम भएको उनी सुनाउँछन् । जीर्णद्धारका क्रममा भैरवनागको माथिल्ला तलामा भित्री काम, काठको काम, झ्याल जडानलगायत सम्पन्न गरिएको बताइएको छ । पहिलो र दोस्रो तलामा झिँगटी ईँटाको छानो लगाइएको छ ।

भैरवनाथ मन्दिरको जीर्णोद्धारको काम २०७५ असोज २ गते सुरु गरिएको थियो । २०७६ असार मसान्तमा भैरवनाथको बाहिरी भागमा छानो लगाउने काम सम्पन्न भएको हो । पाँचतल्ले मन्दिरजतिकै ठूलो यो मन्दिरलाई २०७२ सालको भूकम्पले क्षति पुऱ्याएको थियो ।

*स्रोतः नागरिक दैनिक, १० साउन २०७६*

# विद्यार्थीहरू राजनीतिक दर्शन र सिद्धान्तबारे जानकार हुनुपर्ने




ख्वप मावि तथा शारदा क्याम्पस माविमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको भेला नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा साउन ११ गते सम्पन्न भयो ।

भेलामा अध्यक्ष बिजुक्छेंले शिक्षकहरूले विद्यार्थीहरूको पारिवारिक र व्यक्तिगत तहसम्म जानकारी राख्नुपर्ने आवश्यकता औँल्याउँदै पढाउने पाठको तयारी गरेरमात्र कक्षा लिन शिक्षकहरूलाई सुझाव दिनुभयो ।

'जीवनमा राम्रो गरौँला, देशको इज्जत राखौँला भन्ने भावना लिई काम गर्नुपर्छ । परीक्षाकेन्द्रित दृष्टिकोणले मात्र पढाउने नभई तुलनात्मक अध्ययन र अन्तरक्रियामा जोड दिई शिक्षकहरूले अध्यापन गर्नुपर्छ ।' अध्यक्ष बिजुक्छेंले भन्नुभयो ।

कमजोर विद्यार्थीको लागि विशेष कक्षा सञ्चालन गर्न सुझाव दिँदै उहाँले परीक्षालाई मर्यादित बनाउनुपर्ने र अध्ययन/मेहनत गरेरमात्र उत्तीर्ण हुने भावना जगाउने वातावरण तयार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छेंले भन्नुभयो, 'विद्यार्थीहरूको मनमा कहिल्यै विकृतिको भावना नआउने गरी शिक्षकहरूले पढाउन सक्नुपर्छ । बोली, वचन र व्यवहार प्रतिष्ठाको विषयको भएकोले शिक्षक तथा कर्मचारीहरूले बोली-व्यवहार शिष्ट हुनुपर्छ ।'

राजनीतिबारे सबैले जानकारी राख्नुपर्छ, राजधानीमा बस्नेले अझ बढी राजनीति बुझ्नुपर्छ । विभिन्न राजनीतिक दर्शन र सिद्धान्तका राम्रा र नराम्रा पक्षबारे विद्यार्थीहरूलाई जानकारी गराउनु आवश्यक छ, उहाँले भन्नुभयो ।

ठूला भनिने पार्टीहरूले अपराधीहरूलाई जोगाउने काम गरिरहेको हुँदा देश अहिलेको स्थितिमा पुगेको अध्यक्ष बिजुक्छेंले बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल मजदुर किसान पार्टीको चुनावी घोषणापत्रअनुसार भनपाले विद्यालय/कलेजहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

"प्राध्यापन पेशा प्रतिष्ठित पेशा भएकोले शिक्षकहरूको व्यवहार पनि सोहीअनुसार हुनुपर्छ", उहाँले भन्नुभयो ।

"विकृति र विसङ्गतिबाट विद्यालयलाई टाढा राख्नुपर्ने र देशभरिकै विद्यार्थीको विश्वास जित्न विद्यालयले बढी अझ मेहनत गर्नु आवश्यक छ । गुणस्तर वृद्धि र अन्तर्राष्ट्रियरूपमा प्रतिस्पर्धा गर्न सक्ने विद्यार्थी तयार गर्न विद्यालयले ध्यान दिनुपर्छ ।" प्रमुख प्रजापतिले जोड दिनुभयो ।

"देशको आवश्यकताअनुसार विविध विषयमा अध्ययन गर्न शिक्षकहरूले विद्यार्थीहरूलाई उत्प्रेरणा दिइरहनुपर्छ, उहाँले सुझाव दिनुभयो ।

ख्वप कलेजका प्राचार्य रूपक जोशीले शिक्षकहरूमा राम्रो सञ्चार र गुनासो सुन्ने क्षमता हुनु आवश्यक छ भन्नुभयो ।

ख्वप माविका प्राचार्य प्रकाश कुमार श्रेष्ठले शिक्षाको महत्त्वलाई ध्यान दिई नगरपालिकाले ख्वप माविलगायतका शैक्षिक संस्था सञ्चालन गरिरहेको हुँदा नगरपालिकाले लिएको उद्देश्य पूरा गर्नमा शिक्षक तथा कर्मचारीबाट सहयोग हुने आशा व्यक्त गर्नुभयो ।

ख्वप माविको सफलता भनेको सामूहिक भावना र सञ्चालक समितिको निर्देशन नै हो, उहाँले भन्नुभयो ।

कार्यक्रमा ख्वप माविका उपप्राचार्यद्वय लक्ष्मीप्रसाद कर्माचार्य र विष्णुप्रसाद किसी र शिक्षक गोकर्ण दुलालले पनि बोल्नुभएको थियो ।



# तीन दिने कौसी खेती तालिमको उद्घाटन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले साउन १७ गते भक्तपुर नपा वडा नं. ९ को आयोजनामा भएको वडाबासीहरूलाई तीन दिने कौसीखेती तालिमको उद्घाटन गर्नुभयो ।



भक्तपुर नगरपालिकाको विकास निर्माण कार्यबारे जानकारी गराउनुहुँदै प्रमुख प्रजापतिले हातमा सीप भएको व्यक्तिले कसैको अगाडि झुक्न नपर्ने र कहिल्यै भोको बस्न नपर्ने हुँदा युवाहरूलाई हातमा सीप दिन नगरपालिकाले विभिन्न तालिमहरूको आयोजना सञ्चालन गरिरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले फोहरमैला व्यवस्थापनको दीर्घकालीन समाधानको लागि विशेषज्ञहरूको टोलीले अध्ययन अनुसन्धानबाट सरसफाइ कार्य व्यवस्थित भइरहेको र घर-घरबाट संकलित फोहरलाई घरमै कम्पोष्ट बनाउने प्राविधिको प्रयोगमार्फत् फोहर मैला व्यवस्थापन गर्ने योजनामा नगरपालिका रहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नकुहिने फोहरलाई पनि व्यवस्थित रूपमा संकलन गरिए पुन:प्रयोग गर्न सकिने र भक्तपुर नगरको सरसफाइ कार्यमा नगरबासीहरूको साथ र सहयोगको आवश्यकता औंल्याउनुभयो ।

भक्तपुर नगरपालिका कार्यपालिका सदस्य छोरीमैयाँ सुजखुले कौसीखेती तालिमको उद्देश्यबारे प्रस्ट पार्नुहुँदै घर-घरबाटै कुहिने र नकुहिने फोहर छुट्याएर दिएमा फोहर व्यवस्थापन सजिलो हुने बताउनुभयो ।

कार्यक्रममा कौसी खेती तालिमका प्रशिक्षक शेषनारायण महर्जन, स्वयम्सेविका परिचालन समितिका अध्यक्ष सन्तेमाया गाइँजु र समितिका सदस्य दयालक्ष्मी प्रजापतिले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो । कौसी खेती तालिम साउन १७, १८ र १९ गतेसम्म सञ्चालन हुने आयोजक समितिले जनाएको छ ।

# सरकारको व्यवहार संविधान र कानुनसम्मत हुनुपर्ने : प्रमुख प्रजापति

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा साउन १७ गते आर्थिक वर्ष २०७५/७६ मा भक्तपुर नपा वडा नं. १० मा भए/गरेका कार्यहरूको प्रगति विवरण वडाबासीहरूलाई जानकारी दिने कार्यक्रम सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाको शिक्षा, स्वास्थ्य, सरसफाइ र विकास निर्माण कार्यबारे अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले सांस्कृतिक नगरको सुन्दरता कायम गर्न नगरपालिकाले सरसफाइ र सम्पदा संरक्षणलाई महत्त्व दिइरहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले समायोजनमा खटाइएका कर्मचारीहरूलाई स्थानीय तहले हाजिर नगराएमा अनुदान रोक्का गर्ने, बैंक खाता रोक्ने जस्ता धम्की संघ सरकारको व्यवहार संविधान र कानुनसम्मत नभएको बताउनुभयो ।

नगरपालिकाका नीति नियमहरू नगरबासीहरूकै हितमै बन्ने गरेको र जनताको बीचबाट आएका सुझावहरूलाई नगरपालिकाले रचनात्मक ढंगले आत्मसात गर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले नक्सा पासबमोजिम पुरानो शैलीमा घर तथा भवन निर्माण गर्न उत्साहित गर्नुभयो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले वडा नं. १० को प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै आगामी आ.व. २०७६/७७ को लागि ५० लाख बजेट विनियोजन भएको जानकारी गराउनुभयो ।

पूर्ववडाध्यक्ष चन्द्रबहादुर उलकले आफ्नो अनुभवहरू सुनाउनुहुँदै अस्वस्थ खानपान र मिसावट भएका खानेकुरा सेवनका कारण विभिन्न रोगको जोखिम बढिरहेको बताउनुभयो ।

कार्यक्रममा वडा सदस्यद्वय ज्ञानकुमार मगजु र जितेन्द्र मुनंकर्मी, वडा सचिव गोविन्दराम थुसाले पनि बोल्नुभएको थियो ।

# गाईजात्रा प्रदक्षिणा मार्गमा तारहरू व्यवस्थित गरिने



२०७६ सालको गाईजात्रा पर्व (सापारु) व्यवस्थित र भव्यताकासाथ सम्पन्न गर्न गाईजात्रा प्रदक्षिणा मार्गमा रहेका विद्युत, टेलिफोन, केबुल र इन्टरनेटका तारहरू व्यवस्थित गर्न भक्तपुर नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा सरोकारवालाहरूको साउन १६ गत भनपामा बैठक बस्यो ।

बैठकले नगरका विभिन्न क्षेत्र र गाईजात्रा प्रदक्षिणा मार्गमा रहेका अव्यवस्थित तारहरूलाई सम्बन्धित सेवा प्रदायकहरूले आफै व्यवस्थापन गर्ने, गाईजात्रा पर्वको समयावधिमा जात्रा संचालन हुने नगरको पुरानो क्षेत्रहरूमा ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउने र सो कार्यको लागि सरोकारवालाहरूको सहभागितामा २०७६ श्रावण २१ गते गाईजात्रा प्रदक्षिणा मार्ग र जात्रा सञ्चालन हुने क्षेत्रहरूमा निरीक्षण गर्ने र विद्युत, टेलिफोन, केबल नेटवर्क र इन्टरनेट सेवा सम्बन्धी तारहरू व्यवस्थित गर्न भ.न.पा. वडा नं. ९ का वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वको संयोजकत्वमा सरोकारवालाहरू सम्मिलित दश जनाको कार्यदल गठन गरी व्यवस्थापनको जिम्मा दिने निर्णय गरियो ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर–२

### गाईजात्रा रूटमा निर्माण सामग्री व्यवस्थापनसम्बन्धी सूचना

विगत वर्षझैं यस वर्ष पनि गाईजात्रा पर्व (सापारू) २०७६ को उपलक्ष्यमा साउन ३१ गतेदेखि परम्परागत र आधुनिक सांस्कृतिक विधाहरू तथा घिन्ताङ्घिसि प्रदर्शन गर्ने भएको हुँदा घिन्ताङ्घिसि प्रदर्शनी हुने मार्ग र चोकहरूमा भग्नावशेष एवम् निर्माण सामग्री नराख्नुहुन नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक अनुरोध गर्दछु । साथै सडक, चोक र गल्लीहरूमा आवतजावत गर्न तथा सरसफाइ, खानेपानीलगायत एम्बुलेन्स र दमकलजस्ता आपतकालीन सेवा पुऱ्याउनसमेत बाधा नहुने गरी आ–आफ्ना निर्माण सामग्रीहरू हटाइदिनुहुनसमेत सम्पूर्ण नगरबासीहरूमा हार्दिक अनुरोध गर्दछ ।

# झापा कन्काईका प्रमुख राजेन्द्र पोखरेल भक्तपुर नगरपालिकामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग साउन १५ गते झापा जिल्ला कन्काई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेलले भेट गर्नुभयो । भेटका क्रममा दुई नगरपालिकाका प्रमुख बीच नगरपालिका सञ्चालन, नगरपालिकाको आगामी योजनालगायत विभिन्न विषयमा अनुभवको विषयमा कुराकानी आदानप्रदान भयो ।

भेटमा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको स्वामित्वमा ७ वटा कलेज र एउटा माध्यमिक विद्यालय सञ्चालन भइरहेको जानकारी गराउनुहुँदै सीटीईभीटीबाट मान्यताप्राप्त ख्वप बहुप्राविधिक अध्ययन संस्थानबाट हेल्थ एसिसटेन्ट र आर्किटेक्चर विषय सञ्चालनबारे छलफल भइरहेको बताउनुभयो ।

नगरपालिकाले सञ्चालन गरिरहेका कलेजहरूमा देशभरिका विद्यार्थीहरूले सस्तोमा गुणस्तरीय शिक्षा प्राप्त गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले गरिब तथा जेहेनदार विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था गरेको र नगरभित्रका सबै विद्यालयमा कक्षा १, २, ६ र ७ को स्थानीय पाठ्यक्रम लागु गरी विद्यालयस्तरबाटै स्थानीय भूगोल, राजनीति, कला–संस्कृति, सम्पदाबारे बुझाउने प्रयास गरिरहेको जानकारी गराउनुभयो ।

भक्तपुर नगरपालिकाको आम्दानीको स्रोत स्थानीय जनताको कर र पर्यटन भएको चर्चा गर्नुहुँदै भक्तपुर नपाले २ वटा आवास योजना सञ्चालन गरिरहेको, ख्वप अस्पताल निर्माणाधीन अवस्थामा रहेको र नगरभित्रको खानेपानी समस्या व्यवस्थापनको लागि विभिन्न ठाउँहरूमा डीप बोरिङ गरी पानी ट्यांकी निर्माण गरिरहेको बताउनुभयो ।

भेटमा कन्काई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेलले कन्काइ नगरपालिका नयाँ नगरपालिका भएको, भक्तपुरको विकासबारे आफूहरूले पनि सिक्न चाहेको र यहाँको विकास निर्माणका कार्य सिंगो देशको लागि उदाहरणीय रहँदै आएको बताउनुभयो । उहाँले कन्काई नगरपालिकाले सीटीईभीटीबाट मान्यताप्राप्त गरी पोलिटेक्निक कलेज सञ्चालनको तयारी गरिरहेको उल्लेख गर्नुहुँदै कन्काई नपामा पर्यटन व्यवसायको सम्भावना प्रशस्त रहेको बताउनुभयो ।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी, प्रशासकीय अधिकृत दामोदर सुवाललगायत उपस्थित हुनुहुन्थ्यो ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर–२

## श्रव्य–दृश्य वृत्तचित्र प्रतियोगितासम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको मौलिक पहिचान झल्किने कला, संस्कृति, सम्पदा, रहनसहन, शिल्प, शिक्षा, स्वास्थ्य र सरसफाइबारे श्रव्य–दृश्य वृत्तचित्र प्रतियोगिता हुने भएकोले सम्पूर्ण नगरवासीहरूलाई मिति २०७६ भाद्र १५ गतेभित्र श्रव्य–दृश्य वृत्तचित्र (Documentry) बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वृत्तचित्रसम्बन्धी नियमहरू तपसिलअनुसार रहने छन्:**

१) भक्तपुरको मौलिक पहिचान झल्किने कला, संस्कृति, सम्पदा, रहनसहन, शिल्प, शिक्षा, स्वास्थ्य र सरसफाइबारे वृत्तचित्र बनाउनुपर्ने छ ।
२) वृत्तचित्रको समायावधि अधिकत्तम ५ मिनेटसम्मको हुनुपर्ने छ ।
३) वृत्तचित्र नेपाली, अङ्ग्रेजी वा नेवारी भाषामा हुनुपर्ने छ । Caption भने अङ्ग्रेजी भाषामा हुनुपर्ने छ ।
४) सहभागिता शुल्क रु. १००।– (एक सय) कर शाखामा दस्तुर तिरी दर्ता गर्नुपर्ने छ ।
५) **बृत्तचित्र बुझाउने स्थान : भ.न.पा. प्रशासन शाखा ।**

# शिशुस्याहारका शिक्षिकाहरुलाई पुनर्ताजगी तालिम

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहारका शिक्षिकाहरूलाई जनताको विश्वास कायम गर्ने ढंगले काम गर्न प्रेरित गर्नुभयो ।



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ६ वटा शिशुस्याहारका शिक्षिकाहरूको पुनर्ताजगी तालिमको साउन १२ गते उद्घाटन समारोहमा बोल्नुहुँदै प्रमुख प्रजापतिले शिशुहरूलाई असल संस्कार दिनुपर्ने र शिशुहरूको नराम्रो र अवाञ्छित क्रियाकलापमा नियन्त्रण गर्नुपर्ने बताउनुभयो ।

उहाँले नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहारलाई नमुनाको रूपमा विकास गर्ने उद्देश्यले विभिन्न तालिम सञ्चालन गरेको बताउनुहुँदै शिक्षिकाहरूलाई समयअनुसारका नयाँ नयाँ घटना–परिघटनाबारे अपडेट भइरहनुपर्ने र शिशुहरू बस्ने ठाउँको सरसफाइ, अनुशासन र स्वस्थ आहारमा ध्यान पुऱ्याउनुपर्नेमा जोड दिनुभयो ।

कर्मचारीहरूले कार्यालयको आचारसंहिताबारे पनि जानकारी राख्नुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले शिशुहरूलाई भविष्यका योग्य नागरिकको रूपमा तयार गर्ने व्यापक दृष्टिकोणले आफ्नो कर्तव्य पूरा गर्न मार्गनिर्देशन दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व र वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, शिशुस्याहार तथा समाजकल्याणका शाखा प्रमुख दिपेन्द्र प्रजापतिको उपस्थिति रहेको थियो । कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले प्रशिक्षकलाई तालिमको सामग्री हस्तान्तरण गर्नुभएको थियो ।

## भक्तपुर नपाद्वारा सृजनानगरको सडक पेटीमा वृक्षारोपण



भनपा वडा नं. १ स्थित सृजनानगर सडक पेटीमा साउन १४ गते वृक्षारोपण गर्नुहुँदै भनपा प्रमुख सुनिल प्रजापति, वडा नं. १ का अध्यक्ष श्यामकृष्ण खत्रीलगायत ।

# गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई रू. २० लाख बराबरको छात्रवृत्ति वितरण




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको विभिन्न संकायमा अध्ययनरत गरिब तथा जेहेनदार विद्यार्थीहरुलाई साउन १२ गते छात्रवृत्ति वितरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीको शैक्षिक क्षमता र पारिवारिक आर्थिक स्थितिलाई मध्यनजर गरी कलेज व्यवस्थापन समितिले छात्रवृत्तिको व्यवस्थापन गरेको बताउनुभयो ।

उहाँले विद्यार्थीहरुलाई अध्ययनसँगसँगै अनुशासित भई कलेजका विभिन्न गतिविधिमा सक्रिय भई अब्बल रुपमा प्रस्तुत हुनुपर्ने र इन्जिनियरिङ अध्ययन गरी देशको विकास निर्माणमा इमानदार भएर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कलेज व्यवस्थापन समितिका उपाध्यक्ष एवम् भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले कलेजमा अध्ययनरत विद्यार्थीहरुलाई इन्जिनियरिङ क्षेत्रबाट समाजको सेवा गर्न आह्वान गर्नुभयो । उहाँले देश र समाज निर्माणको निम्ति योग्य इन्जिनियर र आर्किटेक्टको आवश्यकता भएको र अनुसन्धानकर्ताको रुपमा कार्य गर्न विद्यार्थीलाई मार्गनिर्देशन गर्नुभयो ।

कलेज व्यवस्थापन समितिका सदस्य एवम् भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले कलेज स्थापनाको उद्देश्य भक्तपुरमा कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान रहेको बताउनुहुँदै विद्यार्थीहरुलाई व्यक्तिवादी चिन्तनबाट मुक्त भइ समाज निर्माणको निम्ति महत्त्वपूर्ण योगदान पुर्‍याउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल, ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य रबिन्द्र फाँजु र राजन जतिले पनि बोल्नुभएको थियो ।

उपप्रमुख रजनी जोशीले ख्वप इ. कलेजका १८ जना र ख्वप कलेज अफ इ. का १४ जना गरी ३२ जनालाई रु. २० लाख बराबरको छात्रवृत्ति प्रदान गर्नुभयो ।

# भक्तपुर नगरपालिकामा ग्लोबल पाठशालाका विद्यार्थीहरूको अध्ययन-अवलोकन भ्रमण

भक्तपुर नगरपालिकामा साउन १२ गते कौशलटारमा अवस्थित ग्लोबल पाठशालामा कक्षा ६ र ७ मा अध्ययनरत विद्यार्थीहरूले अध्ययन अवलोकन भ्रमण गर्‍यो ।

अवलोकनका क्रममा विद्यार्थीहरूले भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीसँग अन्तरक्रिया गरे ।

प्रमुख सुनिल प्रजापतिले विद्यार्थीहरूलाई नगरपालिकामा स्वागत गर्नुहुँदै भक्तपुर नगरपालिका भक्तपुरबासीहरूको नजिकको सरकार भएको र जनताको समस्या सम्बोधन गर्न अग्रसर भइ कार्य गरिरहेको जानकारी गराउनुभयो ।



भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरको परिचय, नगरपालिकामा भइरहेका विकास निर्माण र विभिन्न गतिविधिहरूबारे अवगत गराउनुहुँदै भक्तपुर नगरपालिकामा प्राकृतिक स्रोत अभाव भए पनि सांस्कृतिक र ऐतिहासिक महत्त्व बोकेको देशको उत्कृष्ट पर्यटकीय गन्तव्यस्थल भएको बताउनुभयो । भक्तपुर नगरपालिकाले नगरसभाहरू व्यवस्थित रूपमा सञ्चालन गरिरहेको र नगरभित्र सुविधासम्पन्न ख्वप अस्पतालको निर्माण कार्य भइरहेको जानकारी गराउनुभयो ।

अध्ययन भ्रमणमा आएका ३५ जना विद्यार्थीहरूले भक्तपुर नगरपालिकाको प्रमुखज्युको सचिवालय, प्रशासन शाखा, नक्सा शाखा, कर शाखा, मुद्दा शाखा, श्यानिटेशन शाखा, लेखा शाखा, शिशुस्याहार तथा समाज कल्याण शाखा, सहकारी शाखा, योजना शाखा, दर्ता शाखालगायतका विभिन्न शाखा उपशाखाहरूको स्थलगत अवलोकन गरी शाखागत जानकारी प्राप्त गरे ।

# oJfx¿sf]xftdf ;Lk lbg ljleGg ;Lkd'ns tflnd ;~rfng



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा भक्तपुर हस्तकला संघद्वारा साउन ११ गते आयोजित १५ दिने निःशुल्क छ्वालीकला तालिमको समापन, सम्मान तथा एकदिने हस्तकला प्रदर्शनी कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले हातमा सीप भएको व्यक्ति कहिल्यै भोको बस्नु नपर्ने र भक्तपुर नगरपालिकाले नगरका युवाहरूको हातमा सीप दिन विभिन्न तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

कलाकारहरूले नयाँ पुस्ता तयार गर्नेतर्फ जोड दिनुपर्ने औंल्याउनुहुँदै प्रमुख प्रजापतिले नेपाल भ्रमण वर्ष २०२० लाई सहयोग पुऱ्याउन भक्तपुर नगरपालिकाले यसै वर्ष भक्तपुर महोत्सव गर्ने तयारी गरिरहेको र भक्तपुरमा पर्यटकको बसाइँ लम्ब्याउने योजनाहरूलाई प्राथमिकताका साथ अगाडि सारिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले युवा र महिलाकेन्द्रित तालिमहरू सञ्चालन गर्दै आएको बताउनुहुँदै उहाँले काठमाडौंको रानीपोखरी पुनःनिर्माणमा भक्तपुर नपाले प्राविधिक सहयोग गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर हस्तकला संघका कार्यकारी अध्यक्ष रमेश प्रधान, नेपाल हस्तकला महासंघका उपाध्यक्ष दिपेन्द्र शाक्य, उद्योग वाणिज्य संघका राजुमृगेन्द्र जोशी, भक्तपुर घरेलु तथा साना उद्योगका अध्यक्ष बिरेन्द्र जति, नेपाल सेरामिक्स संघका निवर्तमान अध्यक्ष दिलकृष्ण प्रजापति, प्रशिक्षक सीताराम गोसाइँ, प्रशिक्षार्थीको तर्फबाट सिताराम दिदिया, भक्तपुर हस्तकला संघका संयोजक शम्भु श्रेष्ठलगायतले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले अग्रज कलाकार पूर्णलाल कुचुमनीलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो भने प्रशिक्षक र प्रशिक्षार्थीलाई प्रशंसा पत्र प्रदान गर्नुभयो । कार्यक्रममा विभिन्न हस्तकलाका सामाग्रीहरू प्रदर्शनीमा राखिएको थियो ।

# भक्तपुर नगरपालिकामा अपांगता भएका व्यक्तिहरूलाई रातो र निलो परिचय पत्र वितरण सुरू




स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाले साउन १० गतेदेखि भक्तपुर नगरभित्रका अपांगता भएका व्यक्तिहरूलाई रातो र निलो रंग परिचय-पत्र वितरण सुरू गरेको छ ।

भक्तपुर नगरपालिकाले शुक्रबार आयोजना गरेको परिचय पत्र वितरण कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाले अपांगता भएका व्यक्तिहरूलाई पनि प्राथमिकतामा राखी समान ढंगले हेर्दै आएको उल्लेख गर्नुभयो । उहाँले नगरपालिकाभित्रका सरकारी संघ-संस्था, पोखरीहरू र पार्कहरूलाई अपांगमैत्री बनाउने उद्देश्यले काम गरिरहेको बताउनुभयो ।

अपांगता कसैको रहरले हुने होइन भन्नुहुँदै प्रमुख प्रजापतिले जन्म, वंश र दुर्घटनाका कारण

# सरकारले समाजवादउन्मुख शिक्षा नीतिमा जोड दिनुपर्ने




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले साउन १० गते संस्थागत विद्यालय संघ नेपाल (इसान) को आयोजना भएको सामाजिक विषयमा आधारित एकदिने कार्यशाला गोष्ठीको उद्घाटन गर्नुभयो ।

प्रमुख प्रजापतिले तालिमको सफलताको कामना गर्नुहुँदै शिक्षालाई व्यापारको रूपमा नभई सेवाको रूपमा विकास गर्नुपर्ने र सरकारले समाजवादउन्मुख शिक्षा नीति अवलम्बनमा जोड दिनुपर्ने बताउनुभयो ।

सरकारले शिक्षा क्षेत्रमा अरबौं रूपैयाँ लगानी गरिरहे पनि सामुदायिक विद्यालयको शैक्षिक स्तर घटिरहनुमा सरकार नै दोषी भएको उहाँले बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालयको लथालिङ्ग स्थितिले पनि देशको शैक्षिक स्थिति खस्किँदै गएको प्रस्ट भएको औंल्याउनुहुँदै प्रमुख प्रजापतिले त्रिविमा भएको अनियमितता र घुस प्रकरणले प्राज्ञिक संस्थाहरूमा व्यापारिक सोच भएका व्यक्तिहरू हावी हुनु निन्दनीय भएको उल्लेख गर्नुभयो ।

हाम्रो शिक्षा विदेशको सेवाको निम्ति भन्दा आफ्नै देश विकासको निम्ति हुनुपर्ने बताउनहुँदै उहाँले देशको सार्वभौमिकता रक्षा गर्ने जनशक्ति तयार गर्नुपर्ने बताउनुभयो । योग्य र इमानदार व्यक्तिहरू राजनीतिमा आउनुपर्ने बताउनुहुँदै प्रमुख प्रजापतिले देशको नेतृत्व सम्हाल्ने युवा शक्ति तयारमा कलेज तथा विद्यार्थीहरूले जोड दिनुपर्ने र विद्यार्थीहरूलाई देश र समाजको निम्ति काम गर्न उत्साहित गर्दै लानुपर्ने बताउनुभयो ।

संस्थागत विद्यालय संघ नेपाल (इसान) का अध्यक्ष प्रेमजन थापाले सामाजिक शिक्षा समाजसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषय भएकोले सामाजिक शिक्षा अध्यापन गराउने शिक्षक–शिक्षिकाहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक अवस्थाबारे जानकार हुनुपर्ने बताउनुभयो । कार्यक्रममा इसानका महासचिव पुरुषोत्तम ग्वाछाले पनि बोल्नुभएको थियो ।

---

➲➲ भएका अपांगहरूले आफूमा भएका क्षमतालाई फरक ढंगले प्रस्तुत गरी समाजको निम्ति उदाहरणको रूपमा काम गर्न हौसला प्रदान गर्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख एवम् अपांगता परिचय पत्र वितरणसम्बन्धी अस्थायी समन्वय समितिका संयोजक रजनी जोशीले भक्तपुर नगरपालिकाले अपांगता भएका व्यक्तिहरूको वृत्तिविकासको लागि रु. १५ लाख बजेट विनियोजन गरेको जानकारी गराउनुभयो । भक्तपुर नगरपालिकाले अपांगता भएका व्यक्तिहरूको लागि निःशुल्क स्वास्थ्य जाँच, आर्थिक सहुलियत, अपांगतता भएका व्यक्तिहरूको लागि आवश्यक सहायक सामग्रीको लागि बजेट व्यवस्थापन तथा ब्रेल लिपी पाठ्यपुस्तक उपलब्धता, घुम्ती शिविर सञ्चालनलगायतका कार्यहरू गर्दै आएको स्पष्ट पार्नुभयो । उहाँले शारीरिक रूपमा अशक्त व्यक्तिहरूको लागि नेपाल सरकारले अपुग बजेट छुट्याएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारीले राज्यले अपांगता भएका व्यक्तिहरूको समस्या पहिचान गरी उनीहरूलाई क्रियाशील बनाइराख्ने कार्यक्रमहरू ल्याउनु आवश्यक भएको बताउनुभयो ।

महानगरीय प्रहरी भक्तपुरका डीएसपी रेवतीरमण रेग्मीले अपांगता भएका व्यक्तिहरूलाई पनि सामान्य व्यक्तिलाई जस्तै व्यवहार गर्नुपर्ने र नागरिकले पाउनुपर्नेपर्ने सुविधाहरू पाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री र कार्यपालिका सदस्य रोशनमैया सुवालले पनि बोल्नुभएको थियो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले पूर्ण अशक्त (रातो कार्ड) ६० जनालाई र अति अशक्त (निलो) कार्ड १४५ जना गरी २०५ जनालाई परिचय पत्र वितरण गर्नुभयो । पहेँलो (मध्यम अपांग) र (सेतो) सामान्य अपांग भएकाहरूलाई वडा कार्यालयबाट नै परिचत्रपत्र वितरण गरिनेछ ।

# फोटोग्राफी तालिमको प्रमाणपत्र वितरण

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यतामा साउन ३ गते भक्तपुर नगरपालिकाद्वारा सञ्चालित १० दिने फोटोग्राफी तालिमको समापन तथा प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै सांसद सुवालले फोटोग्राफी तालिमप्राप्त प्रशिक्षार्थीले समाजको इतिहास निर्माणको निम्ति काम गर्न शुभकामना दिनुहुँदै फोटोग्राफीले कुनै समाज वा ठाउँको इतिहास र सभ्यतालाई जीवन्त बनाउन सहयोगी भूमिका खेल्ने बताउनुभयो ।

दरबार क्षेत्रमा अवस्थित भक्तपुर नगरपालिकाको पुरानो भवन जीर्णोद्धार गर्न पुराना प्रमाण भेटाउन नसक्दा सो भवन निर्माणमा ढिलाइ भइरहेको बताउनुहुँदै सांसद सुवालले फोटाग्राफीमा आबद्ध प्रशिक्षार्थीहरूलाई ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेका सम्पदा र सार्वजनिक तथा पर्तीजग्गाहरूको अभिलेखीकरण राख्नुपर्नेमा जोड दिनुपर्ने बताउनुभयो ।

उहाँले युवा जनशक्तिलाई सही ढंगले प्रयोग गर्न नसके युवाहरू विकृति र कुलतमा फस्ने सम्भावना भएको हुँदा नयाँ पुस्ताका युवाहरूलाई पनि विभिन्न रचनात्मक गतिविधिमा संलग्न गराइराख्नुपर्नेमा जोड दिनुभयो ।

अन्तर्राष्ट्रिय मापदण्डविपरीत बनेका भारतीय बाँध र तटबन्धका कारण तराईमा बाढी र डुबानको समस्या भएको बताउनुहुँदै सांसद सुवालले संसदमा विचाराधीन परमाणु र रेडियोधर्मी विधेयकको सत्यतथ्यबारे नेपाली जनता प्रस्ट हुनुपर्ने बताउनुभयो । उहाँले रामदेवको योग विज्ञानसम्मत नभएको प्रस्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले फोटोग्राफरले फोटो के हो र कसको निम्ति खिचिने हो भन्ने कुरामा स्पष्ट हुनुपर्ने बताउनुहुँदै देशको भविष्य युवाहरूको हातमा भएको बताउनुभयो ।

कृषि प्रधान देशले करोडौं रूपैयाँको खाद्यान्न आयात गरिरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले सरकारको अदुरदर्शी नीतिले देश पछाडि परेको बताउनुभयो ।

दरबारको मान्छे सडकमा पुऱ्याउने र सडकको मान्छे दरबारमा पुऱ्याउनमा फोटोग्राफीको हात हुने बताउनुहुँदै उहाँले भाषाको विकास हुनु अगाडि चित्रको विकास भएको हुँदा फोटोग्राफीलाई इतिहास र समाजको ऐनाको रूपमा ब्याख्या गर्नुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले नगरपालिकाद्वारा सञ्चालित विभिन्न तालिमहरूमा युवाहरूको सक्रिय सहभागिता रहेको उल्लेख गर्नुहुँदै फोटोग्राफीको पहिलो पक्ष अभिलेखीकरण भएको बताउनुभयो ।

फोटोग्राफीले समाजको सकारात्मक पक्ष उजागर गर्न मद्दत पुग्ने विचार भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले राख्नुभयो ।

फोटोग्राफी तालिमका प्रमुख प्रशिक्षक शरद राइले भक्तपुरको प्राचिन इतिहास खोतल्न भक्तपुरका पुराना फोटोग्राफरहरूलाई अगाडि ल्याउन आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व र प्रशिक्षार्थीको तर्फबाट प्रवीणा सुजखुले पनि बोल्नुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि सांसद प्रेम सुवालले फोटोग्राफी तालिमका प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र दिनुभयो । भक्तपुर नपा प्रमुख सुनिल प्रजापतिले प्रशिक्षक शरद राईलाई मयुर झ्याल मायाको चिनो प्रदान गर्नुभएको थियो ।



sfo{qmdsf cltlyx¿ ;F;fdlxs km]6f]v|fkm/x¿ tflndsf k|lzIffyL{x¿



# प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिको टोली भक्तपुरको बाढी प्रभावित क्षेत्रको स्थलगत अवलोकनमा

प्रतिनिसभा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति शशी श्रेष्ठको नेतृत्वमा आएको टोलीले साउन २ गते भक्तपुरको भाज्या पोखरी, मंगलतीर्थ र हनुमन्ते खोलाको स्थलगत निरीक्षण गर्नुभयो । २०७६ असार २६ गतेदेखि २८ गतेसम्म परेको अविरल वर्षाका कारण देशभरि पुगेको क्षति अध्ययन अवलोकनको क्रममा सो टोली आएको हो ।

राज्य व्यवस्था तथा सुशासन समितिको टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको पनि अवलोकन गर्नुभयो । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले टोलीलाई भक्तपुरमा स्वागत गर्नुहुँदै भक्तपुर नगरपालिकामा बाढीबाट भएको क्षति सम्बन्धमा ध्यानाकर्षण पत्र बुझाउनुभयो ।

भक्तपुर नगरपालिकाले भक्तपुरमा हनुमन्ते खोला र खासाङखुसुङ खोलाबाट हुने सम्भावित क्षति न्युनीकरण गर्न वर्षेनी करोडौं रुपैयाँ बराबरको खोलाको माटो झिक्ने काम गर्दै आएको प्रमुख प्रजापतिले जानकारी गराउनुभयो ।

स्थलगत निरीक्षणमा प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिका संयोजक शशी श्रेष्ठ, सदस्यहरू प्रेम सुवाल, कृष्णगोपाल श्रेष्ठ, दिलेन्द्रप्रसाद बडु, तिर्था गौतम, यशोदा सुवेदी, डिला संग्रौला, मीना पान्डे, लक्ष्मी चौधरी, छक्कबहादुर लामा, रेखा शर्मा, बृजेशकुमार गुप्त, महेश्वर गहतराज, देवेन्द्रराज कँडेल, भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी, भक्तपुर नपाका वडाअध्यक्षहरू श्यामकृष्ण खत्री, र ाजकृष्ण गोरा, प्रेमगोपाल कर्माचार्य, रबिन्द्र ज्याख्व, कुमार चवाल, उकेश कवां, भक्तपुरका प्रजिअ नारायणप्रसाद भट्ट र भक्तपुर महानगरीय प्रहरी उपरीक्षक सबिन प्रधानलगायत सहभागी हुनुहुन्थ्यो ।

प्रतिनिसभा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति शशी श्रेष्ठलाई प्रमुख प्रजापतिले अविरल वर्षाका कार ण भक्तपुरमा बाढीबाट भएको क्षति सम्बन्धमा ध्यानाकर्षण पत्र बुझाउनुभयो ।







**(प्रतिनिसभा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति शशी श्रेष्ठको नेतृत्वमा आएको टोलीलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अविरल वर्षाका कारण बाढीबाट भएको क्षति सम्बन्धमा बुझाउनुभएको ध्यानाकर्षण पत्र पूर्ण विवरणः–)**

भक्तपुर २०७६ असार २६ गतेदेखि २८ गतेसम्म परेको अविरल वर्षाका कारण देशभरि धेरै धनजनको क्षति भयो। त्यस क्रममा भक्तपुर जिल्ला पनि अछुतो रहेन।

भक्तपुरमा हनुमन्ते खोला र खासाङखुसुङ खोला गरी दुईवटा खोलाहरू बग्छन्। ती खोलाबाट हुने सम्भावित क्षति न्युनीकरण गर्न भक्तपुर नगरपालिकाले वर्षेनी करोडौं रुपैयाँ बराबरको खोलाको माटो झिक्ने काम गर्दै आएको छ। हामीलाई थाहा छ, त्यो स्थायी समाधान होइन।


जय नगरपालिका
भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
दरबारस्क्वायर, भक्तपुर
DURBAR SQUARE, BHAKTAPUR
३ नं. प्रदेश, नेपाल

Wofgfsif{f kqsf]kf08hkL

मानव निर्मित संरचनाकै कारण बाढीबाट क्षति पुगेकोबारे हामी स्पष्ट छौं। भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीस्थित पक्की पुलको तल खोलाको सतहभन्दा माथि ढलान गरेको कारण सल्लाघारीदेखि पूर्वको सिमाना जगातीसम्म खोलाको सतह माथि आएको छ भने वडा नं. १ कै मध्यपुरसँग सिमाना जोडिएको राधेराधे पुल (जस्तीके) को तल जमिनको सतह माथि आउने गरी ढुंगा र कंक्रिट बिछ्याइएको कारण खोलाकै सतह माथि आएको हो। यी प्रमुख दुई कारणबाट भक्तपुरमा बाढीबाट बढी क्षति हुने गरेको प्रस्ट पार्न चाहन्छु।

उपरोक्त सडकहरू सडक विभागअन्तर्गत पर्ने भएको हुँदा खोलाको प्राकृतिक बहाव नरोक्ने गरी ती पुलहरूमुनि ढलान गरेको हटाइ स्वाभाविक बहावमा पानी बग्न दिन संसदीय समितिका तर्फबाट सडक विभाग, भक्तपुर शाखाको नाउँमा निर्देशन गरी पाउन अनुरोध गर्दछु।

वर्षाको कारण निम्नबमोजिमको क्षति भएको विवरण माननीय सभापतिज्युसमक्ष पेश गर्दछु :–

१. भनपा वडा नं. १ स्थित करिब ८०० वर्ष अघि निर्मित भाज्या पोखरीको उत्तरतर्फको करिब ५० फिट र पश्चिमतर्फ करिब १० फिट भत्केको,
२. भनपा वडा नं. ३ बाराही स्थान भैल इयुदेखि इवामुरा अस्पतालसम्म खोलाको दायाँबायाँ जग्गामा लगाइ राखेको धान र तरकारी बाली करिब १०० रोपनी पुरिएको,
३. भक्तपुर नपा वडा नं. ३ स्थित बाराहीस्थानमा माटोले पुरिएको ठाउँमा नगरपालिकाले माटो पन्छाइ सफा गरेको, भक्तपुर नपा ३ कोलाछेँमा अविरल वर्षाको कारण ६ घर भत्किएको,
४. भनपा वडा नं. ४ स्थित राम मन्दिर परिसरमा खोला पसी निर्माणाधीन भवनमा क्षति पुऱ्याएको,
५. भनपा वडा नं. ८ स्थित १ घर भत्केको,
६. असंगाल टोलदेखि हनुमन्ते खोलासम्म करिब ३०० मिटर ग्राबिल बगाएको,
७. भनपा वडा नं. ७ हनुमानघाटमा निर्माणाधीन घाट पुरिएको र निर्माण कार्यमा सामान्य क्षति पुगेको,
८. सृजना नगर क्षेत्रमा घरभित्र पानी पसेको,
९. खासाङखुसुङ खोलामा खुपाङ्गा र न्हालेमा चाँगुनारायण नपातर्फ खोलाको बगर कटान गरी धान बाली नष्ट भएको,
१०. वन्ती खोलाको बाढी पसेर करिब १०० रोपनी बराबरको धान बाली नष्ट भएको,
११. महाकाली पीठ ढुंगेधारा पूर्वतर्फ करिब १५ मिटर जति पर्खाल भत्केको,
१२. मंगलतीर्थमा पुरातात्विक सम्पदाहरू पुरेको र बाढीले बगाएको काठजन्य वस्तुलगायतका वस्तुहरू बाराही पुलमा अड्किएर पुललाई नै क्षति पुऱ्याएको र मंगलतीर्थको दक्षिणतर्फ धान बाली नष्ट भएको,
१३. लिबाली आवास क्षेत्र पूर्वतर्फ खोलाले धार परिवर्तन गरी आवास क्षेत्रतर्फ कटान गरेको छ।

# चिनियाँ भाषा हेर्दा जटिल तर सिक्दै जाँदा सरल

-lahS5]+



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले साउन १ गते भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने तीनमहिने चिनियाँ भाषा र पाक शिक्षाको उद्घाटन एक समारोहबीच गर्नुभयो।

कार्यक्रममा अध्यक्ष रोहितले सांस्कृतिक, ऐतिहासिक र पर्यटकीय हिसाबले महत्त्वरूपूर्ण देशकै सानो नगर भएको बताउँदै भक्तपुरमा पर्यटन उद्योगको सम्भाव्यता धेरै भएको चर्चा गर्नुभयो।

पर्यटकको बसाइ लम्ब्याउन तथा पर्यटन व्यवसायलाई फस्टाउन चिनियाँ भाषा तालिम र पथप्रदर्शकलगायतका तालिमहरू उपयोगी हुने बताउँदै अध्यक्ष रोहितले चिनियाँ भाषा सँगसँगै चिनियाँ साहित्य, सभ्यता र चीनको इतिहासबारे अध्ययनमा नयाँ पुस्ताले जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

चिनियाँ भाषा हेर्दा जटिल तर सिक्दै जाँदा सरल लाग्ने भाषा भएको बताउँदै उहाँले नयाँ पुस्ताहरू आफ्नो मातृभाषाबाहेक अरु विभिन्न भाषाका तालिमहरूले व्यक्तित्व विकास गर्न सहयोगी भूमिका खेल्ने उल्लेख गर्नुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरका युवा पुस्तालाई रचनात्मक गतिविधिमा संलग्न गराउने उद्देश्यले नगरपालिकाले विभिन्न सीपमूलक तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो।

'अध्ययन अनुसन्धान तथा तालिमले नयाँ–नयाँ प्रविधिको विकासमा मद्दत पुऱ्याउने छ', प्रमुख प्रजापतिले भन्नुभयो।

भनपाका उपप्रमुख रजनी जोशीले सांस्कृतिक संरक्षण गर्नुको अर्थ मौलिकता जगेर्ना गर्नु रहेको बताउँदै आफूले सिकेको तालिम र सीपमार्फत आफू परिष्कृत हुने र समाजको लागि योगदान पुऱ्याउने ढंगले काम गर्न अभिप्रेरित गर्नुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले फोटोग्राफी, कृषि प्राविधिक तालिम, लिपि, सिलाइ, काष्ठकला, कपाल काट्ने, पथप्रदर्शक तथा रेडियो प्रस्तोतालगायतका विभिन्न तालिम र स्थानीय सरकारप्रति युवाहरूलाई उत्तरदायी बनाउने हेतुले सञ्चालन गरिरहेको बताउनुभयो।

कार्यक्रममा कार्यपालिका सदस्य तथा तालिम संयोजक रोशनमैया सुवाल र भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले पनि बोल्नुभएको थियो।

# भक्तपुर नपा वडा नं. ५ मा व्यायामशाला उद्घाटन

भक्तपुर नगरपालिका ५ नं. वडा कार्यालयको व्यायामशाला उद्घाटन कार्यक्रम एक समारोहबीच भगवती स्थान वडा कार्यालय भवन नजिकै राखेको व्यायामशाला उपप्रमुख रजनी जोशीले असार २८ गते उद्घाटन गर्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि उपप्रमुख रजनी जोशीले घोषणपत्रअनुसार नगरको विकास र नगरवासीको स्वास्थ्यमा ध्यानमा राखी व्यायामशाला लगायत ख्वप अस्पताल समेत निर्माण सुरु भई सकेको बताउनु भयो। उहाँले रोगको उपचार गर्नु भन्दा रोगै लाग्न नदिन खेलकुदलाई अभिन्न अंगको रूपमा विकास गर्नु पर्ने बताउँदै दैनिक व्यायाम गर्नको लागि वडा वडामा व्यायामशाला राखेको बताउनु भयो। उहाँले महेश्वरी खेलमैदानलाई राष्ट्रिय स्तरको कभर्डहल बनाउने तयारीका साथ लागि परेको बताउनु भयो।

कार्यक्रममा खेलकुद समितिका संयोजक एवं वडाध्यक्ष श्यामकृष्ण खत्रीले राष्ट्रपति कपमा भक्तपुर नगरपालिका बाहेक तीन वटा नगरपालिकाले नाम नपठाउँदा जिल्ला खेलकुद विकास समितिले छनौट प्रतियोगिता नै संचालन नगर्दा भक्तपुर बासी राष्ट्रपति कप खेलमा सहभागी हुन नपाएको बताउँदै जिल्ला खेलकुद विकास समितिको लापर्वाहीले खेलाडी निराश हुने बताउनु भयो। उहाँले अब स्थानीय सरकारबाट सिधै राष्ट्रिय खेलकुद परिषदमा संवाद गरेर समस्या समाधान गर्नु पर्ने बताउनु भयो।

कार्यक्रममा वडा नं. ५ का वडाध्यक्ष प्रेम गोपाल कर्माचार्यले खेलकुदको महत्व र शारीरिक स्वास्थ्यको लागि शारीरिक व्यायाम आवश्यक भएको बताउनु भयो।

५ नं. वडा खेलकुद समितिका संयोजक बलराम न्हिसुतुको सभापतित्वमा सम्पन्न कार्यक्रममा नारायण प्रसाद त्वानावासु र नारायण कृष्ण माकले पनि बोल्नु भएको थियो।

# प्राज्ञहरू कल्पनाशील हुनुपर्ने र सरकारको अगाडि झुक्नु नहुने



ख्वप माध्यमिक विद्यालय तथा शारदा क्याम्पस माध्यमिक विद्यालयमा कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम साउन १ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले विश्वविद्यालयका कुलपतिहरूले क्याम्पस प्रमुखहरूसँग घूस लिने गरेको र परीक्षामा अनुत्तीर्ण विद्यार्थीसँग पैसा लिई उत्तीर्ण गराउने कार्य गरिरहेको चर्चा गर्दै भन्नुभयो, 'कुनै पनि व्यक्ति बुद्धिजीवी र सम्पन्न हुँदैमा इमानदार र देशभक्त हुँदैन ।'

राजनीतिशास्त्र, अर्थशास्त्र, इतिहास र भूगोलजस्ता विषयमा विद्यार्थी घटिरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले आर्थिक रूपले अगाडि बढेका देशहरूको सूक्ष्म विश्लेषण गर्दै शिक्षा नीति बनाउनु आवश्यक भएको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेंले भन्नुभयो, 'कुनै कुलपतिलाई शासक दलको दासजस्तै प्रयोग गर्न पाइँदैन । प्राज्ञहरू कल्पनाशील हुनुपर्छ र सरकारको अगाडि झुक्नुहुँदैन । विश्वविद्यालय स्वतन्त्र निकाय भएकोले सरकारले हस्तक्षेप गर्नुहुन्न ।'

नेमकिपाका सचिव एवम् सांसद प्रेम सुवालले जनताका छोराछोरीलाई कम शुल्कमा गुणस्तरीय शिक्षा दिने उद्देश्यले सञ्चालित ख्वप कलेजलाई बीबीएको सम्बन्धन नदिनुले सरकारको नीति निजी क्याम्पसलाई पोस्ने भएको स्पष्ट गर्छ भन्नुभयो ।

गणतन्त्रमा पनि राणा शासनको अवशेष बाँकी रहेको स्पष्ट पार्दै उहाँले ख्वप विश्वविद्यालयको विधेयक पारित नगर्नुमा कामदार जनतालाई शिक्षाबाट बञ्चित गर्ने सरकारको षड्यन्त्र हो भन्नुभयो । राम्रो विद्यार्थी तयार गर्न शिक्षक राम्रो हुनुपर्ने आवश्यकता सांसद सुवालले औँल्याउनुभयो ।

सांसद सुवालले भारतले अन्तर्राष्ट्रिय कानुनविपरीत बनाएको सडक बाँधका कारण नेपालको तराई भूभाग डुबानमा परेको हो भन्नुभयो ।

कार्यक्रमका सभापति एवम् विद्यालय सञ्चालक समितिका अध्यक्ष तथा भनपाका प्रमुख सुनिल प्रजापतिले ख्वप मावि स्थानीय निकायद्वारा सञ्चालित नेपालको पहिलो विद्यालय भएको र विद्यालयले कम शुल्कमा गुणस्तरीय उच्च शिक्षा प्रदान गरिरहेको बताउनुभयो ।

विशेषज्ञता हासिल गर्ने उद्देश्यका साथ विद्यार्थीले अध्ययनलाई अगाडि बढाउनुपर्ने आवश्यकता औँल्याउँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'देश र जनतालाई केन्द्रमा राखेर विद्यार्थीहरूले अध्ययनमा जोड दिनुपर्छ ।'

भनपाका उपप्रमुख एवम् विद्यालय सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले शिक्षाले बौद्धिकता बढाउने भएकोले नगरपालिकाले कलेजहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

उहाँले शिक्षक, अभिभावक र विद्यार्थीहरूको सम्बन्ध राम्रो बनाउन विद्यालयले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा वरिष्ठ चिकित्सक शम्भु पहाडी, व्यवस्थापन विषयका प्रा.डा. महानन्द चालिसे, त्रिवि वातावरण विज्ञानका विभागीय प्रमुख प्रा.डा. रेजिना मास्के, महानगरीय परिसर भक्तपुरका प्रहरी उपरीक्षक सविन्द्र प्रधान र सर्जन डा. पुण्यराम खर्बुजा, ख्वप कलेजका प्राचार्य रूपक जोशी र ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले पनि बोल्नुभएको थियो । कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति पनि देखाएका थिए ।



# नेकपाभित्र ठेकेदार, पुँजीपति र एनजीओ/आइएनजीओका सञ्चालकहरूको वहुमत

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल कम्युनिष्ट पार्टीलाई फाहोर पोखरी र जे पनि अटाउने कन्टेनरको संज्ञा दिनुभयो ।




सगरमाथा टिभीको 'प्रश्न समय' कार्यक्रमका प्रस्तोता भोपाल लुईटेलसँग साउन ४ गतेको अन्तरसंवाद कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले नेकपाभित्र काम गरी खाने वर्गका प्रतिनिधिभन्दा ठेकेदार, पुँजीपति वर्ग र एनजीओ/ आइएनजीओका सञ्चालकहरू बढी भएको आरोप लगाउनुभयो ।

भक्तपुर नगरपालिकाले शिशुस्याहारदेखि विश्वविद्यालयसम्मको शिक्षा दिइरहेको, नेपालकै उत्कृष्ट इन्जिनियरिङ कलेज सञ्चालन गरिरहेको र शिक्षा, स्वास्थ्य, खेलकुद र सम्पदा संरक्षणलाई उच्च प्राथमिकतामा राखी कार्य गर्दै आएको स्पष्ट पार्नुभयो ।

देशका सबै स्थानीय तहलाई एउटै दृष्टिकोणले हेर्नु गलत हुने बताउनुहुँदै प्रमुख प्रजापतिले शासक पार्टीको पक्षपात र पूर्वाग्राही सोचले गर्दा ख्वप विश्वविद्यालयले अहिलेसम्म सम्बन्धन प्राप्त नभएको जिकिर गर्नुभयो ।

निजीकरणको पक्ष लिनेहरू कम्युनिष्ट पार्टी हुन नसक्ने भन्नुहुँदै उहाँले भक्तपुर नपा स्थानीय सरकार सञ्चालनको अधिकारमा स्पष्ट भएको र १६ वटा ऐन–कानुनहरू निर्माण गरी व्यवस्थित रूपमा कार्य सञ्चालन गर्दै आएको छ भनुभयो ।

# भक्तपुरको ब्रम्हायणी र महाकाली परिसरमा सरसफाइ तथा वृक्षारोपण

भक्तपुर नगरपालिकाको पाक्षिक नियमित सरसफाइ अन्तर्गत नपाका जनप्रतिनिधि, कर्मचारी, बुद्धिजीवी, टीम–क्लब, विभिन्न विद्यालयलगायतको सकृय सहभागितामा ब्रम्हायणी परिसरमा सरसफाइ तथा वृक्षारोपण कार्यक्रम साउन १ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् वातावरण समितिका संयोजक रविन्द्र ज्याख्वले सरसफाइ सभ्यताको प्रतिक भएको र फोहोरलाई स्रोतको रूपमा उपयोग गर्नु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नपाले सबै वडामा ट्राइसाइकलमार्फत कुहिने र नकुहिने फोहोर संलकन गरिरहेको चर्चा गर्नुहुँदै जथाभावी फोहोर नफाल्न र कुहिने र नकुहिने फोहोर छुट्याएर मात्र ट्राइसाइकलमा फाल्न आग्रह गर्नुभयो ।

आफूले उत्पादन गरेको फोहोरको व्यवस्थापन पनि आफैले गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै वडाध्यक्ष ज्याख्वले ऐतिहासिक महत्त्व बोकेका मन्दिर तथा पीठहरूलाई आकर्षक केन्द्रको रूपमा विकास गर्ने उद्देश्य रहेको बनाउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ५ का वडाध्यक्ष प्रेमगोपाल कर्माचार्यले भक्तपुर ऐतिहासिक र सांस्कृतिक पहिचान बोकेको सहर भएको र सरसफाइमा पनि नमूनाको रूपमा अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमलीले स्थानीय जनतामा नागरिक भावना जगाउन सरसफाइ कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै वातावरण सफा राख्न स्थानीय जनताको साथ र सहयोग आवश्यक भएको बताउनुभयो । उक्त कार्यक्रममा कार्यपालिका सदस्य छोरीमैंया सुजखुले पनि बोल्नुभएको थियो ।




eQmk/ gu/kflnsfsf]godlt kflIfs ;/;kmfO cGtu{ ;fpg !% ut]dxfsfnL kL7 kl/;/df u/\$f];/;kmfO sfo{qmddf afNg'xb} eQmk/ gkfsf pkk|d'v /hgL hf]zLnufot .

# भाषा र संस्कृति नरहे जातीय अस्तित्व लोप हुनसक्ने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भाषा र संस्कृति नेवारहरूको पहिचान भएको र त्यसलाई संरक्षण गर्न नसके नेवारहरूको अस्तित्व लोप हुन सक्ने बताउनुभयो ।

मिडिया सर्कल भक्तपुरको आयोजनामा असार २८ गते अजिबाज्या कार्यक्रम २५ औं श्रृङ्खला प्रवेशको अवसरमा आयोजित कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रममा लिपी, संस्कृति, सम्पदाबारे विद्यार्थीहरूलाई अध्ययन गर्नुपर्ने व्यवस्था गरेको बताउनुभयो ।

गुठी विधेयकमा मोहियानी हक, रैतानीको अधिकारजस्ता विषयहरू किसानहरूको पक्षमा भएको हुँदा नेमकिपाले ती प्रावधानहरूको समर्थन गरेको बताउनुहुँदै प्रमुख प्रजापतिले गुठी संस्थानअन्तर्गतका मठ-मन्दिर, देवालय, शिवालयको संरक्षणको जिम्मेवारी र आयस्रोत संकलन गर्ने जिम्मेवारी स्थानीय तहलाई नै दिनुपर्नेमा जोड दिनुभयो ।

राजु मानन्धरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल भाषा साहित्य तःमुंज्याका चन्द्रबहादुर उलक, नेपाल क्रान्तिकारी सांस्कृतिक संघका बालकृष्ण वनमाला, कलाकारहरू सुरेन्द्र मानन्धर, आशाकाजी थकु, श्यामसुन्दर शिल्पकार, हरिकृष्ण दुवाललगायतले पनि बोल्नुभएको थियो ।

# वागीश्वरी माविमा नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत

भक्तपुर च्यामासिंहस्थित वागीश्वरी माध्यमिक विद्यालयमा शैक्षिक शत्र २०७६/७७ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण कार्यक्रम वागीश्वरी कलेज सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा असार २९ गते सम्पन्न भयो ।

सो कार्यक्रममा उहाँले नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्नुहुँदै विद्यालयको प्रतिष्ठा कायम हुने र समाजप्रति प्रतिबद्ध भएर अध्ययन गर्न मार्गनिर्देशन गर्नुभयो । विद्यार्थीहरूले योग्यता र क्षमताको आधारमा आफ्नो लक्ष्य निर्धारण गरी आ-आफ्नो विषयमा विशेषज्ञता हासिल गर्न उहाँले जोड दिनुभयो ।

नगरपालिकाभित्र सञ्चालित कलेजहरूमा अध्ययन अध्यापन र अनुसन्धानमा पनि जोड दिइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले उच्च शिक्षा हासिल गर्न चाहने योग्य नगरवासी विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्र धितो राखी सहुलियत ब्याजदरमा ऋण दिने व्यवस्था गरिसकेको बताउनुभयो ।

उहाँले राम्रो शिक्षा हासिल गर्नेहरूको आत्मसम्मान बढ्ने बताउनुहुँदै विद्यार्थीहरूले अध्ययन सँगसँगै बानी, व्यवहार र आचरणमा पनि सुधार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा वागीश्वरी मावि व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले पैसा भएर मात्र इज्जत र सम्मान प्राप्त नहुने बताउनुहुँदै विद्यार्थीहरूले देशको विकासको लागि काम गरी समाज परिवर्तनमा उल्लेखनीय भूमिका खेल्नुपर्ने बताउनुभयो ।

उहाँले विद्यार्थीहरूको उद्देश्य र लक्ष्यमा स्पष्ट हुनुपर्ने र आफ्नो शैक्षिक ज्ञान र योग्यतालाई प्रयोग गरी समाजलाई प्रगति गर्ने उद्देश्य राखी अगाडि बढ्न आह्वान गर्नुभयो ।



वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले विद्यार्थीहरूले आफ्नो रुचिअनुसार विषय छनोट गर्नुपर्ने र विद्यार्थीहरू नयाँ नयाँ प्रविधिसँग साक्षात्कार हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा वागीश्वरी माविका प्राचार्य कृष्णप्रसाद धन्दा, उपप्राचार्य ज्ञानसागर प्रजापति, डा. बलराम दुवाल, शिक्षक विजयराम प्रजापति र भानुभक्त हुमागाइँलगायतले पनि आ-आफ्नो विचार प्रस्तुत गर्नुभएको थियो ।

# विपद् व्यवस्थापन जिल्ला समितिको बैठक



केही दिनदेखि अविरल परेको पानीको कारण खोलामा आएको बाढीबाट भएको क्षतिबारे समीक्षा गर्न असार २८ गते जिल्ला प्रशासन कार्यालय भक्तपुरमा सरोकारवालाहरूको बैठक बस्यो ।

जिल्ला विपद व्यवस्थापन समितिका संयोजक प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टको अध्यक्षतामा बसेको बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सल्लाघारी र राधेराधे पुलमुनि खोलाको सतहभन्दामाथि ढलान गरेको कारण थोरै पानी पर्दा पनि खोलाको पानी खेत खेतमा पसी बालीमा क्षति भएको बताउँदै तत्काल त्यसलाई हटाइ पानीको बहाव स्वाभाविक गतिमा बग्न दिनुपर्नेतर्फ प्रजिअ, सडक विभाग प्रमुखको ध्यानाकर्षण गर्नुभयो ।

उहाँले भन्नुभयो- 'भनपा र सडक विभागका प्राविधिकहरूको संयुक्त टोली गठन गरेको महिनौं बितिसक्दा पनि प्रतिवेदन पेश नगर्नाले सुधार हुन सकेन । विभिन्न बहाना गरी सडक विभागका प्राविधिकहरू आनाकानी गर्दैछन् । खेतहरूमा लगाइराखेको बाली नोक्सान हुनु त्यसैको परिणाम हो ।'

उहाँले भनपा वडा नं. १ स्थित भाज्यापोखरीमा पर्खाल भत्केका, भनपा वडा नं. ८ मा एउटा घर भत्केको, भनपा ३ बाराहीस्थानमा विपद व्यवस्थापनमा नगर समितिद्वारा सञ्चालित टीमले फोहर पन्छाउने र खोला खुलाउने कार्य गरेको, राममन्दिर, सल्लाघारीलगायतका विभिन्न ठाउँमा बाढीले धान बालीमा क्षति पुऱ्याएको विवरण प्रस्तुत गर्नुभयो ।

नेपाल प्रहरीको तर्फबाट एस.पी. सबिन प्रधानले यस क्रममा बाढीले बगाएको १ जना युवाको उद्धार गरेको, नगरकोटमा एउटा घरमा हावाहुरीले छाना उडाएको, पाण्डुबजारमा १ वटा घर बाढीले बगाउन लागेकोलाई सुरक्षित गरेको रिपोर्ट पेश गर्नुभयो ।

नेपाली सेनाका कर्णेल शिव पौडेलले धनजनको क्षति हुनबाट रोक्ने सबैको साझा उद्देश्य भएको बताउँदै सरोकारवाला सबै निकायबीच समन्वयको आवश्यकता भएको औंल्याउनुभयो ।

नेपाल रेडक्रस शाखा भक्तपुरका प्रमुख मनोज थापाले चाँगु, झौखेल, चित्तपोल, सुडाल, छालिङलगायतका ठाउँहरूमा १०/१० वटा त्रिपाल वितरण गरेको र हाल २२ सय परिवारलाई पुग्ने राहत सामग्री उपलब्ध रहेको जानकारी दिनुभयो ।

राजनैतिक दलका प्रतिनिधिहरू, भक्तपुर अस्पताल, जिल्ला जनस्वास्थ्य, विद्युत प्राधिकरण भक्तपुर, सडक विभाग, वारुण यन्त्र, जिल्ला समन्वय समितिका प्रतिनिधिहरू उपस्थित उक्त बैठकले सम्भावित क्षति न्यून गर्न सम्पूर्ण उच्च सतर्कतामा रहने, क्षतिको विवरण यकिन गरी स्थानीय तहले सम्बन्धित निकायको नाउँमा सिफारिस गर्ने, रेडक्रसले स्थानीय तहसँग समन्वय गरी एकद्वार प्रणालीबाट राहत विरण गर्ने, सल्लाघारी र राधेराधे पुलको मुनि ढलान गरेको हटाउन पहल गर्नेलगायतको निर्णयहरू गऱ्यो ।

# भक्तपुर नगरपालिकामा छात्रवृत्ति वितरणबारे मा.वि.का प्रधानाध्यापकहरूको बैठक

भक्तपुर नगरपालिकाको आयोजनामा असार २६ गते भक्तपुर नगरभित्र सञ्चालित कक्षा ११/१२ सञ्चालित माध्यमिक विद्यालयहरूका प्रधानाध्यापकहरूको बैठक सम्पन्न भयो ।

बैठकमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले भक्तपुरको सामुदायिक र निजी विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न लागि परेको बताउनुहुँदै नगरपालिकाले आयोजनामा गर्ने प्रतियोगिताहरू विद्यार्थी केन्द्रित ढंगले अगाडि बढाइरहेको बताउनुभयो ।

सो बैठकले कक्षा ११/१२ मा नगरभित्रका विद्यालयले कुल विद्यार्थीको कम्तीमा ३ प्रतिशत नगरपालिकाको सिफारिसमा छात्रवृत्ति वितरण गर्ने, गत वर्षको छात्रवृत्ति वितरण कार्यलाई निरन्तरता दिंदै छात्रवृत्तिमा भर्ना शुल्क र मासिक शुल्क छुट दिने र कक्षा १२ मा छात्रवृत्तिलाई निरन्तरता दिन कम्तीमा प्रत्येक विषयमा डी प्लस ग्रेड ल्यानुपर्ने साथै आन्तरिक परीक्षा बोर्ड परीक्षालाई आधार मानेर मूल्याङ्कन गर्ने निर्णय गऱ्यो ।

# t/sf/L tyf kmnkmnx¿ ljgf k/LIf0f pkef]u ug{bg gxg] k|d'v kh|fklt

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रको आयोजनामा 'मेरो वर्ष अभियान २०७६' अन्तर्गत असार २६ गते स्वास्थ्य प्रवर्द्धन मेरो वर्ष अभियान, महामारी, सर्ने, नसर्ने रोग रोकथाम प्रजनन् स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विदेशबाट आयात हुने तरकारी तथा फलफूलहरू विना परीक्षण उपभोग गर्न दिन नहुने बताउनुभयो । तरकारीमा हुने विषादी प्रयोगले जनस्वास्थ्यमा विभिन्न नकारात्मक असरहरू परिरहेको बताउनुहुँदै उहाँले नाफाको निम्ति जनताको स्वास्थ्यलाई असर पार्नेहरूलाई कारबाही गर्नुपर्ने बताउनुभयो । उहाँले कृषि प्रधान देशले अरबौं रूपैयाँको खाद्यान्न आयात गर्दा देशलाई आर्थिक भार बढ्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रमा नयाँ नयाँ उपकरणहरू जडान गरी सेवाहरू थप्दै लाने बताउनुहुँदै नगरपालिकाले विभिन्न रोगबारे शिविर सञ्चालन गर्दै आएको र कडा रोग लागेका नगरबासीहरूलाई आर्थिक सहयोग दिंदै आएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले तरकारी तथा फलफूलमा अत्यधिक विषादी प्रयोगले क्यान्सर रोगको जोखिम बढिरहेको हुँदा विदेशबाट आयात हुने तरकारीहरूको परीक्षण गरेर पनि बजारमा पठाउनुपर्ने बताउनुभयो ।

सर्ने रोग नियन्त्रण गर्न सकिने तर नसर्ने रोगले दीर्घ जीवनसम्म दुःख दिने हुँदा नसर्ने रोगबारे जनतालाई सचेत बनाउन आवश्यक भएको बताउनुहुँदै वडाध्यक्ष ज्याख्वले सभ्य समाज निर्माणको निम्ति नयाँ पुस्ताका युवाहरूलाई कुलत र दुर्व्यसनीबाट जोगाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा जनस्वास्थ्य केन्द्रका इन्चार्ज डा. रत्नसुन्दर लासिवाले आधुनिक जीवनशैलीले नसर्ने रोगको जोखिम बढिरहेको जिकिर गर्नुहुँदै नसर्ने रोग न्युनीकरणतर्फ जनस्वास्थ्य केन्द्रले जनचेतनामूलक कार्यक्रमहरू आयोजना गरिरहेको बताउनुभयो ।

कार्यक्रममा सहरी जनस्वास्थ्य केन्द्रका इन्चार्ज कमलकेशरी राजचल र नर्स रचना सुवालले नसर्ने रोगको जोखिम न्युनीकरणसम्बन्धी जनचेतनामूलक प्रस्तुतीकरण देखाउनुभएको थियो ।

# पचपन्न झ्याले दरबारः खुलेदेखि १८ हजारले गरे अवलोकन

***रेणु त्वानाबासु***

भक्तपुरको प्रसिद्ध ५५ झ्याले दरबारको हालसम्म झण्डै १८ हजारले अवलोकन गरेका छन् । २०७५ साल पुस २ गतेदेखि सर्वसाधारणका लागि खुलेको दरबारको हालसम्म १७ हजार ५ सय ३४ जनाले अवलोकन गरेको जनाइएको छ ।

दरबारमा कार्यरत कर्मचारी हरिप्रसाद ग्यामरुले पुस दुई गतेदेखि खुलेको दरबारमा दिनमा तीन सयदेखि एक हजार ६ सय ४३ जनासम्मले अवलोकन गर्न आएको तथ्याङ्क दिए । देशविदेशका पर्यटकहरू दरबारको अवलोकन भ्रमणमा आउने गरेको उनले बताए ।

दरबार हप्ताको दुई दिन मात्र खोलिन्छ, मंगलबार र शुक्रबार । ३१२ वर्ष पुरानो यो दरबार यो मल्लकालिन राजा भूपतेन्द्र मल्लले बनाएका थिए । यो दरबार तीन तल्लाको रहेको छ ।

पचपन्न झ्याले दरबार अवलोकन गर्न शुल्क लिइन्छ । सर्वसाधारणलाई २० रूपैयाँ, विद्यार्थीलाई १० रूपैयाँ र ६० देखि ७० वर्षलाई पनि १० रूपैयाँ प्रतिव्यक्ति प्रवेश शुल्क लिने गरेको छ । ७० वर्ष नाघेका बृद्धबृद्धालाई र ५ वर्ष मुनिका बच्चाहरूलाई शुल्क लाग्दैन । साथै विदेशीहरूलाई पनि शुल्क लाग्दैन । भक्तपुर नगर प्रवेशमै शुल्क तिर्ने भएकाले विदेशीलाई थप शुल्क नलगाइएको जनाइएको छ ।

दरबार हेर्न पुगेकी ६२ वर्षीया रत्नदेवी प्रजापतिले पुरानो कलाहरू हेर्न पाएकोमा खुसी व्यक्त गरिन् । प्रजापतिले भनिन्, 'पच्चपन्न झ्याल दरबारमा रहेको भित्तेचित्रहरू अझ मर्मत भएको भए झन राम्रो हुन्थ्यो । हामीलाई त केही थाहा छैन् । यसकोबारेमा ज्ञान भएको एकजना गाइड भएको भए झन् राम्रो हुने थियो ।' अर्का अवलोकनकर्ता संजय थापाले पैसा लिएको अनुसार केही पनि नभएको गुनासो पोखे । भित्तेचित्र पनि खासै नदेखिने भएको उनी सुनाउँछन् । उनले भने, 'म त ५ मिनेट मै बाहिर निस्कें ।' आफूले सोचेको जस्तो आर्कषक नभएको उनले बताए ।

दरबारमा ३ सय १२ वर्ष पुरानो भित्तेचित्र रहेका छन् ।

*स्रोत– २०७६ साउन ७ गते, नागरिक दैनिक*

# gu/ k|d'v k|hfklt / al/u~h dxfgkfsf pkk|d'v sfsL{L r e]6

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग असार २४ गते बीरगञ्ज महानगरपालिकाका उपप्रमुख शान्ति कार्कीको नेतृत्वमा आएको प्रतिनिधिमण्डलले भेट गऱ्यो । भेटमा भक्तपुर नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरू, विकास निर्माण, सम्पदा संरक्षण, न्यायिक समितिको कार्य सम्पादन र नगरपालिकाका विविध गतिविधिबारे छलफल भयो ।



भेटमा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले नगर र नगरवासीहरूको हितलाई केन्द्रमा राखेर काम गरिरहेको बताउनुहुँदै नगरपालिकाद्वारा सञ्चालित विभिन्न कलेजहरूमा देशभरिका विद्यार्थीहरूले सस्तोमा गुणस्तरीय शिक्षा पाइरहेको बताउनुभयो ।

उहाँले नगरभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक गुणस्तरको अन्तरलाई कम गर्न र शैक्षिक गुणस्तर कायम गर्ने नीतिअनुरूप विद्यालयका शिक्षकहरूलाई तालिमसँगै अनुगमनको व्यवस्था मिलाएको बताउनुभयो ।

शारीरिक तथा बौद्धिक अपांगता भएका नगरवासीहरूका लागि स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने योजना रहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले यहाँको विकास निर्माणको काम उपभोक्ता समितिमार्फत जनताको सहभागिताबाट भइरहेको बताउनुभयो ।

भेटमा बीरगञ्ज महानगरपालिकाका उपप्रमुख शान्ति कार्कीले सामुदायिक र निजी विद्यालयबीचको प्रतिस्पर्धाले गर्दा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्कँदै गएको बताउनुहुँदै बीरगञ्ज महानपामा अपाङ्गता व्यवस्थापन कार्य निकै चुनौतीपूर्ण रहेको बताउनुभयो । उपप्रमुख कार्कीले भक्तपुर नगरपालिकाको शिक्षा, स्वास्थ्य र सम्पदा संरक्षण कार्यलगायत निकै उल्लेखनीय भएको बताउनुभयो ।

भेटमा भक्तपुर नपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवाल, भक्तपुर नगरपालिकाका कानुन अधिकृत गणेशलाल फोंजु, उपप्रमुख कार्कीका स्वकीय सचिव विजय पौडेललगायतको उपस्थिति रहेको थियो ।

# sf7df8f}+ pkTosfsf] vfgkfgLsf] ;'/Iffsf] lhDd]f/L g]kfnL ;]gfnfO{ lbgkg]{ hf]8

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको कार्यकारी समितिको १५७ औं बैठक असार २४ गते बस्यो । सो बैठकले नेपाल सरकारलाई काठमाडौं उपत्यकाको खानेपानीको जिम्मा नेपाली सेनालाई दिन नेपाल सरकारलाई आग्रह गर्ने निर्णय गऱ्यो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले काठमाडौं उपत्यकाको खानेपानी सुरक्षाको जिम्मा नेपाली सेनालाई दिनुपर्ने र भक्तपुरको नगरकोटलाई जलाधार क्षेत्र घोषणा गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले खानेपानीमा अवरोध पुऱ्याउने जो कोहीलाई कडा कारबाही गर्नुपर्ने बताउनुहुँदै खानेपानी जनताको आधारभूत आवश्यकता भएको हुँदा यसको सहज र निःशुल्क वितरण गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा काठमाडौं उपत्यका खानेपानी लिमिटेडका कार्यकारी निर्देशक महेश भट्टराईले मेलम्ची खानेपानी आयोजनाको ढिलाइले काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा परेको असरसम्बन्धी प्रस्तुतीकरण देखाउनुभयो । उहाँले वन मन्त्रालयले



केयूकेएलसँग रोयल्टी माग्नु गलत भएको बताउनुहुँदै निकुञ्जका वार्डेनले समेत खानेपानी वितरणमा मनोमानी ढंगले काम गर्ने गरेको जानकारी दिनुभयो ।

बैठकमा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जन, मध्यपुर नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठलगायतले खानेपानीको राम्रो व्यवस्थापनमा जोड दिनुपर्ने बताउनुभयो ।

# Vjk OlGhlgol/ª snhdf

## Wind Turbine Construction workshop ;DkGg




भक्तपुर असार २४ गते ख्वप इञ्जिनियरिङ्ग कलेजमा भक्तपुर नगरपालिका मेयर सुनिल प्रजापतिद्वारा Wind Turbine construction Workshop कार्यक्रमको उद्‌घाटन गर्नुहुँदै नेपाल सरकारले भारतको दवाबमा नेपाल भित्रिने तरकारी र फलफुलमा विषादी परिक्षण गर्ने निर्णय फिर्ता लिनु अनुचित भएको र कृषिप्रधान देश भएर पनि खरबौंको कृषिजन्य बस्तु आयात गर्नु यथोचित्त नभएको बताउनुभयो ।

प्रमुख प्रजापतिले गुठी जग्गाको सैद्धान्तिक छलफल आवश्यक भएको र मोहियानी हक सुनिश्चित गर्दै गुठी जग्गाको संरक्षणको जिम्मा स्थानीय सरकारलाई दिनुपर्ने भन्दै ख्वप नगरपालिकाले युवा लक्षित गतिविधि अगाडि बधाइ शिक्षामा प्राथमिकताका साथ अगाडि बढिरहेको जानकारी गराउँदै विद्यार्थीहरूले देशको राजनीति अवस्थाबारे जानकार भइ समाज परिवर्तन गर्ने भावनाले अगाडि बढ्नु पर्ने सल्लाह दिनुभयो ।

उक्त एक हप्ते कार्यक्रम १ गते समापन गर्नुहुँदै प्रमुख प्रजापतिले शिक्षालाई श्रमसँग जोड्ने शिक्षाको आवश्यकता औंल्याउँदै ख्वप नपाले नाफालाईभन्दा ब्यापक जनताको सेवामा आधारित कलेज सञ्चालन गरिरहेको चर्चा गर्दै जलस्रोतको धनी देश नेपालले अरबौं रूपैयाँको विद्युत तथा खाद्यान्न अरुसँग किन्नु पर्ने स्थिति आउनुमा सरकारमा गएका पार्टीहरू दोषी भएको र नेपालमा थिचोमिचो बढाइरहेको भारतको विस्तारवाद नीतिको विरुद्ध विद्यार्थीहरू देशभक्ती भावनाले लाग्नु पर्ने आवश्यकता औंल्याउनु भयो ।

उक्त कार्यक्रममा ख्वप इञ्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इञ्जिनियरिङका प्राचार्य सुनिल दुवाल, उप प्राचार्य रत्न शोभा प्रजापति, काठमाण्डौं पावर एण्ड इन्डस्ट्रीका स्रोत ब्यक्ति किमोन सिलवाल, उपप्राचार्य रविन्द्र फोंजु, विकल अधिकारीलगायतले बोल्नु भएको थियो ।

# १० नं. वडास्तरीय कार्यक्रमको परिचयात्मक एवं विपद् जोखिमन्युनीकरण सचेतीकरण कार्यक्रम

भक्तपुर, ३० बैशाख । भक्तपुर नगरपालिका १० नं. वडास्तरीय कार्यक्रमको परिचायात्मक एवं विपद् जोखिम न्युनीकरण सचेतीकरण कार्यक्रम १० नं वडा कार्यालय र नेपाल रेडक्रस सोसाईटी भक्तपुर जिल्ला शाखा उत्थानशील नगर प्रवर्द्धन र सहभागिता कार्यक्रमको आयोजनामा कमलबिनायक मन्दिर परिसरमा बैशाख ३० गते एक समारोहबीच सम्पन्न भयो ।

कार्यक्रममा १० नं. वडाका वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले विपद्मा क्षेतिको न्युनीकरणबारे सिक्नुपर्ने विषय भएको बताउनुहुँदै भूकम्प, हावाहुरी र बाढी पहिरो पूर्वसुचना दिएर नआउने भएकोले त्यसको क्षतिन्युनीकरण भने गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा वडा सदस्य जितेन्द्र मुनंकर्मीले विपद् व्यवस्थापन सम्बन्धमा कानुन बनाई राजपत्र प्रकाशित गर्ने नेपालमा भक्तपुर नगरपालिका पहिलो रहेको बताउनुभयो ।

कार्यक्रममा उत्थानशील नगर प्रवर्द्धन र सहभागिता कार्यक्रमका संयोजक मिलन ढुंगानाले सो विषयमा प्रस्तुतीकरण देखाउनु भएको थियो भने वडा निरीक्षक रामकृष्ण प्रजापति, लक्ष्मीप्रसाद गाईजु, एकल महिला प्रतिनिधि, रेडक्रसका नवदुर्गा उपशाखा संयोजक सृजना सुवेदीले पनि बोल्नुभएको थियो ।

# Vjk snh]df aL=P= / aL=P ;=8An'sf ljBfyL{sf] labfO sfo{qmd

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजमा बी.ए. र बी.एस.डब्लु. २०७३–७५ का विद्यार्थीहरूको बिदाइ कार्यक्रम असार २१ गते सम्पन्न भयो ।




कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव तथा संघीय सांसद प्रेम सुवालले देशलाई सम्हाल्ने काम नयाँ पुस्ताको जिम्मेवारी भएको बताउनुभयो । कानुन र ऐन नियमका विषयमा सबै क्षेत्रका विद्यार्थी सचेत भए देशको सार्वभौमिकता रक्षामा टेवा पुग्ने बताउनुहुँदै सांसद सुवालले वर्तमान सरकारले जनताको हितमा काम गर्न नसकेको र सरकार निरंकुश र फासीवादतर्फ उन्मुख भइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले गुठी विधेयकबारे सत्य कुरा थाहा नपाई विरोधमा उत्रनु उचित नभएको बताउनुहुँदै गुठी विधेयकका सकारात्मक र अप्ठ्यारा पक्षमा जनताबीच सैद्धान्तिक छलफलको आवश्यकता औंल्याउनुभयो ।

राजनीति गर्ने नेताहरूको व्यापारिक सोचका कारण देश पछाडि परेको बताउनुहुँदै प्रमुख प्रजापतिले अध्ययन पूरा गरेका विद्यार्थीहरूले आफूले अध्ययन गरेको विषयमार्फत् सामाजिक अभियन्ताको रूपमा सिंगो समाज परिवर्तन गर्ने उद्देश्यले काम गर्न मार्गनिर्देशन गर्नुभयो ।

कार्यक्रममा कलेज सञ्चालक समितिका उपाध्यक्ष एवम् भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले विद्यार्थीहरूले समाजप्रति उत्तरदायी भएर काम गर्नुपर्ने र देशको आर्थिक र सामाजिकको विकासको लागि महत्त्वपूर्ण योगदान पुऱ्याउन भूमिका खेल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य रूपक जोशी र ख्वप उमाविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले पनि बोल्नुभएको थियो । कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले बी.ए. र बी.एस.डब्लुका विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।

# उपभोक्ता समितिको वनभोज तथा प्रशिक्षण कार्यक्रम

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकामा उपभोक्ता समितिमार्फत् भएका विकास निर्माणका कार्य देशकै लागि उल्लेखनीय र प्रशंसनीय रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १ उपभोक्ता समितिले असार २१ गते काभ्रेको पलाञ्चोक भगवती स्थानमा आयोजना गरेको वनभोज तथा प्रशिक्षण कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले समाजको निम्ति सेवाको भावना राखेर काम गर्न र हरेक कुरालाई आलोचनात्मक ढंग विश्लेषण गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले एम.डी. वा सोसरह अध्ययन गर्ने नगरबासी विद्यार्थीहरूलाई छात्रवृत्ति दिने प्रक्रिया अगाडि बढाइ सकेको जानकारी गराउनुहुँदै उहाँले जनताको पक्षमा काम गर्ने जनप्रतिनिधिहरूले मात्र जनताको समस्या बुझेर उनीहरूको हितमा काम गर्ने बताउनुभयो ।

उहाँले शिक्षामा अगाडि बढेको समाजले देशको विकासमा टेवा पुऱ्याउने बताउनुहुँदै उपत्यकाका सम्पदा संरक्षणमा भक्तपुरका कालीगढको सक्रियता प्रशंसनीय रहेको बताउनुभयो । उपत्यकाका सांस्कृतिक सम्पदा संरक्षण र पुनःनिर्माणका कामलाई आर्थिक आर्जन भन्दा पनि प्रतिष्ठा र अवसरको रूपमा सदुपयोग गर्न उहाँले मार्गनिर्देश गर्नुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण



खत्रीले भक्तपुर नगरपालिकाको उपभोक्ता ऐनबारे प्रस्ट पार्नुहुँदै वडाका विकास निर्माण कार्यमा वडाबासीहरूको रचनात्मक सहयोगको आवश्यकता भएको बताउनुभयो । उपभोक्ता समितिमा बसेर काम गर्नेहरूलाई इमानदारीपूर्वक काम गर्न प्रेरित गर्नुहुँदै वडाध्यक्ष खत्रीले भक्तपुर नगरपालिकाले नेमकिपाको घोषणापत्रअनुसार आफ्ना कार्यहरू गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडा सदस्य सूर्यप्रसाद श्रेष्ठ, स्थानीय कृष्णप्रसाद दुमरु र राजन कोजुले पनि बोल्नुभएको थियो । प्रशिक्षण कार्यक्रममा भक्तपुरको भाजु पोखरी र रानी पोखरी, काठमाडौंको रानी पोखरी, ललितपुरको न्हु पुखुमा कार्यरत महिलाहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# भक्तपुर नगर क्षेत्रका विभिन्न अस्पतालहरू र पसल अनुगमन

भक्तपुर नगरपालिका अनुगमन समितिको नेतृत्वमा असार १८/१९ गते भक्तपुर नगरभित्रका विभिन्न ठाउँका पसलहरूको अनुगमन गरियो । अनुगमनका क्रममा खाजा पसल, रेष्टुराँ, कोल्डस्टोर, किराना पसल, तयारी पोशाक पसल, जुत्ता पसल आदिको अनुगमन गरेका थिए ।

अनुगमनका क्रममा नवीकरण नगरेका पसलहरूलाई नवीकरण गर्न, सफाइमा ध्यान दिन, म्याद नाघेका सामान नष्ट गर्दै त्यस्ता सामान, खाद्यान्न बिक्री नगर्न सल्लाह दिएका थिए ।

त्यसैगरी असार ३०/३१ गते औद्योगिक क्षेत्रभित्र अनुगमन गर्ने क्रममा दर्ता नभएका उद्योगलाई दर्ता गर्न, सफाइमा विशेष ध्यान दिन, कामदारहरूले एप्रोन, मास्क, बुट प्रयोग गर्न अखाद्यबस्तु मिसावट नगर्न, उत्पादन मिति राख्न र श्रेणीको स्तर वृद्धि गर्नुपर्नेले गर्नुहुन सल्लाह दिएका थिए । अनुमगनका क्रममा म्याद नाघेका खाद्यवस्तुलाई त्यही नष्ट गरेका थिए ।

भक्तपुर नगरपालिकाअन्तर्गत अनुगमन समितिले साउन १६ गते भक्तपुर अस्पताल र शहीद धर्मभक्त राष्ट्रिय अङ्ग प्रत्यारोपन केन्द्रको अनुगमन गर्ने क्रममा सरसफाइमा पुग्दो ध्यान नदिइएको, आकस्मिक कक्षमा ठाउँ अभाव भएको, अस्पतालमा नर्सको अभाव भएको, आकस्मिक कक्षको इन्चार्ज नभएको र अवलोकन कक्ष नभएको, दरबन्दीअनुसार चिकित्सक र कर्मचारीहरू पूर्ति नभएको, पेडियाट्रिक वार्डमा बेडको अभाव भएको, अस्पतालमा आईसीयू वार्ड राख्न पहल गर्नुपर्ने र आकस्मिक कक्षमा ट्रियाजको व्यवस्था गरी रेड, ग्रिन, एलो र ब्लायक ब्लकहरू राखी रेडमा सिकिस्त बिरामी, ग्रिनमा सामान्य बिरामी, एलोमा अलि जटिल बिरामी र ब्लायकमा लगभग मृत्यु भएको बिरामी हेर्ने कक्ष व्यवस्थापन गर्नुपर्ने सुझाव दिएको थियो ।

अस्पतालमा न्युरो, मानसिक, मुटु सेवा नभएको, ल्यावमा थाइराइड परीक्षण नभएको साथै जग्गा नेपाल ट्रष्टको नाममा भएकोले ठाउँ अभाव भएको भक्तपुर अस्पतालका नवनियुक्त सुपरिटेन्डेट डा.रविभूषण सुवालले बताउनुभयो । उहाँले अस्पतालको जग्गा मानव अङ्ग प्रत्यारोपन र क्यान्सर अस्पताललाई दिएकोले नयाँ भवन निर्माण गर्न समस्या देखिएको, विशेषज्ञ डाक्टरहरूलाई सरकारी पारिश्रमिक अपुग भएको र क्वाटरको अभावमा विशेषज्ञ डाक्टर बस्न नचाहेको र अस्पताल विकास समितिले ५५ जना कर्मचारी राखी राखेको उल्लेख गर्नुभयो ।

त्यस्तै शहीद धर्मभक्त राष्ट्रिय अङ्ग प्रत्यारोपन केन्द्रमा कुल शय्या १०० भए पनि हाल ७५ मात्र सञ्चालनमा रहेको, कर्मचारी दरबन्दी २५० जना भएकोमा २१० जनामात्र भएको, फोहर व्यवस्थापन गर्नुपर्ने, चिकित्सक र मानव संशाधन अभाव, डाइलासिस बिरामीको चापअनुसार सेवा अभाव भएकोले जनशक्ति व्यवस्थापन गरी चौबीसै घण्टा सञ्चालन गर्नुपर्ने, आइसोलेसन कोठा व्यवस्थापन गर्नुपर्ने, वार्ड वार्डमा कम्तीमा हप्तामा एकचोटि मेसिनले स्क्रोप गर्नुपर्ने, ह्विलचियर अपुग भएको, अस्पतालमा नागरिक वडापत्र नभएको र अस्पतालको मेसिनरी सामानहरू उच्च भोल्टेज वा अचानक बत्ती निभ्नाले मेसिनरी सामानहरू बिग्रिएकोले अस्पतालको लागि छुट्टै ट्रान्सफार्मर राख्न टोलीले सुझाव दिएको थियो ।

अस्पतालको अनुगमनलाई निरन्तरता दिँदै साउन १७ गते भक्तपुर नपा वडा नं. १ इनागा (दूधपाटी) स्थित भक्तपुर क्यान्सर अस्पताल र सल्लाघारीस्थित इवामुरा अस्पतालमा अनुगमन गरेको छ ।

अनुगमनको क्रममा टोलीले क्यान्सर अस्पतालमा नजिकैको बिरामीको लागि ल्याइएको रगत क्रसम्याच नगरिएकोमा अस्पताल व्यवस्थापनको ध्यानाकर्षण गऱ्यो ।

त्यस्तै अस्पतालमा रेडियोथेरापी गर्ने जनशक्ति र आवश्यक ठाउँ र अन्य जनशक्ति नहुँदा बिरामीको सेवा प्रभावित सम्बन्धमा आवश्यक बन्दोबस्त गर्न अस्पताल व्यवस्थापनलाई अनुगमन टोलीले आग्रह गरेको छ ।

अनुगमन टोलीलाई अस्पतालको आफ्नै जग्गा र नक्सापास भएको भवन नहुँदा सरकारले दिँदै आएको अनुदानसमेत रोकिने अवस्था आएको बारे अस्पतालका प्रशासक राजाराम तजलेले बताउनुभयो । २०५१ मा १५ शय्याबाट सुरु भएको सो अस्पतालमा हाल १४२ शय्याको सेवा सञ्चालन भएको, हाल फोक्सो र महिलाहरूको पाठेघरसम्बन्धी क्यान्सरका बिरामी धेरै भएको, अस्पतालका सबै कर्मचारी अस्पतालको आफ्नै स्रोतबाट राखेको अस्पताल प्रशासक तजले र अस्पतालका अधिकारीहरूले जानकारी दिनुभयो ।

त्यस्तै सल्लाघारीस्थित इवामुरा अस्पतालमा गरिएको अनुगमनमा टोलीले दुवै सीटी स्क्यान सामग्री बिग्रिएको, आइसीयूमा भेन्टिलेटर नभएको, शय्याहरू फोहोर भएकोमा अस्पताल व्यवस्थापनको ध्यानाकर्षण गरेको छ । ५१ शय्याको सो अस्पतालमा हाल ११० जना कर्मचारी कार्यरत छन् ।

अनुगमनमा भनपा अनुगमन समितिका अध्यक्ष राजकृष्ण गोरा, सदस्यहरू हरिराम सुवाल, रोशनमैया सुवाल, जनस्वास्थ्य केन्द्र भनपाका डा.शनिस कुसी, भनपा श्यानिटेसनका नगर निरीक्षक दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्जु, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक राजबहादुर डगौरा, राष्ट्रिय उपभोक्ता मञ्चका नारायणप्रसाद राजथला र दीपक कार्की, उद्योग वाणिज्य संघका सञ्जय जोन्छे, जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका धनञ्जय आचार्यको सहभागिता थियो ।

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७६ बैशाख २० गते शुक्रबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

### जनप्रतिनिधिहरूको २ वर्ष

भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरू बहाली भएको २ वर्ष पुगेको अवसरमा यही २०७६ जेष्ठ ७ गते मंगलबार 'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको २ वर्ष कार्यक्रम' आयोजना गर्ने निर्णय गरियो ।

उक्त कार्यक्रममा आ.व. २०७५/०७६ मा नगरस्तरीय तथा वडास्तरीय विकास निर्माण तथा सम्पदा पुनः निर्माण कार्य सम्पन्न गरी पेश्की फछ्र्यौट समेत गरेका उपभोक्ता अनुगमन समितिहरूमा बसी सहयोग गर्ने महानुभावहरूलाई धन्यवाद ज्ञापन पत्र प्रदान गर्ने र त्यसका लागि वडा कार्यालयहरूबाट यही २०७६ जेठ ५ गतेभित्र योजना निर्माण सम्पन्न गरी पेश्की फछ्र्यौट समेत गरेका उपभोक्ता समिति एवं पेश्की फछ्र्यौट समेत गरेका उपभोक्ता समिति एवं अनुगमन समितिका पदाधिकारीहरूको नामावली संकलन गर्ने निर्णय गरियो ।

भक्तपुर नगरपालिकाको पुरानो नगर क्षेत्रमा परम्परागत शैलीमा घर निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरेका घरधनीहरूलाई अगाडिको मोहदामा काठ, ईँटा र छाना निर्माण मा लागेको कुल खर्चको ३५ प्रतिशत अनुदान पनि सोही कार्यक्रममा प्रदान गर्ने र यसका लागि घर निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरेका नगरवासीहरूबाट मिति २०७६ बैशाख ३० गतेसम्ममा निवेदन पेश गर्न सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

### उत्कृष्ट कर्मचारी छनौट समिति गठन

'भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको २ वर्ष' कार्यक्रम अन्य विविध रचनात्मक गतिविधिहरू समेत गर्ने निर्णय गरियो ।

चालू आर्थिक वर्षमा नगरपालिकाका विभिन्न शाखा, उपशाखा तथा वडा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूमध्ये उत्कृष्ट कर्मचारीहरू छनौट गरी सोही कार्यक्रममा सम्मान गर्ने निर्णय गरियो ।

उत्कृष्ट कर्मचारी सम्मानका लागि नगरपालिका अन्तर्गत शाखा, उपशाखा प्रमुख तथा वडा कार्यालयहरूमा आफू मातहतका कर्मचारीहरूमध्ये उत्कृष्ट कर्मचारी छनौट गरी नगरपालिकामा प्रस्ताव पठाउन पत्राचार गर्ने निर्णय गरियो ।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

## लगत इष्टिमेट सम्बन्धमा

मिति : २०७६/०१/०९ गतेको बसेको निर्माण समिति

| क. सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याङ्कन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क) ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | |
| १ | दरबार स्क्वायर पुरानो नपा भवन पुन:निर्माण कार्य | ३ | १४७,७४०,२२५।७० | | | | | | | |
| घघ | दरबार स्क्वायर स्थित भुमिसुधार कार्यालय भवन पुन:निर्माण कार्य | ३ | ८४,६०५,८५२।१० | | | | | | | |
| ३ | भार्वाचो बसपार्कमा ढलान तथा इन्टरलकिङ ब्लक छाप्ने कार्य | १ | १८,१४५,२३१।०४ | १९,६६७,१३८।८७ | | | | | समपूरक बजेट | सूचना प्रकाशन गर्न निर्देशन दिने |
| ४ | दोका फल्चादेखि बाराही पीठसम्म इन्टरलकिङ ब्लक छाप्ने कार्य | ३ | ११,५९२,२३९।०५ | १२,७५८,०९९।२२ | | | | | समपूरक बजेट | सूचना प्रकाशन गर्न निर्देशन दिने |
| **ख) भुक्तानी सम्बन्धमा** | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउद्देश्य भवनको लागि दाची ईंटा, बुट्टा ईंटा खरिद भुक्तानी | ९ | आर.आर. कन्स्ट्रक्सन, भक्तपुर | | | | | ६१९,९१८।०० | नपा | खर्च समर्थन |
| २ | ब्यासी पर्यटन सेवा केन्द्रमा शौचालय सुधार कार्यमा स्यानिटरी फिटिङ्स बापत भुक्तानी | ९ | ए.बी.आर हार्डवेयर, भक्तपुर | | | | | ३३,०३३।२९ | नपा | खर्च समर्थन |
| | | | | | | | | | | |
| **ग) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा** | | | | | | | | | | |
| १ | ब्यासी नपा भवन परिसरमा स्वचालित शौचालयको लागि टहरा तथा अण्डरग्राउण्ड ट्याङ्की निर्माण | २ | उपभोक्ता समिति अध्यक्ष सिताराम कोजू | | | | अनुगमन समिति संयोजक रत्नकाजी नायोभारी | | | |
| २ | खरिपाटी ब्यारेक मुनि च्वो:ला राजकुलो मर्मत | १० | उपभोक्ता समिति अध्यक्ष उद्धव थापा | | | | अनुगमन समिति संयोजक जितेन्द मुनंकर्मी | | | |
| **घ) म्याद थप सम्बन्धमा** | | | | | | | | | | |
| १, | च्याम्हासिंह प्रवेशद्वार पुन: निर्माण (रिभाइज्ड) | ९ | ३,९२८,३००।२२ | उपभोक्ता समिति अध्यक्ष गंगाराम ज्याख्व | | | मिति २०७६ चैत्र मसान्तसम्म म्याद थप गर्ने निर्णय | | नपा बजेट | क्रमागत योजना |
| **ङ) अन्य** | | | | | | | | | | |
| १ | चालू आ.व.०७५/७६ को स्वीकृत जिल्ला दररेट अनुसार तयार भएको Rate Anallaysis मा 70mm thick Concreting Interlocking Block को आइटम छुट हुन गएको हुँदा सो बमोजिम लागत इष्टिमेट गर्न तपसिल बमोजिमको दररेट कायम गर्ने निर्णय गरियो । | | | | | | | | | |
| २२२ | **70mm thick Concreting Interlocking Block** | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **Analysis For : 10 Sqm** | | | | | | **Ref : B-125-13.4b** | | | |
| | **Resources** | **Calss/ Type** | **Quantity** | **Unit** | **Rate** | **Amount** | **Total** | | | |
| | Labour | Skilled | 1.00 | nos | 1,200.00 | 1,200.00 | | | | |
| | | Unskilled | 10.00 | nos | 1,000.00 | 10,000.00 | | | | |
| | | Other | | | | | | | | |
| | **Sub Total :** | | | | | | **11,200.00** | | | |
| | **Materials :** | | | | | | | | | |
| | Interlocking Block | | 12.50 | Sqm | 4,075.39 | 50,942.38 | | | | |
| | Stone Dust | | 1.26 | Cum | 803.33 | 1,012.20 | | | | |
| | Sand | | 0.24 | Cum | 3,213.30 | 771.19 | | | | |
| | **Sub Total :** | | | | | | **52,725.76** | | | |
| | **Actual Rate** | | | | | | 63,925.76 | | | |
| | **15% contractor's Overhead** | | | | | | 9,588.86 | | | |
| | **Net Total :** | | | | | | **73,514.63** | | | |
| | **Rate per unit : Rs.7351.46** | | | | | | | | | |

मिति : २०७६/०१/१७ निर्माण समिति निर्णय

| क.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **क) ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | |
| घघ | राममन्दिर काउन्टर मर्मत | ४ | ९७,९६९।७२ | | | | | | वातावरण | |
| २ | ठूलो ब्यासी र सानो ब्यासी काउन्टर मर्मत | २ | २८४,८४२।४० | | | | | | वातावरण | |
| ३ | भार्वाचो काउन्टर मर्मत | १ | ७०१,१६६।४३ | | | | | | वातावरण | |
| ४ | खरिपाटी ब्यारेक मुनि द्यो:ला राजकूलो मर्मत | १० | ५०१,२४७।०३ | | | | | | कृषि | |
| ५ | लिवालीमा कभर्डहल निर्माण कार्य | ८ | ७,९३४,०२९।०० | | | | | | नपा | |
| ६ | जि.प्र.का. हुँदै पुरानो नपा भवन दरबार क्षेत्र जाने बाटो ढुंगा छपाई | २ | ४,०१४,३६४।७३ | | | | | | नपा अनुदान | प्रस्तावित योजना |
| ७ | पलिखेल चोक ढुंगा छपाई | ७ | ३,५३४,५०२।०६ | | | | | | नपा अनुदान | प्रस्तावित योजना |
| ८ | जगन्नाथ मन्दिर, क्वाछें | ५ | ४,५५३,३२६।०६ | | | | | | नपा अनुदान | प्रस्तावित योजना |
| ९ | सिद्धपोखरी उत्तरस्थित गुहेश्वरी पाटी | १ | ५,९६६,१३५।८४ | | | | | | नपा अनुदान | प्रस्तावित योजना |
| १० | त्रिपुरासुन्दरी दाफा भजन घर निर्माण | ५ | ३,५९६,४९६।७३ | | | | | | नपा अनुदान | प्रस्तावित योजना |
| ११ | हनुमानघाट पारीको सत्तल पुन:निर्माण | ७ | २४,४१९,१३३।९५ | | | | | | नपा अनुदान | प्रस्तावित योजना |
| १२ | नारायण मन्दिर (जैंला) | ८ | २,२३३,०६६।७९ | | | | | | नपा अनुदान | प्रस्तावित योजना |
| **ख) पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | |
| १ | भर्वाचो मोटरपार्क आकाशे पानी संकलन ट्याङ्की निर्माण कार्य | १ | २,५३०,०३७।३२ | | २,५९०,५१९।४१ | २,१३८,८०७।९५ | १,६२५,०००।०० | ५१३,८०७।९५ | नपा | पे.फ. |
| २ | सिद्धपोखरी परिसरमा सार्वजनिक शौचालय निर्माण | १ | ५,९९०,६८५।५९ | | २,४०९,१७०।१७ | २,४२२,३३०।०५ | १,५००,०००।०० | ९२२,३३०।०५ | नपा | आशिक पे.फ |
| ३ | तलेजु भवानी अगम छें मुल चोक उत्तरपूर्वी खण्ड जीर्णोद्धार कार्य | ३ | १२,२७७,९४१।९६ | | १३,४४३,३९०।८९ | १३,१८०,७९३।०० | | | नपा | कार्य सम्पन्न |
| ४ | देकोचा ख्वप कलेज वरिपरि पेटी निर्माण कार्य | ६ | ३,३७०,५४९।२५ | | १,४१६,२१४।८३ | १,११०,३९९।२९ | १,१००,०००।०० | १०,३९९।२९ | नपा | आंशिक पे.फ.र थप रू. ११ लाख पेश्की सिफारिस |
| **ग) अन्य** | | | | | | | | | | |
| १ | माथि उल्लेखित ल.ई. स्वीकृत भएका योजनाहरूमा १, च्याम्हासिंह प्रवेशद्वार पुन: निर्माण, २, वडा भवनदेखि जि.प्र.का हुँदै पुरानो नपा भवन सम्मको बाटोमा बाँकी भागमा ढुँगा छपाई, ३, पसिखेल चोकमा ढुँगा छपाई, ४, जगन्नाथ मन्दिर (क्वाछें), ५, सिद्धपोखरी उत्तरस्थित गृत्येश्वरी पाटी, ६, त्रिपुरासुन्दरी दाफा भजन घर निर्माण, ७, हनुमानघाट पाटीको सत्तल पुन: निर्माण, ८, जैंला नारायण मन्दिर र ९, सूर्यमढी वाकुपति नारायणसमेत गरी ९ वटा योजनाहरूका लागि श्री राष्ट्रिय पुन: निर्माण प्राधिकरणसँग कुल रू.६,९४,२८,३५१।५७ बराबरको बजेट मागको लागि पत्राचार गर्ने निर्णय गरियो । | | | | | | | | | |

## विभिन्न समितिको निर्णय अनुमोदन

### आर्थिक समिति

**मिति २०७६।१।५ गते**

१. भक्तपुर नगर क्षेत्रभित्रका सहकारी संस्थाहरूको प्रभावकारिता वृद्धि गर्न ती संस्थाहरूको सञ्चालक समितिका अध्यक्ष र लेखा समितिका संयोजकहरूको भेला मिति २०७६।१।११ गते बुधबार दिउँसो २:०० बजे भ.न.पा. सभाकक्षमा आयोजना गर्ने निर्णय गरियो।

२. भक्तपुर नगर क्षेत्रभित्रका सहकारी संस्थाहरूले हरेक महिनाको ७ गतेभित्र अघिल्लो महिनाको मासिक प्रतिवेदन नगरपालिकामा बुझाउनुपर्ने प्रावधान रहे पनि धेरैजसो सहकारी संस्थाहरूबाट प्रतिवेदन नबुझाएको पाइएकोले नियमित प्रतिवेदन नबुझाउने सहकारी संस्थाहरूको हकमा समयमै नबुझाएको महिनाको मासिक रु. २००।- का दरमा बिलम्ब शुल्क (जरिवाना) लिने निर्णय गरियो। उक्त निर्णय बैशाख महिनाको प्रतिवेदनदेखि लागू हुने जानकारी स्थानीय पत्रिका मार्फत प्रवाह गर्ने निर्णय समेत गरियो।

३. भक्तपुर नगरपालिकामा दर्ता हुन बाँकी रहेका पसल/व्यवसायहरूलाई दर्ता प्रक्रियामा सहभागी गराउन २०७५ चैत्र महिनामा कर टोली गठन गरी व्यवसाय दर्ता गरिएकोमा टोलीमार्फत १० वटै वडामा गरी कुल १०५० व्यवसाय तथा पसल दर्ता भई रु.५१,३७,२५०।- कर असुल भएको साथै दर्ता बाँकी व्यवसायीहरू अझै बाँकी रहेकोले पुनः २०७६ बैशाख १५ देखि कर टोली व्यवस्था गरी दर्ता प्रक्रिया अगाडि बढाउन र बक्यौता जरिवाना छुटको म्याद २०७६ जेठ मसान्तसम्म थप गर्न गर्ने निर्णय गरियो। साथै उल्लेखित छुट उद्योगहरूबाहेक पसल तथा व्यवसायहरूलाई मात्र प्रदान गने निर्णय गरियो।

४. भक्तपुर औद्योगिक क्षेत्रभित्रका उद्योगहरूले तिर्नुपर्ने कर सम्बन्धमा औद्योगिक क्षेत्रभित्रका उद्योगीहरू र नगरपालिकाका प्रतिनिधिबीच मिति २०७५।६।१५ गते बसेको सहमति समेतका आधारमा मिति २०७५।६।२१ गते बसेको भ.न.पा. बोर्ड बैठकले २०७५ चैत्र मसान्तभित्र बक्यौता सहितको कर बुझाउनेलाई लाग्ने जरिवाना मिनाहा गरेकोमा त्यस क्षेत्रका ३५ उद्योगहरूमध्ये १५ उद्योगहरूले कर तिरेको तर बाँकी २० वटा उद्योगहरूमा नआएकोले कर नतिर्ने उद्योगहरूलाई आवश्यक कानूनी कारबाही गरी कर असुल प्रक्रिया अघि बढाउनुपर्ने निर्णय गरियो।

**मिति २०७६।१।१६ गते**

१. मिति २०७५।११।१३ गतेको निर्णयअनुसार भक्तपुर नगरपालिकाभित्र सञ्चालित बचत तथा ऋण सहकारी संस्थाका लेखाको कार्य गर्ने कर्मचारी वा पदाधिकारीहरूलाई पर्ल्स विश्लेषण तालिम मिति २०७६।१।२९ र ३० गते बिहान ११:०० बजे भ.न.पा. सभाकक्षमा सञ्चालन गर्ने निर्णय गरियो। उक्त तालिममा सहभागीको लागि विज्ञापन प्रकाशित गर्ने निर्णय गरियो। साथै सहकारीहरूलाई सहभागिताको पत्राचार समेत गर्ने निर्णय गरियो।

२. पर्ल्स विश्लेषण तालिमको लागि सहजकर्ता (प्रशिक्षक) को लागि श्री कृष्णगोविन्द लाखाजुलाई अनुरोध गर्ने निर्णय गरियो।

३. २ दिने पर्ल्स विश्लेषण तालिमको लागि अनुमानित रु.३९,०००।- बजेट पारित गर्ने निर्णय गरियो।

### लेखा समिति

**मिति २०७५।१२।२८ गते**

१. योजना शाखाबाट पेश भएको प्रगति विवरण माथि छलफल गरी सम्पन्न योजना तथा जाँचपास तथा फरफारक हुने बाँकी योजनाहरूलाई फरफारक गर्न र स्थगित तथा कार्य सञ्चालन हुन बाँकी योजनाहरूलाई उपभोक्ता समिति गठन गराई आयोजना सञ्चालन गर्न सुझाव दिने निर्णय गरियो।

२. लेखा शाखाबाट पेश गरेको पेश्की फछ्र्यौट र पेश्की बाँकी प्रगति प्रतिवेदनमाथि छलफल हुँदा धेरै पहिलाका आर्थिक वर्षको पेश्की फछ्र्यौट हुन बाँकी व्यक्ति, संघ-संस्था तथा उपभोक्ता समितिका अध्यक्षहरूलाई न.पा. मा भेला गराई छलफल गर्ने निर्णय गरियो।

### कृषि समिति

**मिति २०७६।१।८ गते**

१. २०७६ बैशाख १५ गतेदेखि शुरु हुने कृषि प्राविधिक तालिमको उद्घाटन कार्यक्रम निम्न अनुसार गर्ने :

प्रमुख अतिथि : प्रमुख सुनिल प्रजापति
अतिथि : उपप्रमुख रजनी जोशी
सभापति : राजकृष्ण गोरा
स्वागत : लक्ष्मीप्रसाद ह्यौंमिखा
सञ्चालन : हरिराम सुवाल
अतिथि : प्राविधिक राजेन्द्र/रमेश

२. माटो परीक्षण गर्ने सामाग्रीलगायत खरिद गर्न तथा तालिमको लागि समितिका सदस्य लक्ष्मीप्रसाद ह्यौंमिखालाई २ लाख हाललाई पेश्की लिन लगाउने निर्णय गरियो।

**महिला, बालबालिका तथा समाज कल्याण समिति**

**मिति २०७६।१।१० गते**

१. यस भक्तपुर नगरपालिकाको महिला बालबालिका तथा समाज कल्याण समितिको २०७६ जेठ १ गते बुधबारका दिन साविक भ.न.पा. १५ स्थित भवनमा ३ महिने पाक शिक्षा तालिम सञ्चालन गर्ने :

क. प्रति वडा २ जनाको दरले जम्मा २० जना

ख. दिनको ४ बजेदेखि ६ बजेसम्म

ग. प्रति सहभागी रु.३००।- शुल्क लिने ।

२. पाक शिक्षा तालिमको लागि प्रशिक्षक श्री राम बिरबललाई नियुक्ति गरी मासिक रु.१५,०००।- दिने निर्णय गरियो ।

३. ४ महिने आधारभूत सिलाई र ३ महिने बेसिक सिलाई २०७५ जेठ १ गतेदेखि शुरु गर्ने ।

क. आधारभूत - साँझ ४: ०० बजेदेखि ६:०० बजेसम्म

ख. वेसिक : बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७६।१।९ गते**

१. नियमित पाक्षिक सरसफाइ कार्यक्रम २०७६ वैशाख १५ गते भ.न.पा.वडा नं. १ स्थित रानीपोखरी परिसरमा बिहान ७:०० बजे गर्ने निर्णय गरियो ।

२. घर दैलोबाट कुहिने र नकुहिने फोहर संकलन गर्नको लागि वडा नं. १ देखि १० सम्म २०७६ जेठ १ गतेदखि ट्राइसाइकल सञ्चालन गर्ने निर्णय गरियो ।

३. वडा नं. १ देखि १० सम्मका वडाहरूमा पर्यटन शौचालन स्तरोन्नति गर्नको लागि देहायबमोजिम ल.ई. समेत पेश गरेको हुँदा ल.ई. अनुसार वडा कार्यालयबाटै खर्च गरी स्तरोन्नति गर्ने र सोको खर्च पर्यटन बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

क. वडा नं. ४ राममन्दिर पर्यटक शौचालय

४. वडा नं. ८ निवासी राजेश गोसाइँको निवेदनअनुसार १० नं. वडा कार्यालयबाट स्थलगत सर्जमिन मुचुल्का समेत भइसकेको हुँदा श्री ख्वप इन्भाइरोमेन्टल कन्जरभेसन एण्ड रिसर्च सेन्टर नामको कम्पनी सञ्चालन गर्न स्वीकृति दिने निर्णय गरियो ।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७६।१।६**

१. प्रसिद्ध बिस्केट जात्रा मर्यादित, व्यवस्थित र शान्तिपूर्ण तरिकाले भव्यताका साथ सम्पन्न गर्न तथा जात्राको क्रममा भक्तपुर नगरका टोल-टोलमा विभिन्न जात्राहरू उल्लासमय ढंगले सम्पन्न गर्न सहयोग गर्ने विभिन्न सरकारी कार्यालय, गुठी, टीम, क्लब एवं सर्वसाधारण जनतामा धन्यवाद ज्ञापन गर्ने कार्यक्रम देहायको मिति, समय र स्थानमा आयोजना गर्ने निर्णय गरियो ।

मिति : २०७६ बैशाख ९ गते, सोमबार

समय : दिनको २:०० बजे

स्थान : नगरपालिकाको सभाकक्ष, व्यासी

२. भक्तपुर नगरका प्रमुख पर्यटकीय स्थलहरू दरबार क्षेत्र, टौमढी क्षेत्र, तालाक्व क्षेत्र र दत्तात्रय क्षेत्र तथा भनपा १ भार्वाचोस्थित अस्पताल क्षेत्रमा आन्तरिक एवं बाह्य पर्यटकहरूलाई इन्टरनेट सेवा प्रदान गर्ने ध्येयले वर्ल्ड लिंक कम्युनिकेसन प्रा.लि. ले यस नगरपालिकामा प्रस्ताव पेश गरेको सन्दर्भमा उपरोक्त स्थलहरूमा नि:शुल्क वाइफाइ सेवा प्रदान गर्न उक्त प्रा.लि. सँग सम्झौता गर्ने निर्णय गरियो ।

३. भूमि सुधार तथा मालपोत कार्यालय भक्तपुरले आ.व. २०७५/०७६ को साउनदेखि फागुन महिनासम्मको रजिष्ट्रेशनलगायत अन्य सेवा शुल्क वापतको रकम नियमानुसार बाँडफाँट गरी त्यस कार्यालयले यस भक्तपुर नगरपालिकामा पहिलो किस्ता बापत रु.१,३९,४५,०२५।- र दोश्रो किस्ता बापत रु.१,५३,५२,३३१।- गरी जम्मा रु.२,९२,९७,३५६।- (अक्षरेपी दुई करोड बयान्नब्बे लाख सन्तानब्बे हजार तीन सय छपन्न रूपैयाँ मात्र) निकासा गरिएको व्यहोरासहित पत्र प्राप्त भएको बैठकमा जानकारी गराइयो ।

४. भक्तपुर नगरका सम्पदाहरूको विषयमा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई जानकारी दिने हेतुले सम्पदा स्थलमा नेपाली भाषा, नेपाल भाषा र अंग्रेजी भाषामा परिचयसहितको बोर्ड बनाई उपयुक्त स्थलमा राख्ने तथा सम्पदाहरूको फोटोसहित परिचय पुस्तिका प्रकाशन गर्ने निर्णय गरियो ।

५. नेपाल सरकार मन्त्रि परिषदको मिति २०७५।११।०३ गतेको निर्णय बमोजिम स्रोत व्यक्ति साविकको पदमा काज फिर्ता गर्ने व्यवस्था भएकोमा भक्तपुर नगरपालिकाको शैक्षिक कार्यक्रम अगाडि बढाउन आवश्यक भएको ठहर गरी स्रोत व्यक्ति कृष्णप्रसाद कर्माचार्यलाई साविकको पदमा फिर्ता नपठाई नगर शिक्षा शाखामा कार्य जिम्मेवारी दिइरहेको हुँदा उहाँको सट्टा शिक्षक रामलक्ष्मी कवांलाई २०७५ फागुन महिनादेखि २०७६ बैशाख मसान्तसम्म नियमानुसार पारिश्रमिक नगरपालिकाको कोषबाट प्रदान गर्ने निर्णय गरियो ।

**मिति २०७६।१।१९ गते**

१. भक्तपुर नगरपालिकाको श्यानिटेशन उपशाखा अन्तर्गत

सरसफाइ कार्यक्रम कार्यरत कर्मचारीहरूको नियमित स्वास्थ्य परीक्षण यही २०७६ जेठ १५ गतेदेखि नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य केन्द्रमा गराउने निर्णय गरियो।

**२.** भक्तपुर नगरपालिकाद्वारा शैक्षिक ऋणका लागि सूचना प्रकाशन गरेअनुसार वडा कार्यालयको सिफारिसमा यस नगरपालिकाको प्रशासन शाखामा निवेदन परेका नगरवासी विद्यार्थीहरूको विषयमा यथार्थ जानकारी लिई वडा कार्यालयको बैठकबाट निर्णय गरी पठाउन सम्बन्धित वडा कार्यालयहरूमा निवेदनहरू फिर्ता पठाउने निर्णय गरियो।

**३.** नगरपालिकाभित्र सञ्चालित विभिन्न विद्यालयहरूमा विद्यार्थीहरूबीच आँखा स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम पहिलो चरणमा देहायबमोजिका विद्यालयहरूमा सञ्चालन गर्ने निर्णय गरियो :

१. बासु मा.वि. – कालीघाट
२. पद्म मा.वि.– दरबार क्षेत्र
३. शान्ति निकेतन मा.वि. – राम मन्दिर
४. आदर्श आजाद मा.वि. भेलुखेल

**४.** भक्तपुर नगरपालिकाको मुखपत्र '**भक्तपुर**' मासिक पत्रिका प्रशासनलाई थप व्यवस्थित रूपमा समयमै प्रकाशन गर्न आशाकुमार चिकंबन्जारलाई सहायक सम्पादक पदमा नियुक्त गर्ने निर्णय गरियो।

**५.** नगरवासी युवाहरूलाई लक्षित गरी रेडियो प्रस्तोता तालिम सञ्चालन गर्ने र त्यसका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो।

### निर्माण समिति

**मिति २०७६।१।९ गते**

**१.** भ.न.पा. वडा नं. ३ (साविक वडा नं. १३) स्थित कि.नं. ६२९ र ६३० क्षेत्रफल ०–०–२–१ र ०–०–३–१ भएको जग्गामा घर निर्माण गर्न नक्सा पास गर्नको लागि उत्तर बाटोतर्फ पूर्वतर्फको साविक घरसँग घरलाइन हुने गरी तथा दक्षिणतर्फ कि.नं. ६२८ को सिमानासम्म बनाउने गरी नक्सा पेश भएको सम्बन्धमा उत्तर मोहदातर्फ साविक पूर्वतर्फको घरसँग घरलाइन दिन उचित देखिन्छ। दक्षिण कि.नं. ६२८ सार्वजनिक जग्गातर्फ सेटव्याक छोड्न नपर्ने गरी नक्सा स्वीकृति पाउँ भन्ने सम्बन्धमा सो जग्गा नक्सा पास गर्ने जग्गाधनीको तर्फबाट सार्वजनिक धाराको लागि योगदान गरिएको हुँदा सेटव्याक छोड्न नपर्ने गरी कि.नं. ६२८ को सिमानासम्म निर्माण गरी पाउँ भन्ने माग सम्बन्धमा भ.न.पा. वडा ३ कार्यालयबाट सर्जमिन गरी माग निवेदन अनुसार दक्षिणतर्फ सेटव्याक छोड्न नपर्ने गरी निर्माण गर्न उचित हुने/नहुने सर्जमिन गरी पठाउन वडा कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो।

२. भक्तपुर नगरपालिकाको चौँथो नगरसभाबाट निर्णय भएअनुसार मिति २०७५।१२।१ गते बाट ३५ दिनको समयावधि तोकि नक्सा सूचीकरणको लागि दर्खास्त आह्वान सूचना जारी गरिएकोमा सो अवधिभित्र पनि कैयौँ नगरवासीहरूले दर्खास्त राख्न छुट भएको र केही समयावधि थप गर्न माग भएकोले यही २०७६ जेठ मसान्तसम्म सूचीकरणको निवेदन पेश गर्न पुनः सूचना जारी गर्न उचित हुँदा आवश्यक निर्णयार्थ बोर्ड बैठकमा पेश गर्ने निर्णय गरियो।

### सहकारी संस्था अनुगमन समिति

**मिति २०७५।१।३१ गते**

**१.** भक्तपुर नगरपालिकाअन्तर्गतका सहकारी संस्थाहरूसम्बन्धी डिभिजन सहकारी कार्यालय भक्तपुरबाट प्राप्त भएको १५६ संस्थाहरूको नाम नामेसी, ठेगानासमेतको जानकारी प्राप्त भयो।

**२.** कार्यालय व्यवस्थापन सम्बन्धमा छलफल हुँदा भक्तपुर नगरवासीहरूको क्षेत्राधिकारभित्रका सहकारी संस्थाहरूको कागजात, विवरण अध्यावधिक गरी सहकारीसम्बन्धी सूचना जानकारी र सेवालाई प्रवाह गर्न भक्तपुर नगरपालिकामा सहकारी हेर्ने छुट्टै कार्यालय/ शाखा/ इकाईको व्यवस्थापन गर्ने निर्णय गरियो।

**मिति २०७५।६।१२ गते**

**१.** सहकारी अनुगमन सम्बन्धमा छलफल हुँदा भक्तपुर नगर क्षेत्रभित्रका प्रत्येक वडाबाट एक एक वटा सहकारीको अनुगमन गर्ने निर्णय गरियो।

**मिति २०७५।९।१५ गते**

**१.** भ.न.पा. सहकारी संस्था अनुगमन समितिबाट भक्तपुर नगरपालिका वडा नं. २ स्थित हाम्रो अरनिको बचत तथा ऋण सहकारी संस्था लि.मा मिति २०७५।९।१० गते ११:०० बजे अनुगमन गर्ने निर्णय गरियो।

**मिति २०७५।९।१९ गते**

**१.** भक्तपुर नगरपालिका, सहकारी संस्था अनुगमनबाट मिति २०७५।९।२४ गते, मंगलबार, ११:०० बजे भ.न.पा. वडा नं. १० स्थित बेखाल बचत तथा ऋण सहकारी संस्थामा अनुगमान गर्ने निर्णय गरियो।

**मिति २०७५।११।१७ गते**

**१.** भक्तपुर नगरपालिका सहकारी संस्था अनुगमनबाट मिति २०७५ साल फागुन २१ गते मंगलबारका दिन दिउँसो

११:०० बजे भ.न.पा. १ इताछेँस्थित सूर्यकिरण बचत तथा ऋण सहकारी संसथामा अनुगमन गर्ने निर्णय गरियो।

**२.** सहकारी अनुगमन समितिको तर्फबाट गर्ने अनुगमनको क्रममा प्रतिदिन नगरपालिकाको नियमानुसार पाउने रु.३००।- अनुगमन भत्ता सम्बन्धमा छलफल गरी बोर्ड बेठकमा पेश गर्ने निर्णय गरियो।

**मिति २०७५।१२।१४ गते**

**१.** भक्तपुर नगरपालिका वडा नं. ४ स्थित राम मन्दिर क्षेत्रमा अवस्थित पानस बचत तथा ऋण सहकारी संस्था लि.मा २०७५ साल चैत्र १८ गते विहान १०:०० बजे अनुगमान गर्ने निर्णय गरियो।

**मिति २०७६।१।१३ गते**

१. भक्तपुर नगरपालिका वडा नं. १ स्थित मुस्कान बचत तथा ऋण सहकारी संस्था लि.मा २०७६ साल बैशाख १७ गते विहान १०:०० बजे अनुगमान गर्ने निर्णय गरियो।

**युवा तथा खेलकुद समिति**

**मिति २०७५।८।९ गते**

**१.** भ.न.पा. भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई आत्मरक्षासम्बन्धी तालिम सञ्चालन गर्न रविना सुवाल र रामशरण त्वातीको निवेदनअनुसार एउटा कक्षामा ५० जना विद्यार्थी र प्रतिदिनप्रति कक्षा रु.२,०००।- (दुई हजार) दिने निर्णय गरियो।

## विविध

**क.** नगरभित्र घर निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गर्न नसकेका घरधनीहरूको सूचीकरणको समयावधि २०७६ असार मसान्तसम्म थप गर्ने।

**ख.** यस नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार तथा बाल विकास केन्द्रहरूलाई थप व्यवस्थित एवं प्रभावकारी रूपमा सञ्चालन गर्न हालसम्म महिला, बालबालिका तथा समाज कल्याण समिति मातहत परिचालन भइरहेकोमा अबदेखि शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति मातहत परिचालन गर्ने निर्णय गरियो।

**ग.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित लिवाली जग्गा एकीकरण आयोजनाद्वारा निवेदिका न्हुछेलक्ष्मी दुवाललाई कि.नं. २२५ क्षे.प. ०-२-२-० को जग्गा थप गरी फिर्ता दिएकोमा निजको आर्थिक समस्याको कारण देखाई हालसम्म तिर्न नसकेको व्यहोरासहित मूल्यमा छुट र ४ किस्तामा रकम तिर्न पाऊँ भनी नगरपालिकामा दर्ता गरेको निवेदन सम्बन्धमा छलफल हुँदा उक्त जग्गाको मूल्यमा छुट गर्न नसकिने र २०७६ चैत्र मसान्तभित्रमा सबै रकम तिरिसक्ने गरी निजलाई ४ किस्तामा रकम तिर्ने सुविधा प्रदान गर्ने निर्णय गरियो।

**घ.** यस नगरपालिकाभित्र रहेका देहाय बमोजिम सम्पदाहरू पुनः निर्माण गर्न इन्जिनियरिङ्ग नक्सा डिजाइन, लागत इष्टिमेट र ड्इङ्गसहित राष्ट्रिय पुनःनिर्माण प्राधिकरणमा पत्राचार गर्ने निर्णय गरियो :

१. च्याम्हासिंह प्रवेशद्वार वडा नं. ९- रु.३९,२८,३००।२२
२. जि.प्र.का. दुवै पुरानो न.पा. भवन दरबार क्षेत्र जाने बाटो वडा नं. २ - २,४०,१४२६४।७५
३. पसिखेल चोक ईँटा छपाई, वडा नं. ७ - रु.३५,३४,५०२।०६
४. जगन्नाथ मन्दिर क्वाछें,वडा नं. ५ - रु.४५,५३,३२६।०६
५. सिद्धपोखरी उत्तरस्थित गुहेश्वरी पाटी वडा नं. १०- रु.५९, ६६,१३५।८४
६. त्रिपुरा सुन्दरी दाफा भजन घर वडा नं. ५- रु.३५,९६,४,०९६।७३
७. हुनमानघाट पाटीको सत्तल पुनः निर्माण, वडा नं. ७- रु.२४,४२,९,१३३।९५
८. नारायण मन्दिर जैँला, वडा नं. ८- रु.२२,३३,९६९६१३५९
९. वाकुपति नारायण वडा नं. ९- रु.१७,१८,२,९२५।२५

**ङ.** यस नगरपालिकाद्वारा निर्माण कार्य भइरहेको ख्वप अस्पताल भवन निर्माणलाई सूचारु गर्न अस्पतालको लागि विनियोजित रकममध्ये थप रु.५ करोड निकासा पठाउने निर्णय गरियो।

**च.** नगर कार्यपालिकाको बैठक (बोर्ड बैठक) मा उपस्थित हुने शाखा प्रमुख कर्मचारीहरूलाई २०७५ साउन १ गतेदेखि लागू हुने गरी खाजा/खाना खर्च बापत प्रतिबैठक जनही रु.५००।- (अक्षरेपी पाँच सय रूपैयाँ मात्र) का दरले रकम प्रदान गर्ने निर्णय गरियो।

**छ.** मिति २०७६ बैशाख १७ गते नगर शिक्षा शाखाको पत्र र शिक्षा समितिको निर्देशन अनुसार तपसिलका विद्यालयहरूलाई तपसिल बमोजिमको रकम निकासा दिइएको बैठकबाट अनुमोदन गरियो।

**तपसिल**

| विद्यालयको नाम | कार्यक्रम | रकम |
|---|---|---|
| पद्म मावि | पुस्तकालय स्थापना | ६,५०,०००।- |
| बासु मावि | पुस्तकालय स्थापना | ६,५०,०००।- |
| आदर्श आजाद मावि | कम्प्युटर इन्टरनेट | ६,५०,०००।- |
| बागीश्वरी मावि | कम्प्युटर इन्टरनेट | ६,५०,०००।- |
| सरस्वती विद्यागृह मावि | विज्ञान प्रयोगशाला | ६,५०,०००।- |
| समाज सुधार मावि | विज्ञान प्रयोगशाला | ६,५०,०० ०।- |
| गणेश मावि | शौचालय निर्माण | ७,००,०००।- |
| चण्डेश्वरी आवि | शौचालय निर्माण | ७,००,०००।- |

जम्मा ५३,००,०००।-

**ञ.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा १ क ३५५८ नं. को टिपर गाडीको सेल्फ डाइनामो मर्मत गर्दाको खर्च रु. ८,७६०।- एस. जी. वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

**झ.** भनपाद्वारा सञ्चालित बा १ क ९०२५ को डोजरमा टायरको हुप सिल फेरी मर्मत गर्दाको रु.४६,९१९।६३ सिप्रडी इन्टरप्राईजेजलाई भुक्तानी दिने निर्णय गरियो ।

ञ. भनपाद्वारा सञ्चालित गाडी नं. बा १ क ३५५९ को टिपर गाडीमा ढाला बनाउँदाको रु.९१,५३०।- भक्तपुर अटो पार्टस्लाई भुक्तानी दिने निर्णय गरियो ।

ट. भनपाद्वारा आयोजित वर्ष खेलाडी २०७५ तथा मार्चपास प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रमको लागि आवश्यक मेच र टेबल उपलब्ध गराए बापतको रु.५,५००।- भक्तपुर टेण्ट हाउसलाई भुक्तानी दिने निर्णय गरियो ।

ठ. भनपाद्वारा आयोजित वर्ष खेलाडी २०७५ तथा मार्चपास प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रममा सहभागी अतिथि तथा खेलाडीहरूलाई नास्ताको लागि रु.४६,३३०।-, मिति २०७५ चैत्र २७ गते आयोजित प्रसिद्ध बिस्केट जात्रा सम्पन्न गर्न आयोजित कार्यक्रममा सहभागीलाई चियापान खर्च रु.१६,४१८।१२, मिति २०७५ चैत्र १७ गते आइतबार बिस्केट जात्राको रथको रुटमा तारको अनुगमन गर्दा पाल्नुभएका महानुभावहरूको बिहानको नास्ता रु.९,३२२।५० गरी रु.७२,०७०।६२ सूर्यविनायक पार्टी भेन्यूलाई भुक्तानी दिने निर्णय गरियो ।

**ड.** भनपामा विभिन्न समयमा बैठकमा खाजा खर्च उपलब्ध गराए बापत रु.१,४०,५६४।- दिव्य स्वीट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

## मिति २०७६ जेठ ६ गते सोमबार

## निर्णयहरू

### नप्रतिनिधिहरूको २ वर्ष

भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरू बहाल भएको दुई वर्षको अवसरमा जनप्रतिनिधिहरूको २ वर्ष कार्यक्रम मिति २०७६ जेठ ७ गते, दिउँसो ३:०० बजे महेश्वरी बैङ्क्वेटमा गर्ने र उक्त कार्यक्रम देहायअनुसार गर्ने :

क. प्रमुख अतिथि : नारायणमान बिजुक्छें, अध्यक्ष, नेपाल मजदुर किसान पार्टी

ख. अतिथि : माननीय सांसद श्री प्रेम सुवाल

ग. अतिथि : प्रदेशसभा सदस्य श्री सुरेन्द्रराज गोसाई

घ. अतिथि : प्रदेशसभा सदस्य श्री सृजना सैंजु

ङ. अतिथि : प्रमुख जिल्ला अधिकारी

च. अतिथि : प्रहरी नायब उपरीक्षक

छ. अतिथि:सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

ज. अतिथि:सहसचिव संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### अनुदान

परम्परागत शैलीमा घर निर्माण गर्ने तपसिल अनुसारका घरधनीहरूलाई अनुदान दिने निर्णय गरियो :

### तपसिल

| क्र.सं. | घरधनीको नाम | ठेगाना | पाउने रकम |
|---|---|---|---|
| १. | कृष्णेश्वरी मल्ल प्रधानाङ्ग | भ.न.पा.२ | २,४९,३३३।०० |
| २. | रत्नकेशरी कक्षपति | भ.न.पा.६ | ४,७०,९५१।०० |
| ३. | कृष्णराम कुम्पाख | भ.न.पा.६ | २,१३,६५३।०० |
| ४. | विष्णुराम प्रजापति | भ.न.पा.९ | ३,५७,६६८।०० |
| ५. | विकास कोजु | भ.न.पा.१० | १,५५,२५८।०० |
| | | जम्मा | १४,४६,८६३।०० |

## समितिको निर्णय अनुमोदन

### आर्थिक समिति

### मिति २०७६।१।३० गते

**१.** आजको बैठकमा आगामी आ.व. २०७६/०७७ का लागि यस आर्थिक समितिअन्तर्गत सम्पन्न गरिने कार्यक्रम तथा सोको लागि अनुमानित बजेट तपसिलअनुसार हुने गरी सभामा पेश गर्ने निर्णय गरियो :

| क्र. सं. | कार्यक्रम | अनुमानित बजेट रकम (रु.) |
|---|---|---|
| १ | बहाल करसम्बन्धी टोली परिचालन, खाजा खर्च, प्रचार प्रसार (एफ.एम. पत्रपत्रिकाको लागि) आदि | ३,००,०००।- |
| २ | व्यवसाय करसम्बन्धी खाजा खर्च, प्रचार | ३,००,०००।- |
| ३ | सम्पत्ति कर (घरजग्गा कर सम्बन्धी) | २,००,०००।- |
| ४ | आधुनिक करदाता सूचना प्रणाली व्यवस्थापन खर्च | ८,००,०००।- |
| ५ | वडा सचिव/प्राविधिक/प्रशासन सहायकलाई सूचना प्रविधिसम्बन्धी तालिम | १,००,०००।- |
| ६ | करदाता अभिमुखीकरण कार्यक्रम | १,००,०००।- |
| ७ | कर तिर्नुपर्नेलगायत नगरपालिकामा गरेका विकास निर्माण कार्यक्रमबारे जानकारी दिने टिभी स्क्रिन, कुर्सीलगायतको व्यवस्थापन खर्च (हाललाई ५ वटा वडामा प्रतिवडा २ लाखको दरले) | १०,००,०००।- |
| ८ | विज्ञापन करसम्बन्धी चेतनामूलक कार्यक्रम तथा व्यवस्थापन खर्च | १,००,०००।- |

| सहकारीसम्बन्धी कार्यक्रम | | |
|---|---|---|
| क्र.सं. | विवरण | अनुमानित बजेट रकम (रु.) |
| १ | Home Stay सम्बन्धी तालिम कार्यक्रम | २,००,०००।- |
| २ | लेखा तालिम | ८०,०००।- |
| ३ | व्यवस्थापन तालिम | १,००,०००।- |
| ४ | सहकारी दिवसमा प्रवचन कार्यक्रम | ५०,०००।- |
| ५ | थाङ्का, (पौवा) तालिम तथा ग्यालरी व्यवस्था | १०,००,०००।- |
| | कूल जम्मा | ४३,३०,०००।- |

जनप्रतिनिधि बहाली भएको २ वर्ष पुगेको अवसरमा यस आर्थिक समितिबाट भए गरेका क्रियाकलापहरूको प्रतिवेदन तयार गरी पेश गर्ने निर्णय गरियो ।

**सहकारी अनुगमन समिति**

**मिति २०७६।१।२९ गते**

**१.** भक्तपुर नगरपालिकाका कार्यालयको मिति २०७६ बैशाख २५ गते प्रेषित पत्रअनुसार आ.व. ०७६/०७७ को लागि तपसिल बमोजिमको बजेट तथा कार्यक्रम गर्ने निर्णय गरी पेश गर्ने :

क. सहकारी अनुगमन कार्यलाई निरन्तरता दिने,

ख. अनुगमन पश्चात विश्लेषण गरी पत्राचार गर्ने,

ग. सहकारीको मापदण्डअनुसार नभएका साकोसका सञ्चालक, व्यवस्थापक र लेखा समितिहरूलाई बोलाउने : १,००,०००।-

घ. निम्न अनुसारका तालिम सञ्चालन गर्ने :

१. नेतृत्व विकास तालिम - ५०,०००।-

२. पर्ल्स विश्लेषण तालिम - ७०,०००।-

३. लेखा सुपरिवेक्षण तालिम - ७०,०००।-

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७६।१।२५ गते**

**१.** भक्तपुर नगरपालिकाको आयोजनामा नगरवासी युवाहरूलाई लक्षित गरी एफ.एम.रेडियो कार्यक्रमको लागि दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्क्रिप्ट लेखन, सम्पादन, प्रस्तुती कला तथा प्राविधिक विषय समेत समेटेर १५ दिने रेडियो प्रस्तोता तालिम सञ्चालनका लागि यही २०७६ जेठ १० गतेभित्र निवेदन दर्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निवेदकहरूबाट दर्ता शुल्क बापत रु.१००।- र निवेदकहरूमध्ये अन्तर्वार्ताबाट छानिएका आवेदकहरूसँग सहभागिता शुल्क बापत रु.१०००।- (अक्षरेपी एक हजार रूपैयाँ) मात्र संकलन गर्ने निर्णय गरियो ।

त्यस्तै तालिम सञ्चालनसम्बन्धी व्यवस्थापनको जिम्मेवारी दिन देहाय बमोजिमका साथीहरूलाई जिम्मेवारी दिने निर्णय गरियो :

**तपसिल**

रविन्द्र ज्याख्व - संयोजक

दिपेन्द्र प्रजापति - सदस्य

ओम धौभडेल - सदस्य

मैया त्वानाबासु -सदस्य

**२.** भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको २ वर्ष कार्यक्रम यही २०७६ जेठ ७ गते देहाय बमोजिम कार्यक्रमहरू तय गर्ने निर्णय गरियो :

**क.** खौमा ध्वाका तथा केदारनाथ मन्दिर उद्घाटन
समय : बिहान ७:३० बजे
स्थान : दरबार क्षेत्र, भक्तपुर

**ख.** १ नं. वडा कार्यालय उद्घाटन
समय : बिहान ११ बजे
स्थान : भार्वाचो (बसपार्क)

**ग.** भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको २ वर्ष कार्यक्रम
समय : दिनको ३ बजे
स्थान : माहेश्वरी बैङ्क्वेट

**३.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रहरूको व्यवस्थापन र रेखदेखको लागि पर्यटन अधिकृत दिपेन्द्र प्रजापतिलाई थप जिम्मेवारी दिने निर्णय गरियो ।

**४.** भक्तपुर नगरपालिका वडा नं. ५ स्थित एकान्तमुखी धिमे खलः ले नयाँ युवा पिँढीलाई बाँसुरी बाजा प्रशिक्षण दिइरहेकोमा आर्थिक सहयोगको लागि भनपा ५ नं. वडा कार्यालयबाट यस नगरपालिकामा मिति २०७५।१०।४ गते प्रेषित सिफारिस पत्रबमोजिम निज धिमे खलःलाई नगद रु.३०,०००।- (तीस हजार रूपैयाँ मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**मिति २०७६।२।२५ गते**

**१.** चिकित्साशास्त्र संकायअन्तर्गत विभिन्न विषयहरूमा एम.डी. वा सोसरह स्नातकोत्तर तह अध्ययन गर्न चाहने नगरवासी विद्यार्थीहरूमध्ये २ जनालाई यस नगरपालिकाको तर्फबाट कलेजमा व्यहोर्नुपर्ने सम्पूर्ण खर्च व्यहोर्ने व्यहोरासहितको निवेदन आह्वान गर्न एकहप्ते सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**२.** भक्तपुर नगरपालिकाद्वारा विभिन्न विषयमा स्नातक तह वा सोभन्दा माथिल्लो तह अध्ययन गर्न चाहने/अध्ययन गरिरहेको विद्यार्थीहरूलाई शैक्षिक ऋण प्रदान गर्ने सूचना प्रकाशित भएअनुसार नगरवासी विद्यार्थीहरूले नगरपालिकामा निवेदन दिएकामध्ये सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएकाहरूलाई नगरसभाबाट पारित शैक्षिक ऋण प्रदान गर्ने कार्यविधि अनुसार शैक्षिक ऋण प्रदान गर्ने निर्णय गरियो ।

**३.** विश्वविद्यालय तहमा/क्यामपस तथा इतिहास, भूगोल, कला-संस्कृति, नेपालभाषा र राजनीति शास्त्र अध्ययन गर्ने विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट प्रत्येक विद्यार्थीलाई नियमित कोर्स अवधिभरको मासिक शुल्कबापत तिर्नुपर्ने रकम छात्रवृत्ति प्रदान गर्ने निर्णय गरियो ।

**४.** भक्तपुर नपा वडा नं. ७ स्थित निवासी हरिमेश शिल्पकारले २ वर्षीय छोरा मेह शिल्पकारलाई GBS Guliiio Barre Syndrom नाम अति विरल एवं जटिल संक्रमण रोगबाट पीडित भई उपचाररत रहेको र आर्थिक अवस्था कमजोर भई थप उपचारमा समस्या भएको व्यहोरासहित सम्बन्धित वडा कार्यालयको सिफारिस समेत आएको हुँदा निज बिरामीलाई उपचार खर्च बापत यस नगरपालिकाको तर्फबाट नगद रु.१०,०००।– (दश हजार रूपैयाँ मात्र) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**वातावरण तथा पर्यटन समिति**

**मिति २०७६।१।२३ गते**

**१.** २०७६ जेठ १ गतेदेखि वडामा १ दिन बिराएर कुहिने र नकुहिने फोहर छुट्याई संकलन गर्न प्रत्येक वडामा १ वटा ट्राइसाइकल परिचालन गर्ने निर्णय गरियो ।

**२.** बैशाख ३० गते ३ बजे सफाई मजदुरहरूको भेला भ.न.पा. सभा कक्षमा राख्ने निर्णय गरियो ।

**३.** वडा वडाबाट छुटयाई संकलन गरेको नकुहिने फोहरलाई महेश्वरी ग्यारेज भवनमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**४.** २०७६ जेठ १ गतेदेखि सफाई मजदुर, हेल्पर, ड्राईभरहरूलाई सुरक्षाको लागि माक्स, पंजा, गमबुट अनिवार्य लगाउन दिने ।

**५.** वडामा ट्राईसाइकल परिचालन गरी कुहिने र नकुहिने फोहर अलग–अलग छुट्याई संकलन गर्नेबारे मजदुर पत्रिकामा सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

नकेगु गर्दछ । यसलाई यहाँ 'पन्चा तानेगु' पनि भनिन्छ । यसको छुट्टाछुट्टै अध्ययन हुनुपर्छ । यहाँ 'ब्यां जा' नकेगु भनी भ्यागुतोलाई भात खुवाउने यहाँ साच्चिकै भात होइन बरु त्यस दिन पाक्ने क्वाँटी र रोटी नै राख्ने चलन छ तर पन्चा तानेगु चाहिं वास्तवमा नेवार समुदायकै अर्को एक महत्त्वपूर्ण पर्व पन्चदान वा पंजराबाट आएको शब्द हो । यसदिन गर्ने क्रियाकलापबाट पनि यसको पुष्टि हुन्छ । बिहानी पख घर सबै लिपपोत गरी शुद्ध भई लोकेश्वर वा अजाजु द्यः कहाँबाट ल्याएको जलले घर सबै भागमा छर्की चोखो बनाउनुपर्छ । जुन लोकेश्वर वा अजाजु द्यः पंजरा वा पन्चदानका मुख्य देवता हुन् । यसरी घर तथा आफू शुद्ध भएपछि घरकी नकींले 'ब्यां जा नकेगु' को लागि सर्वप्रथम ब्यांचा मारी पकाउँछ । त्यसपछि भिजेको चिउराबाट स्याबजीको गोजा बनाउनुपर्छ । मुलालाई चक्का चक्कापारेर काटि सिन्कामा घोचि ठड्याएर राखिन्छ । यसलाई ब्यांचा न्ह्याकं भनिन्छ । गोजामा रातो कोखा राखिन्छ । यसबाहेक यस कार्यमा 'ब्यांचा ग्वेय' नामको फल चाहिन्छ । जुन फलको ब्यवसाय गर्ने वनमालाहरूबाट पाउन सकिन्छ । सर्वप्रथम 'ब्यांचा लप्ते' मा गोजा, ब्यांचा न्ह्याकं, ब्यांचा मारी, ब्यांचा ग्वेय, स्याबजी, क्वाँटी, रोटी, आदि राखी आ-आफ्नो खेतमा पुग्छ । जहाँ रोपाइँको समयमा 'द्व स्वानेगु' गरेको हुन्छ त्यहाँ अजाजु द्यः कहाँबाट ल्याएको शुद्ध जल छर्की धर्तीमाता र धर्तीमा बस्ने प्राणी विशेष गरी भ्यागुतालाई सम्झी पूजा गर्ने चलन छ । घरबाट लगेको सम्पूर्ण सामग्री त्यही राखिदिन्छ । यही नै 'ब्यां जा नकेगु' वा 'पन्चा तानेगु' हो । जुन नेवारबाहेक अरु कसैमा यो चलन देखिदैंन । यसरी श्रावण शुक्ल पूर्णिमाको दिन 'ब्यां जा नकेगु' वा 'पन्चा तानेगु' को खास कारण किन र के हो अर्थ्याउन सकेको छैन । कहावतकै आधारमा हेर्ने हो भने रोपाइँ सकेको करिब ४५ दिनमा 'ब्यां जा नकेगु' वा 'पन्चा तानेगु' कार्य हुन्छ । विशेषगरी रोपाइँको क्रममा खेत खन्दा धेरै स-साना जीवहरूको अकालमा मृत्यु भएको हुन्छ । यसरी भूलबस मारिएका जीवहरूप्रति सदाशयता राखी जसरी मानिस मर्दा १३ औं दिन वा ४५ औं दिनमा चोख्याउने चलन छ, त्यसरी नै खेतमा मारिएका जीवहरूको पनि स्मरणमा हरेक वर्ष श्रावण शुक्ल पूर्णिमाको दिन 'ब्यां जा नकेगु' गर्ने चलन बनेको हुनुपर्छ । यस दिनलाइ सिनाज्या ब्यंकेगु पनि भन्ने कारणले यसको पुष्टि हुन आउँछ । त्यसो त सिनाज्या ब्यंकेगु कार्य गाथामोग चन्हेदेखि नै भएको हुन्छ । जुन श्रावण शुक्ल पूर्णिमा अर्थात गुन्ही-पुन्हीको दिनसम्ममा सकाउनुपर्ने चलन छ ।

'वास्तवमा रोपाइँको लागि विशेष सहयोग गरेका भ्यागुतालाई सम्झी 'ब्यांचा जा नकेगु' गरेको देखिन्छ । भ्यागुतो कराएपछि पानी पर्छ भन्ने मान्यता यहाँ छ । किम्बदन्तीकै आधारमा पनि केही समय अगाडि मनाएको गाथामोग पर्व यही भ्यागुतासित जोडिएको पर्व हो । अझ पनि समयमा वर्षा नभए भ्यागुताको विवाह गर्ने परम्परा यहाँ छ । भ्यागुता वर्षाकालीन प्राणी हो । जो पानी तथा जमिन दुवैमा बस्न सक्ने उभयचर प्राणी पनि हो । रोपाइँका लागि अति आवश्यक वर्षा हुनु पछाडि भ्यागुताको महत्त्वपूर्ण योगदान मात्र भएको छैन, खेतमा लाग्ने विभिन्न प्रकारका हानीकारक किराहरू खाई कृषि उत्पादनमा टेवा पुऱ्याइरहेको हुन्छ । भ्यागुताको यही गुणहरूलाई कदर गर्दै हाम्रा पुर्खाहरूले खेती गर्न जानेदेखि नै भ्यागुताको पूजा गर्दै आएको पाइन्छ ।

यता मध्यकालमा आइपुग्दा त भ्यागुताको गुणलाई नेपालभाषा साहित्यमा समेत लिपीबद्ध गर्न पुगे । भक्तपुरको प्रसिद्ध राजा जितामित्र मल्लले नेपाल सम्वत् ७९२ मा रचना गरेको संगीतसम्बन्धी नेपालभाषाको ग्रन्थ संगीत भाषा भन्ने ग्रन्थमा भ्यागुताको बारे उल्लेख छ । राजा जगतप्रकाश मल्ल एक साहित्यिक मनका राजा हुन् । उनले आफ्नो शासनकालमा थुप्रै साहित्य सिर्जना गरेको देखिन्छ । गीत संगीत, नाटक लगायत थुप्रै विधामध्य नेपाल सम्वत् ७९२ मा नेपालभाषाको 'संगित भाषा' पनि एक हो । जुन अनन्तसिंह भन्ने विद्धानले लिपिबद्ध गरेका थिए । जसमा विभिन्न विषयका ५१८ गीतहरू छन् । जहाँ एउटा गीत भ्यागुतासँग सम्बन्धित छ । जहाँ स्पष्ट सँग "उबारन ब्याङ वार झगंर ह्वसखा हार" भन्ने बोल उल्लेख छ । त्यस्तै भक्तपुरको अर्का प्रसिद्ध राजा भूपतिन्द्र मल्लले भक्तपुरमा मनाइने प्रायः सबै जात्रा चाडपर्वहरूबाट उल्लेख गरी नेपाल सम्वत् ८१८ मा न्ह्याक्कछें दरबारभित्रको मालती चोक (हालको राष्ट्रिय कला संग्राहालयभित्र) मा राख्न लगाएको शिलापत्रमा स्पष्टसँग ब्यांजा नकेगु उल्लेख छ । जहाँ 'श्रावणपुनिस कुन्हु ॥ पुजा पंचामृत सनमाल दक्षिणा उथें ॥ तुली ताला क्वाक ती ब्याङ जानके सुध्दान दं ३ रु थ्वते छाय माल ॥ भनी नेवारहरूले गुन्ही-पुन्हीको दिन गरिने एउटा संस्कारबारे उल्लेख गरिएको छ ।

यसबाहेक भ्यागुतोलाई वर्तमान शिक्षा प्रणालीले समेत मान्नुपर्ने जीवको रूपमा देखिन आउँछ । बैद्धिककालमा अध्ययनको लागि पाठ्यपुस्तक नहुँदा गुरुले प्रदान गरेको शिक्षा विद्यार्थीहरूले कण्ठस्थ पार्नु पर्दथ्यो । बास्तवमा वैदिक शिक्षण पदतिको आविष्कार नै भ्यागुताबाट भएको मानिन्छ । जसरी वर्षा याममा एउटा ठूलो भ्यागुतो कराएपछि अरु सबै भ्यागुतो एउटै स्वर निकालेर कराउँछ । यसबाट नै शिक्षा लिई वैदिककालमा गुरुबाट विद्यार्थीलाई शिक्षा दिने चलन चल्यो । यसलाई मनन् गरी ब्राम्हण वर्गमा यही श्रावण शुक्ल पूर्णिमाका दिन श्रावणिक कर्म तथा उपकर्म गर्ने चलन यद्यपि रहँदै आएको

छ। तसर्थ आदिवासी नेवारहरूमा होइन सम्पूर्ण विद्यार्थी वर्गले पनि यस दिनको भ्यागुताको योगदानलाई सम्झनु उपयुक्त हुन्छ।

यसबाट भ्यागुता एउटा त्यस्तो जीव वा प्राणी हो, जसको सम्बन्ध विद्वानदेखि कृषकसम्म भएको पाइन्छ। जुन विश्वका कुनै पनि जात-जातीका नभई नेपालमण्डलका नेवारहरूमा मात्र रहेको छ। आजको बद्लिदो परिवेशमा 'ब्यां जा नकेगु' जस्तो मौलिक संस्कृतिको वैज्ञानिक तथा तथ्यपरक सिंहावलोकन हुनु अत्यन्त आवश्यक छ।

**शब्दावली**

ब्यां जा नकेगु – भ्यागुतालाई भात खुवाउने
पन्चा तानेगु – पञ्चदान थाप्ने
सिनाज्या ब्यंकेगु – सिनाज्या चोख्याउने
सिनाज्या – रोपाइँ कार्य
सामाज्या – धान काट्ने कार्य
बुरांज्या – हाकुवा राख्ने (कार्य), भित्र्याउने कार्य
द्व स्वानेगु – नगद जम्मा गर्ने
गुन्हीपुन्ही – नौ दिनको पूर्णे
ब्यांचामारी – रोटी
ब्यांचा ग्वेय – भ्यागुतो सुपारी
ब्यांचा लप्ते – सिमीको पात
ब्यांचा न्हयाकं – मूलाको चक्का
अजाजु द्यः – लोकेश्वर भगवान
कोखा – तान्त्रिक पूजामा प्रयोग हुने धागो
गोजा – लट्टु आकारको चामल वा चिउराले बन्ने पूजाको परिकार
स्याबजी – भुटेको चिउरा
क्वाँटी – गेडागुडीको झोल
सम्येबजि – नेवारी भोजको परिकार

**सर्न्दभ सामग्री**


१. अभिलेख संग्रह, संशोधन मण्डल, काठमाण्डौं, वि.स. २०१८ माघ संक्रान्ति, पृष्ठ २०
२. Malla, Dr Kamal Prakash , A Dictionary of Classical Newari , Nepal Bhasa Dictionary Committee, Chosa Pasa , 2000AD
३. जोशी, हरिराम, नेपालको चाडपर्व
४. धौभडेल, ओम प्रसाद, ङातापोल एक्सप्रेस दैनिक, वर्ष ५ अंक १३१
५. रोलम्बा, भोल्युम १४, पृष्ठ २०
६. पासुका वर्ष ४ अंक २ कार्तिक २०५६ , पृष्ठ १० र ११
७. अर्थववेद
८. ऋग्वेद



भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर-२

कर छुटको सुविधा उपयोग गर्ने सम्बन्धमा
भक्तपुर नगरपालिकाको अनुरोध !

भक्तपुर नगरपालिकाले नगरवासीहरुको अनुरोध र सुझावलाई मध्यनजर राखी सम्पति कर (घर जग्गा कर) तथा बहाल करमा निम्नअनुसारको छुटको सुविधा प्रदान गरेकोले छुटको सुविधा उपयोग गर्न समयमै कर बुझाई नगरको सरसफाइ, सम्पदा संरक्षण र विकास निर्माणमा योगदान पुऱ्याउन सम्बन्धित सबैमा भक्तपुर नगरपालिका हार्दिक अनुरोध गर्दछ।

छुट तथा सहुलियत

- आवासीय घरको हकमा २०७६ कार्तिक मसान्तभित्र आ.व. २०७६/७७ सम्मको सम्पति तथा भूमिकर (मालपोत) बुझाएमा सम्पति करको आ.व. २०७५/७६ सम्मको सम्पूर्ण बक्यौतामा ५० प्रतिशत छुट दिने।
- बहाल करको हालसम्मको बक्यौता तथा यस आ.व. २०७६/७७ को करमा समेत आवासीय प्रयोजनको लागि बहालमा दिइएको घरको हकमा ५० प्रतिशत छुट दिने।

***पुनश्च : साविकमा लिईंदै आएको सम्पति कर (घर जग्गा कर) को दरमा समेत नगरपालिकाको पाँचौं नगरसभाबाट पुनर्विचार गरी विशेष सहुलियत प्रदान गरिएको छ। सम्पति कर (घर जग्गा कर) साविकमा वडा कार्यालयबाट र भूमिकर (मालपोत) नगरपालिकाबाट लिईंदै आएकोमा २०७६ साल साउन महिनादेखि दुवै कर वडाबाटै एकीकृतरूपमा लिइने भएकोले मालपोत बुझाउनुपर्ने नगरवासीहरुले पनि आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी बुझाउन हुन अनुरोध गरिन्छ।***

# गाईजात्रा पर्व



डा. विरेन्द्रप्रसाद कायस्थ



मानव जीवन कर्ममय जीवन हो। अकर्मण्य भएर जीवन रथ चलाउन सकिँदैन। कर्म गर्नको लागि शुभ मुहूर्तको आवश्यकता पर्दछ। अन्यथा कर्म सफल हुन सक्दैन। यस अर्थमा मनुष्य जीवनमा मुहूर्तको प्रयोजन सिद्ध हुन आउँछ।

हिन्दु धर्ममा भएका दर्शनमा, संस्कार सम्पन्न मान्छे मात्र मोक्षको अधिकारी हुन्छ भनी भनिएका छन्। जुन कर्मद्वारा मानिस शुद्ध भए मोक्षको अधिकारी हुन्छ। त्यसैलाई संस्कार भनिन्छ। हिन्दु धर्ममा मानवको अठ्चालिस (४८) संस्कारहरू बताइएको छ। तीमध्ये १६ वटा प्रमुख संस्कार भनी मानिएको पाईन्छ। हिन्दुहरू श्रावण शुक्ल पूर्णीमाका दिन विशेष उत्साहका साथ रक्षाबन्धन पर्व मान्छन्। यो पूर्णिमालाई जनैपूर्णिमा भनिन्छ। यस दिन जनै पनि फेरिन्छ। ज्योतिश शास्त्र अनुसार अमावस्यादेखि पूर्णिमासम्म चन्द्रमाको प्रतिदिन बढ्ने १६ कलाहरू नै प्रतिदिनको तिथि भनिन्छ। तिथिअनुसार भाद्रकृष्ण प्रतिपदाको दिनमा गाईजात्रा मनाइन्छ। प्रतिपदा तिथिलाई ज्योतिषमा नन्दा तिथि भनिन्छ। 'नन्दा' भन्नाले गाई हो।

पद्म पुराणअनुसार भाद्रकृष्ण प्रतिपदाको दिन सँढेको मूर्ति वा चित्रमा श्रृङ्गार गरी सहर परिक्रमा गराएमा बृषोत्सर्गको फल पाउँछ। यस पुराणअनुसार उक्त दिन साँढेको आकारको मूर्ति वा चित्रमा श्रृङ्गार गरी रथमा राखी बाजाका साथ नाच्दै नगर परिक्रमा गर्ने चलन परापूर्वकालदेखि चलिआएको छ। यो रथलाई नेवारी भाषामा ताहा साँ भनिन्छ। यो पर्वको थालनी प्रताप मल्लले आफ्नो छोरा चक्रवतेन्द्र मल्लको मृत्युको शोकमा परेका रानी सान्त्वना दिन भएको हो। आफ्नो राज्यमा कति सङ्ख्यामा मृत्यु भएको छ भनी रानीलाई देखाउन वर्षभरि मरेका व्यक्तिहरूको नाममा गाई बनाएर नगरमा परिक्रमा गराई रानीलाई देखाएका थिए। तर नेपालको प्राचिन इतिहास पन्ध्रौं शताब्दीमा गोपाल



राजवंशावलीमा तथा मल्लकालीन थ्यासाफूमा 'गाईजात्रा' शब्द उल्लेख भएबाट प्राचिन कालदेखि नै काठमाडौं उपत्यकाभित्रका नेवार समुदायमा गाईजात्राको परम्परा बसिसकेको देखिन्छ। नेवारी भाषामा (साँ) शब्दले साँढे र गाई दुवैलाई जनाउँछ। साँढेलाई (दोह साँ) र गाईलाई (मा साँ) भनिन्छ। यो वास्तवमा वृषव यात्रा पर्व हो। उपत्यकाका तीन वटै शहरमा साँढेको प्रतिक बनाएर परिक्रमा गराइने स्वरूपमा फरक भए तापनि मूल कर्ममा फरक छैन। केही कारणबस् ताहा साँको व्यवस्था गर्न सकिएन भने जीवित गाईलाई घुमाउने चलन पनि छ। यो गौदान हो। मृत व्यक्तिको आत्मा स्वर्ग पुग्नको लागि वैतर्नी नदी पार गर्न गाईको पुच्छर समाएर पार तर्छन् भनी गरुड पुराणमा वर्णन गरिएको छ। त्यसैले धर्मशास्त्रअनुसार भाद्रकृष्ण प्रतिपदाका दिन गौदान गरिने चलन छ।

सापारु पर्व नेवारहरूको सोऱ्ह संस्कारमध्ये मृत्युसित सम्बन्धित संस्कार हो। नेवारहरूले दिवंगत ब्यक्तिको नाममा बृष सर्ग गरिन्छ। गाईजात्रा पनि बृष सर्ग नै हो।

# उपत्यकाको स्थानीय नेवार समाजमा प्रचलित चाडपर्वका महत्त्व र उपयोगिता



डा. बलराम कायस्थ

सार–नेपाल उपत्यकाका नेवार समुदायमा प्रचलित अनेक किसिमका चाडपर्वहरूको उत्पत्ति कसरी हुन आयो ? तिनको महत्त्व के हो ? वर्तमान सन्दर्भमा तिनको उपयोगिता के छ ? भन्ने सम्बन्धमा विभिन्न तथ्यहरू प्रस्तुत गर्न सकिन्छ । धार्मिक र आध्यात्मिक पक्ष चाडपर्व उत्पत्तिका प्रमुख कारण रहे पनि, त्यसको उपयोगिता वा महत्त्व पनि वरत्रभन्दा परत्र सुधार्नका लागि अथवा धर्म र पुण्य प्राप्तिका लागि भएको जस्तो देखिए पनि वास्तवमा यहाँ मनाइने असङ्ख्य चाडपर्वले एकातिर समाजलाई परोक्ष रूपले अनेक किसिमका ब्यवहारिक, नैतिक, कुटनैतिक, सामाजिक आदि सन्देश दिइरहेका हुन्छन् भने अर्कोतिर यसले मुलुकको संस्कृतिको सम्बर्द्धन, पर्यटनको विकास, मनोरञ्जनको स्तर, सबल आर्थिक स्थिति जस्ता विविध पक्षहरूको परिचय पनि प्रस्तुत गरिरहेको हुन्छ । वस्तुतः परापूर्वकालदेखि प्रचलित हुँदै आएका चाडपर्वहरू केबल रुढी थाम्ने परम्परामात्र होइनन् । यस पछाडि अनेक रहस्यले भरिएका दर्शन र अभिप्रायहरू पनि लुकेर रहेका हुन्छन् । ती दर्शन र अभिप्रायलाई गहन रूपले बुझ्न नसकेसम्म आफ्नो संस्कृति के हो भन्ने थाहा नहुन सक्दछ । आफ्नो संस्कृति नै थाहा नभएपछि व्यक्तिले आफैलाई चिन्न सक्दैन । यसैले यससम्बन्धी चिन्तन–मनन् हुनु आवश्यक छ ।

**परिचय**–प्राचीनकालदेखि नै यहाँको धर्म, संस्कृति एवं समाज संगठनमा वैदिक धर्म, संस्कृतिको ज्यादै ठूलो प्रभाव रहेको पाइन्छ । प्रचलित चाडपर्व पनि त्यसैबाट अनुप्राणित रहेको देखिन्छ । त्यसैले चाडपर्वलाई संस्कृतिको अमूल्य निधि र समाजको यथार्थ स्वरूपलाई अवलोकन गर्ने दर्पण मानिन्छ । जुन देशमा जति धेरै चाडपर्व मनाइन्छ, त्यो देश त्यति नै सभ्यता र संस्कृतिले सम्पन्न मानिन्छ । यसैकारण संस्कृतिलाई पञ्चम वेद पनि भन्ने गरिन्छ ।[1] मौलिक संस्कृति कुनै पनि राष्ट्रको ढुकढुकी हुन्छ । यो बिना राष्ट्र निर्जीव र निस्तेज हुन जान्छ । वास्तवमा परम्परादेखि चल्दै आएका चाडपर्वहरू समाजको यथार्थ स्वरूपलाई चित्रण गर्ने एउटा सशक्त सांस्कृतिक प्रक्रिया हो । संस्कृतिभित्र मानिसका आस्था, विश्वास, कला, नैतिक आदर्श, मूल्य–मान्यता, रीतिरिवाज, चालचलन तथा मानिसले आजसम्म हासिल गरेका शीप, ज्ञान, योग्यता आदि समाहित रहेका हुन्छन् ।[2] चाडपर्वले संस्कृतिका यी सबै पक्षको प्रतिनिधित्व गर्दछ । यसैले चाडपर्व संस्कृतिको अभिन्न अङ्गको रूपमा रहेको पाइन्छ ।

यहाँका चाडपर्वलाई संसारकै एउटा अत्यन्त उत्कृष्ट किसिमको सामाजिक, सांस्कृतिक पर्व मान्न सकिन्छ । किनकि यसको आफ्नै मौलिक परम्परा र सांस्कृतिक परिवेश रहेको छ । वास्तवमा यहाँका बासिन्दाको सम्पूर्ण जीवनपद्धति चाडपर्वको जालोमा बेरिएका छन् ।[3] सांस्कृतिक सहअस्तित्व र एकताबाट नै राष्ट्रिय एकतालाई अक्षुण्ण राख्न सकिन्छ । ठूलालाई आदर र सानालाई माया गर्नुपर्ने एवं सबैले खुसियालीपूर्वक उन्मुक्त वातावरणमा मनाउने यी पर्वहरूको विशेषता भन्नु नै घरपरिवारमा मेलमिलाप, समाजमा सामाजिक सद्भाव, राज्यमा अमनचैन र विश्वमा शान्तिको कामना गर्नु हो ।[4] अनि यी अधिकांश चाडपर्वका पछाडि मुख्य अभिप्रायः मानिस र वातावरणीय पर्यावरण अर्थात् जीव र जगत्बीचको सम्बन्ध सदा सन्तुलित बनिरहोस् भन्ने कामनार्थ देवतालाई रिझाउनु रहेको देखिन्छ । वास्तवमा सृष्टिको प्रारम्भदेखि नै यस चराचर जगतलाई व्यवस्थित ढंगले चलाउँदै आएको एउटा अदृश्य शक्ति, जो सर्वशक्तिमान छ, जसलाई मानिसहरू ईश्वरको रूपमा कल्पना गर्ने गर्छन्, तिनलाई पुज्ने हेतुले यस्ता चाडपर्वहरू प्रचलनमा आएका देखिन्छन् । समयमा पानी परोस, कृषिबाली सप्रियोस्, सबैतिर सुख, शान्ति र समृद्धि फैलियोस्, प्राकृतिक प्रकोप, दैवी विपत्तिका घटनाहरू नहोऊन् भन्ने उद्देश्यले नै चाडपर्वहरू उत्पत्ति भएका देखिन्छन् ।

**चाडपर्वको महत्त्व र उपयोगिता**–चाडपर्वसम्बन्धी जति पनि परिभाषा, विशेषता, विश्लेषण, उद्देश्य र अभिप्राय:हरू छन्, तिनका आधारमा समग्रमा भन्नुपर्दा चाडपर्व, जात्रा उत्सवले धार्मिक भावनाको अतिरिक्त परम्परागत स्थितिको झलक, ऋतु परिवर्तनको सङ्केत, राष्ट्रिय महत्त्वका पुरुषको परिचय,

१) रामदयाल राकेश, *“संस्कृतिसम्बन्धी राष्ट्रिय नीति”* (२०६७ वैशाख ५ र ६ गते पाटन संग्रहालयमा सम्पन्न संस्कृतिसम्बन्धी दुई दिने गोष्ठी बारेको टिप्पणी), *अन्नपूर्णपोष्ट दैनिक*, वर्ष ९, अंक ५,(२०६७ वैशाख ८ गते), पृ. ७ ।

२) एडवर्ड बर्नेट टेलर, “प्रिमिटिभ कल्चर”, *हाई प्वाइन्टस इन एन्थ्रोपोलोजी*, पाउल बोन्नान र मार्क ग्लेजर (सं), न्यूयोर्कः अल्फ्रेड ए नोंफ, ई.सं. १९७५, पृ. ६३ ।

३) टि.सी. मजपुरिया र एस. पी. गुप्ता, *नेपालः दि ल्याण्ड अफ फेष्टिवल्स*, नयाँ दिल्लीः एस. चन्द्र एण्ड कम्पनी, ई.सं. १९८१, पृ. ३ ।

४) शिव प्रसाद भट्टराई,“वर्तमान परिवेशमा बडा दशैं”, *गोरखापत्र दैनिक*, २०६६/६/३ गते, पृ. ५ ।

महान् आत्माको स्मरण एवं प्राचीन संस्कृति र सम्पदाको गरिमाको अवगत, युगपुरुषहरूको संघर्ष, बलिदान र उनीहरूका विचार तथा चिन्तनको बोध गराउने कार्य गर्दछ। यसका अतिरिक्त भूतप्रेत, पिशाच, डंकिनी, बोक्सी, राक्षस आदि दुष्ट आत्मा र रोगब्याधी हटाउने, कृषि फसल सफल पार्ने उद्देश्यहरू पूरा गर्न पनि चाडपर्व मनाइन्छ। यसका साथै चाडपर्वमा देवीदेवताको मात्र पूजा हुन्छ भन्ने यथार्थतालाई पनि यसले नकार्दछ अर्थात् यस संसारमा रहने हरेक जीवको महत्त्व आ–आफ्नो स्थानमा छ भन्ने तथ्यलाई पनि चाडपर्वले स्वीकार्दछ। यसैकारण चाडपर्वमा मानिसले देवीदेवताको मात्र पूजा नगरेर आत्मपूजा, मातापिताको पूजा, दिवंगत पूर्वजको स्मरणमा पूजा, दाजुभाइ, दिदीबहिनीको पूजा, बालबालिकाको पूजा, शिक्षा दिने गुरुको पूजा, यस्तै पशुपन्छी, कीटपतङ्ग आदि जीवको महत्त्वको कदर गर्दै पूजा गर्ने परम्परा पनि यहाँका चाडपर्वहरूमा पाइन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने चाडपर्वले घरपरिवार, टोल, समाजमा बसोबास गर्ने अनेक थरीका बासिन्दालाई एउटै सम्पर्क सूत्रमा ल्याउन सहयोग गर्दछ साथै यसले सामाजिक सद्भाव, परस्परमा मेलमिलाप र सहयोगको भावना जगाउँदछ।[५]

चाडपर्वलाई गहन रूपले अध्ययन गरेको खण्डमा त्यसभित्र अनेक किसिमका गुढ रहस्यले भरिएका नैतिक, आदर्श, सदाचार, सच्चरित्रताका उपदेश, शिक्षा वा गुणहरू पनि विद्यमान रहेको पाइन्छ, जसलाई अनुसरण गर्दै अघि बढ्ने हो भने संघर्षमय जीवनमा आफ्नो लक्ष्य प्राप्त गर्न सहज हुँदै जाने छ।

मनोवैज्ञानिक दृष्टिकोणबाट हेर्दा मानिसले आफ्नो मनको भाव व्यक्त गर्ने प्रयोजनार्थ वा अवसरको रूपमा पनि चाडपर्वको विकास गरेको हो भन्ने लाग्दछ। किनभने प्राचीनकालको बन्द समाजभित्र र नियन्त्रित राज्यव्यवस्थाअन्तर्गत बसोबास गर्ने स्थानीय सर्वसाधारण बासिन्दाले आफ्ना मनका बह, पीडा, दुःख, कष्ट, गुनासाहरू आजको परिवेशमा जस्तो जुनबेला पायो त्यहीबेला व्यक्त गर्न सक्दैनथे। त्यसको निन्ति एउटा बेग्लै अवसर हुन्थ्यो, त्यो अवसर भनेको चाडपर्व नै थियो। अर्कोतिर राज्यले पनि आफ्ना जनताका भावना, शासन व्यवस्थाप्रति तिनीहरूको धारणा, तिनीहरूको अवस्था आदिबारे अप्रत्यक्ष रूपमा जान्ने एउटा सशक्त मौकाको रूपमा यस्ता चाडपर्वलाई लिइने गरिन्थ्यो, जसबाट शासक वर्गलाई आफ्ना कमजोरीलाई सुधारेर अघि बढ्न सजिलो हुन्थ्यो। यसरी सर्वसाधारण जनताले चाडपर्वका अवसरमा आफूलाई लागेका, आफूले देखेका, भोगेका पीडा, वेदना, दुःख कष्टहरू धक खोलेर विभिन्न प्रतिकका माध्यमबाट सार्वजनिक रूपमा अभिव्यक्त गर्न सक्दछन्। यस्ता चाडपर्वहरूमा गठेमंगल, गाईजात्रा आदि पर्वलाई प्रमुख चाडका रूपमा लिन सकिन्छ। आफ्ना मनभित्रका उकुसमुकुसपूर्ण भावनालाई यस्ता जात्राको बेला अनेक हावभावपूर्ण नाच, व्यङ्ग्य प्रदर्शनी, प्रहसन आदिका माध्यमबाट अभिव्यक्त गर्ने गरिन्छ। अनि यी जात्राहरू प्राचीनकालदेखि नै काठमाडौं उपत्यका र त्यस वरपरका नेवार बस्तीहरूमा प्रचलित थियो भन्ने तथ्य गोपालराज वंशावलीमा "गण्ठकर्ण चवदश" र "सायात" भन्ने उल्लेख भएबाट स्पष्ट हुन आउँछ।[६] अतः गठेमंगल पर्व मूल रूपमा घण्टाकर्ण राक्षससँग र गाईजात्रा मृतक व्यक्तिको स्मरणार्थ मनाइने जात्रा भए पनि मनोवैज्ञानिक दृष्टिकोणबाट हेर्दा स्थानीय बासिन्दाको मनका भावहरू अभिव्यक्त गर्ने प्रमुख चाडका रूपमा लिन सकिन्छ।

कुटनैतिक दृष्टिकोणको आधारमा हेर्दा पनि यहाँका चाडपर्वहरूको आफ्नै महत्त्व रहेको पाइन्छ। किनकि यहाँ मनाइने मुख्य चाड वा स्थानीय जात्राका बेला विवाह गरेर दिइसकेका छोरी, चेलीका साथमा ज्वाइँ, भान्जा–भान्जी, नाति–नातिनालाई 'नखःत्या' भोज आयोजना गरेर आमन्त्रण गरिन्छ। त्यस्तो नखःत्या भोजको निमन्त्रणालाई स्वीकार गरेर नखःत्या मान्न जानु सबै चेली, ज्वाइँ, भान्जा–भान्जीको कर्तव्य हुन्छ। जुठो परेको वा आशोच बारेको अवस्थामा बाहेक अरुबेला त्यसरी नखःत्या भोजमा बोलाउँदा जानु सौभाग्यको रुपमा लिइन्छ। यदि नगएको खण्डमा त्यसलाई राम्रो मानिंदैन।

५) चाडपर्वका बेला दिइने टीका, सगुन वा सिकाबु मर्यादाक्रमअनुसार जेठोदेखि दिइन्छ। यदि यसमा तलमाथि पर्‍यो भने त्यस समाज वा परिवारभित्र किचलो उत्पन्न भई दाजुभाइबीच झगडासमेत पर्न सक्छ। अतः यसबाट पनि समाजभित्र अनुशासन र मर्यादा कायम गराई राख्नमा मद्दत पुर्‍याउँदछ। केही गरी दाजुभाइ  आफन्तहरूबीच झैझगडा परी बोलचाल बन्द भएमा पनि त्यो वैमनस्यता सधैंका लागि नभएर केवल क्षणिक  हुन्छ। किनभने साइकलको पाङ्ग्रा जस्तै वर्षभरि घुमिरहने चाडपर्व गुठीले त्यस्ता वैमनष्यता हटाई दिन्छ। जस्तो उदाहरणका लागि कुनै फुकी खलः का सदस्य वा परिवार परिवारबीच झगडा भएर बोलचाल बन्द भइरहेको भए पनि देवाली, दशैं जस्ता पर्वहरूमा वाध्य भएर बोल्नुपर्ने हुन्छ। किनकि कुनै पनि चाडवाडहरूमा आफ्ना कुलदेवता, आगमदेवता, पीठदेवताहरूमा अनिवार्य रूपले कुखुरा, हाँस, बोका जस्ता पशुहरूको बलि चढाउनु पर्दछ। त्यसरी चढाएको पशुबलिको मुख्य अङ्गको 'सिकाबु' गर्ने नेवार समुदायमा परम्परागत चलन छ। यसरी सिकावु गर्दा सानोले ठूलोलाई आफ्नो सामाजिक मर्यादाक्रम अनुसारको 'सिउ' दिएर परम्पराअनुसार अनिवार्य रूपले 'ढोग गरें' भनेर मान गर्नुपर्ने हुन्छ। यदि त्यस्ता चाडपर्वको बेला पनि कुनै सदस्यले आफूभन्दा जेठोलाई बोलाएर मान गरेन भनेत्यसले सबैतिरबाट नराम्रो कुरा सुन्नु पर्ने हुन्छ। यसरी चाडपर्वका माध्यमबाट पनि यहाँको समाजमा सामाजिकसम्बन्ध सुमधुर भइ पारिवारिक एकता कायम भइरहेको हुन्छ। अर्को कुरा, विविध चाडपर्वका बेला हुने खटजात्रा, रथजात्राहरू सञ्चालन गर्न जात्रा सञ्चालक गुठीले स्थानीय समाजमा रहेका विविध जातजातिलाई आ–आफ्नो कामको जिम्मेवारी सुम्पेर परम्परागत पेशाका आधारमा जातिय मर्यादा र सामाजिक एकताको भावना कायम राख्दै आएको छ।

६) धनवज्र वज्राचार्य र के.पी. मल्ल (सं), गोपालराज वंशावली, काठमाडौंः नेपाल रिसर्च सेन्टर, ई.सं. १९८५,  पृ. ६१ क ५ र ६३ ख १।

यसरी चाडपर्वको बेला नखःत्या भोजमा आफन्तजन, नातेदार, इष्टमित्रहरूलाई बोलाउने, एकै ठाउँमा जम्मा हुने, एकआपसमा खुसी साटासाट गर्ने, सामूहिक रूपमा भोज खाने, रमाइलो गर्ने जस्ता कार्यले पनि अप्रत्यक्ष रूपमा पारिवारिक तथा सामाजिक सम्बन्ध सुमधुर हुन जाने हुन्छ । आफ्नो घरपरिवार, नातासम्बन्धी र आफन्तजनसँग मैत्रीपूर्ण सम्बन्ध विकास र विस्तार गर्न यस्ता चाडपर्वहरूको निकै ठूलो कुटनैतिक भूमिका रहेको पाइन्छ ।

प्रागऐतिहासिक कालदेखि नै यहाँका चाडपर्वहरू प्रत्यक्ष वा परोक्ष रूपमा खेतीपाती अथवा अन्न उत्पादनसित सम्बन्धित भइ आएको पाइन्छ । समयमा पानी परोस्, बालीनाली सप्रियोस्, अनिकाल नपरोस्, खोलाबाढी वा खडेरी नलागोस्, वर्षाको बेला चट्याङ्ग नपरोस्, भूकम्प नआओस् भनेर यस संसारको नियमित विधि सञ्चालन गर्ने एउटा अदृश्य शक्तिको कल्पना गरेर सोही शक्तिको महत्त्वलाई शिरोधार्य गरेर त्यसको स्तुती स्वरूप चाडपर्व मनाउन थालिएको हो । पछिबाट मानिसमा धार्मिक, आध्यात्मिक भावनाको विकास हुन थालेपछि उनीहरूले सोही अदृश्य शक्तिलाई ईश्वर वा देवताको रूपमा मान्न थाले । तिनै देवताको सम्झनामा यहाँ वर्षेनी चाड मनाउन थालियो । अनि पछिल्लो कालमा आएर देवता पनि अनेक स्वरूपमा देखा परे । प्रारम्भमा केही सीमित देवताहरू जस्तो –ब्रह्मा, विष्णु, महेश मात्र रहेकोमा पूर्व मध्यकालमा वा प्राचीन मल्लकालमा आइपुग्दा अनेक स्वरूपका तान्त्रिक देवीदेवताहरू देखिए ।

तान्त्रिक देवीदेवता पनि शैव, वैष्णव, बौद्धतन्त्रसँग सम्बन्धित थिए । लिच्छवीकालमा पुरुष देवताको साथमा शक्तिको उल्लेख ज्यादै कम पाइन्छ । तर मध्यकालमा मिश्रित तान्त्रिक धर्म लोकप्रिय हुँदै गएकोले शैव, वैष्णव, बौद्ध मतहरूमा यो मिश्रित रूप लोकप्रिय हुँदै गयो । शक्तिसहितका देवताहरू मा विशेष गरेर ब्रह्मा र सरस्वती, विष्णु र लक्ष्मी, शिव र पार्वती आदि प्रमुख रूपमा रहेका छन् । पछिल्लो मल्लकालमा यसले सर्वाधिक लोकप्रियता पायो । यसैले शासकहरूका राजप्रशस्तिमा समेत मानेश्वरी, तलेजु आदि तान्त्रिक स्वरूपका देवीहरूलाई स्वेष्टदेवता, इष्ट देवताहरूको रूपमा मान्दै, पुज्दै आएको पाइन्छ । शक्ति देवताको लोकप्रियता राजकीय रूपमा नै बढ्न थालेपछि अनेक तान्त्रिक पूजा विधानहरू, जात्रा–पर्वहरू, तान्त्रिक स्वरूपका मूर्तिहरू पनि देखा पर्दै गए ।

विशेष गरी शाक्त तान्त्रिक देवीदेवतालाई देशरक्षा, जनहित, राष्ट्रियसमृद्धि, सुस्वास्थ्यको कामनाका साथै खेतीपाती र कृषिको उन्नतिका लागि मान्दै आएको पाइन्छ । अद्यावधि पनि नवदुर्गाले जहाँ पाइला टेक्छ, त्यहाँको उब्जनी दोब्बर बढ्छ भन्ने धारणा रहेको जान्न सकिन्छ ।[७] त्यस्तै विश्वनाथ भैरवलाई सहकालका देवता मान्ने परम्परा छ ।

काठमाडौं उपत्यकाका तीनवटा शहरहरूमा तीनवटा जात्राहरू क्रमशः भक्तपुरमा बिस्केट जात्रा, पाटनको मच्छेन्द्रनाथको जात्रा र काठमाडौंको इन्द्रजात्रा निक्कै प्रसिद्ध छन् । तीनवटै जात्राहरूआफ्नो क्षेत्रमा धेरै दिनसम्म मनाइने गरिन्छ । जसमध्ये बिस्केट जात्रा शैव धर्म सम्प्रदायसँग, मच्छेन्द्रनाथ नाथसम्प्रदायसँग र इन्द्रजात्रा वैदिकआर्य वा वैष्णव सम्प्रदायसँग सम्बन्धित रहेका छन् । त्यस्तै जात्रा मनाउने तौरतरिका वा विधिविधान अनि समय परिस्थिति पनि भिन्न रहेको पाइन्छ । जस्तै : बिस्केट जात्रा र मच्छेन्द्रनाथको जात्रा हरेक वर्ष वर्षारम्भ हुनुभन्दा अघि मनाइन्छ भने इन्द्रजात्रा वर्षान्ततिर मनाइन्छ । तर अनौठो संयोगको कुरा के छ भने तीनवटै जात्राको मूल उद्देश्यमा भने समानता पाइन्छ अर्थात् समयमा पानी परोस्, कृषिबाली सप्रियोस्, अनिकाल नपरोस्, सर्वत्र सुख, शान्ति र समृद्धि छाइरहोस् भन्ने नै हो ।

यसप्रकार यहाँ प्रचलित चाडपर्वहरूको गहन रूपले अध्ययन गर्दा के कुरा थाहा पाइन्छ भने प्रागः ऐतिहासिककालदेखि नै अर्थात् मानिसमा धार्मिक भावनाको विकास हुनुभन्दा पहिलेदेखि नै प्रकृति पूजाको रूपमा चाडपर्व मान्ने गरिन्थ्यो । घाम, पानी, बाँदल, वर्षा, वृष्टि, पर्यावरणजस्ता प्रकृतिजन्य कुराहरू असन्तुलित नहोस् भन्ने कामनार्थ चाडपर्व मनाइने गरिन्थ्यो ।

वैज्ञानिक दृष्टिकोणले हेर्दा पनि यहाँका चाडपर्वहरू बेकारका छैनन् । यसपछाडि अनेक दर्शन र अभिप्रायः लुकेर रहेका छन्, जुन दर्शन 'बहुजन हिताय र बहुजन सुखाय' को उद्देश्यले प्रेरित देखिन्छन् । आजको परिवर्तित सन्दर्भमा पनि यी चाडपर्वहरूको महत्त्व र उपयोगिता पहिले जत्तिकै रहेको हुनाले चाडपर्वका प्रवर्तक प्राचीन पूर्खाहरू आजका आधुनिक भनाउँदा भौतिकवादी विद्वानहरूभन्दा कम छैनन् भन्ने थाहा हुन्छ । किनभने यहाँ मनाइने प्रत्येक चाडपर्व, जात्रा–उत्सवहरूका पछाडि एउटा न एउटा उद्देश्य वा महत्त्व अन्तर्निहित रहेको थाहा हुन्छ ।

यहाँका प्राचीन विद्वानहरूले सबै जीव, वनस्पति, पर्यावरणको कल्याण अनि मानवमात्रको सुख, शान्ति र समृद्धिका लागि विभिन्न उपाय खोजेर ती उपायहरू ब्यवहारिक रूपमा कार्यान्वित गराउन त्यसबेलाको देश, काल, परिस्थिति र मानिसहरूको विचारधारासँग अनुकूल हुने गरेर पूर्ण रूपमा तथ्य उद्घाटित नगरेर भावनात्मक कुरालाई ठोस् कुरामा

७) पुरुषोत्तम लोचन श्रेष्ठ, *भक्तपरमा तान्त्रिक शक्तिको युग* (अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध), कीर्तिपुरः त्रिभुवन विश्वविद्यालय, वि.सं. २०५०,पृ. ८१ ।

परिणत गरी चाडपर्वको सृजना गरेका थिए भन्ने देखिन आउँछ । यहाँको मौलिक संस्कृतिको संरक्षण गर्दै समाजलाई अनेक प्रकारका जीवनोपयोगी शिक्षादीक्षा प्रदान गर्नुका अतिरिक्त संघर्षमय जीवनमा कदम–कदममा आइपर्ने अनेक समस्या, कठिनाइ, मुस्किलहरूको सामना गरेर सफल बन्ने प्रेरणा अप्रत्यक्ष रूपमा यी चाडपर्वहरूले जगाएको हुन्छ । अतः यी चाडपर्वहरू बेकारका छैनन् । यसपछाडि अनेक वैज्ञानिक र तथ्यपरक कारणहरू रहेका छन् भन्ने थाहा हुन्छ । अर्को कुरा, आर्थिक सम्पन्नता र वैभवताको पृष्ठभूमिमा यहाँ अनेक चाडपर्व, जात्रा–उत्सवहरू प्रचलनमा आएका हुन् । आश्चर्यजनक कला, संस्कृति, धर्म, परम्परा, रीतिरिवाजले युक्त यहाँका चाडपर्वले सारा संसारकै ध्यान आकर्षित गरिरहेको छ । उत्साहपूर्ण धार्मिक एवं आध्यात्मिक भावनाले सृजित यहाँको संस्कृतिलाई एशियाकै उच्चकोटीको संस्कृति मानिन्छ ।[८] यसरी यहाँको विशिष्ट प्रकारको आश्चर्यलाग्दो कला, संस्कृति, सम्पदाहरूले गर्दा नै वर्षेनी लाखौं विदेशी पर्यटकहरू नेपाल भ्रमणमा आइरहेका छन् । आज पर्यटन उद्योग नेपालको विदेशी मुद्रा आर्जन गर्ने सबभन्दा ठूलो उद्योग भएको छ । यसले राष्ट्रिय अर्थतन्त्रमा ठूलो टेवा दिइरहेको छ । यसरी आर्थिक दृष्टिकोणबाट पनि यहाँका चाडपर्व, जात्रा–उत्सवको निकै ठूलो महत्त्व रहेको देखिन्छ ।

**निष्कर्ष**–यद्यपि आधुनिक विद्वानहरू चाडपर्वले मानिसको समय, स्रोत र पैसाको मात्रै नाश गर्छ भन्ने सोचाइ राख्दछन् । तर गहिरिएर अध्ययन गरेको खण्डमा चाडपर्व समाज र संस्कृतिको स्तर मापन गर्ने प्रमुख आधार रहेको देखिन्छ । जुन समाजमा जति बढी यस्ता चाडपर्वहरू प्रचलित हुन्छन्, त्यो समाज त्यति नै संस्कृतिले सम्पन्न मानिन्छ । यस दृष्टिले उपत्यकाको नेवार समाज पनि संस्कृतिले सम्पन्न समाज मान्न सकिन्छ । किनभने वर्ष दिनभरिका दिनहरू भन्दा यहाँ मनाइने चाडपर्वका दिनहरू ज्यादा छन् अर्थात् ३६५ दिनको वर्षमा ३६६ वटा पर्व आउँछन् भन्ने लोकोक्ति यहाँ प्रचलित रहेबाट नै यस कुराको पुष्टि हुन्छ । यस्ता पर्वहरू कुनै–कुनै दिनमा त एक भन्दा बढी पनि पर्छन् भने कुनै–कुनै पर्व दुई दिनसम्म पनि मनाइन्छ । धर्म, मनोरञ्जन र सामाजिक सद्भाव यी तीन उद्देश्यगत आधारमा नै यहाँका चाडपर्वको संरचना भएको देखिन्छ । उपत्यकामा प्रचलित समग्र चाडपर्वहरूको पृष्ठभूमितर्फ ध्यान दियो भने यी तथ्यहरू वास्तविकताको नजिक रहेको थाहा हुन्छ । वास्तवमा धर्मसँगै मनोरञ्जन पनि हुने र त्यसबाट सामाजिक एकता पनि प्रदर्शित हुने भएकोले नै यहाँका चाडपर्वहरू संरचित हुन आएको बुझिन्छ । यस अतिरिक्त आर्थिक समुन्नति र राजनैतिक स्थिरताजस्ता कारणले पनि यहाँको साँस्कृतिक पर्वहरूको संरचनामा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । वास्तवमा समुन्नत आर्थिक अवस्थाको पृष्ठभूमिमा नै कुनै पनि सभ्यता र संस्कृतिले मौलाउने अवसर पाउँछ । एकातिर प्रशस्त उत्पादन हुने यहाँको कृषियोग्य जमिन, अर्कोतिर तिब्बत र भारतसँगको ब्यापार, घरेलु उद्योगको विकास आदि कारणले यहाँको राज्य र जनता दुवैको आर्थिक स्थिति दरिलो थियो । यस किसिमको सम्पन्न आर्थिक परिवेश अनि धर्मकर्म प्रतिको अगाढ आस्था र विश्वासले गर्दा यहाँका वासिन्दामा विविध किसिमका चाडपर्व, जात्रा–उत्सव, नाचगान, भोजभतेर मनाएर रमाइलो गर्ने परम्परा विकास हुन गएको देखिन्छ । अस्तु !

८) मेरि एम्. एण्डरसन, *दि फेष्टिवल्स अफ नेपाल, लण्डनः* जर्ज एलेन एण्ड वीन, ई.सं. १९७१, पृ. ३५ ।


भक्तपुर नगरपालिकाको

रेडियो कार्यक्रम

'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

**बुधबार : बिहान ७:३० देखि ८:३०**
**शुक्रबार : बेलुकी ६:३० देखि ७:३० सम्म**


xflb{s ;dj]bgf



**स्व. रत्नमाया घोला**

**जन्म : १९९३ फागुन २१ निधन : २०७६ साउन १३**

भक्तपुर नगरपालिकाका कार्यपालिका सदस्य श्री सरिना घोलाका हजुरआमा **रत्नमाया घोला**को दुःखद निधनमा गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भक्तपुर नगरपालिका परिवार**

# सामुदायिक बीउ बैंक : एक प्रकृतिमैत्री अवधारणा



सबिन ख्याजू

**पृष्ठभूमि**

मानव समाजको विकास भइरहँदा नदी किनारको सभ्यतालाई महत्त्वका साथ लिइन्छ। नदी किनारमा बीउ छरेर केही समय अवधिपछि बीउ उम्रन थालेपछि बीउ उम्रन पानी, मल, घाम आदि चाहिने कुरा किसानले बुझ्न थाले। धानको बीउ छर्दा धानको बोट उम्रने, मकैको बीउ छर्दा मकैको बोट उम्रनेजस्ता कुरा किसानले बिस्तारै बुझ्न थाले। फिरन्ते जीवनशैलीको समयमा मानिसहरू जहाँ जे भेटियो, त्यही खाने प्रचलन थियो। त्यति हुँदा पनि उनीहरूको जिविकोपार्जन हुन कठिन हुँदै गएपछि नदी किनारभन्दा केही मिटर परको जमिनमा खेती गर्न थालियो। सुरुसुरुमा आफूले लगाएको बालीले सोचेजस्तो फसल नदिंदा किसानहरू निरास हुन्थे। बीउमा रोग-कीरा पर्ने, पानी कम वा बढी हुने, मलको मात्रा नमिल्ने, बीउमा खराबी हुने आदि समस्याले किसान पिरोल्थे।

हरेक बालीभित्र अनेक जात हुन्छन्। विभिन्न जातका बीउको आ-आफ्ना विशेषता हुन्छन्। कुनै जातका बीउले विभिन्न रोगहरूसँग फरक-फरक प्रतिक्रिया देखाउँछ। रोगको कारक तत्त्वसँग कुनै जातले प्रतिरोध गर्न सक्छ भने कुनैले प्रतिरोध गर्न सक्दैन। कुनै बीउमा रोग लागे पनि उत्पादनमा भने कुनै असर देखाउँदैन। बालीमा शत्रु कीराको हकमा पनि यो कुरा पनि लागू हुन्छ। कुनै जातको बालीले जमेको पानी सहन सक्छ र उत्पादनमा पनि कुनै नकारात्मक असर गर्दैन। कुनै जात कम पानी वा सुख्खा सहन सक्छ। कुनै जातले मलको खपट बढी गर्छ भने कुनैले कम मात्र उपभोग गर्छ। यसर्थ किसानहरू बालीका विभिन्न जातको बीउले फरक-फरक उत्पादन दिनेबारे जानकार छन्। तर, जातअनुसार उत्पादन क्षमता (potentiality) बारे भने किसानहरू अनभिज्ञ छन्। यी सबै विशेषताहरू त्यस बालीको वंशाणुगत गुणले निर्धारण गरेको हुन्छ। त्यसलाई जीन (Gene) भनिन्छ। त्यसभित्र पनि एलीली (Allele) ले निर्धारण गर्दछ।

किसानहरू पहिलेदेखि नै परम्परागत बीउको खेती गर्न पोख्त थिए र यो आजपर्यन्त पनि चल्दै आएको छ। व्यक्तिगत प्रयोजनदेखि सामुदायिक तहसम्मका लागि आवश्यक सबै बीउको संरक्षण 'बीउ बैंक' ले गर्ने गर्दछ। किसानलाई बीउको अभाव हुन नदिन, बीउ खरिद गर्ने बाध्यतामा मुक्ति दिलाउन, बीउ उत्पादन सीपको संरक्षण गर्न र खुल्ला रूपमा परागसेचन हुने बालीको बीउ छान्ने अनि अर्को बर्ष त्यही बीउको प्रयोगको लागि बीउ बैठकले महत्त्वपूर्ण भूमिका खेल्छ।

तर, हाइब्रिड बीउ भने यसरी प्रयोग गर्न सकिंदैन। एकपटक लगाएको बाली काटिसकेपछि अर्को बाली लिन नयाँ बीउ नै खरिद गर्नुपर्ने हुन्छ। यसमा पनि जीनले महत्त्पूर्ण भूमिका खेलेको हुन्छ। बीउको संरक्षण र आवश्यक रेखदेखको बढी आवश्यकता हुन्छ।

सामान्यतया, सामुदायिक बीउ बैंक तीन प्रकारका छन्ः सामुदायिक बीउ बैंक, सामुदायिक जीन बैंक र सामुदायिक बीउ तथा जीन बैंक। सन् १९८० को दशकमा अफ्रिकाको इथियोपिया देशबाट भोकमरी र युद्धपश्चात बीउ बैंकको थालनी भएको हो। नेपालको भौगोलिक र प्राकृतिक विविधताका कारण विरुवा र वनस्पतिमा पनि विविधता हुनु स्वाभाविक हो। कृषि प्रधान देश नेपालमा भौगोलिक विविधताका कारण हिमाल, पहाड र तराईमा बीउ बैंक विकासको सम्भाव्यता धेरै छ। समुद्री सतहभन्दा ६० मिटरदेखि ४८०० मिटरसम्म फैलिएको भूगोलमा प्रत्येक १०० मिटर उचाईको फरकमा तापक्रम १ डिग्री सेल्सियसले फरक हुन्छ। समुद्र र मरूभूमि नभएको देश भए पनि नेपालको मौसस भने समयानुकूल हुनु सकारात्मक पक्ष हो।

नेपालमा हाल एक सयभन्दा बढी सामुदायिक जीन तथा बीउ बैंकहरू स्थापना भएका छन्। कृषिमा भएको जैविक विविधता संरक्षण गर्न, प्राकृतिक प्रकोपबाट हुने विनासबाट जोगिन, मौसम परिवर्तनका पक्षहरू, बीउको गुणस्तरमा आएको कमी र कृषकको सक्रियताका कारण जीन बैंकको उत्पत्ति



भएको मानिन्छ । खाद्य बाली र खेतीपातीको लागि आवश्यक उपयोगी विरुवाहरूको संरक्षण किसानहरूको निम्ति आवश्यक छ । हराएका बीउहरूलाई पुन:स्थापित गर्न यो अवधारणाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### सकारात्मक प्रभाव

- स्थानीय र लोप हुन लागेका बीउ संकलन, बीउको विशेषता पहिचान गरी अभिलेखीकरण र दस्तावेजीकरण हुने र किसानहरूको लागि आवश्यक बीउहरूबारे जानकारी प्रदान गर्न बीउ बैंकले सहयोगी भूमिका खेल्छ ।
- बीउको स्रोतहरूबारे तथ्याङ्क तयार हुने भएका कारण बीउ र जीनलाई स्रोत केन्द्रको रूपमा विकास गर्न सकिने हुन्छ । किसान र अनुसन्धानकर्ताबीच विचार आदान–प्रदान र तालिम गर्ने दबुको विकास हुन्छ ।
- प्राकृतिक प्रकोपबाट कुनै बीउ नोक्सानी भएमा त्यसको पुर्नजीवन वा समस्या समाधान स्वरूप बीउ बैंकको आवश्यकता र महत्व हुन्छ ।
- बीउ उत्पादनकर्ता र अनुसन्धानकर्ताहरूका लागि आवश्यक विभिन्न बाली र त्यसका जातहरूको उपलब्धता हुन्छ । पुराना जातका बीउ प्रयोग गरी नयाँ जातका बीउ उत्पादन गर्न सहयोग मिल्छ ।
- खाद्य सुरक्षाको लागि यी बीउ वा जिनको उपयोगिता सधैं रहन्छ ।
- कृषकका खेतबारीमा सुरक्षित गरिएका बीउ र जीनको शुद्धता कायम रहन्छ । यसलाई सबैभन्दा राम्रो बीउ भण्डारणको रूपमा लिइन्छ ।
- यसले स्थानीय समुदाय र केन्द्रीय जीन बैंकबीच पुलको रूपमा काम गर्छ ।
- किसानको आम्दानीको स्रोतको रूपमा विकास हुने ।

### पुराना बीउ विस्थापनको खतरा

विश्वमा पुराना जातका धेरै बीउहरू लोप भइसकेका छन् भने धेरै लोप हुने क्रममा छन् । नेपाल पनि यसबाट अछुटो छैन । प्रकृतिको विकासक्रममा पुराना जातका वनस्पतिहरू समयक्रमअनुसार लोप हुँदै जान्छन् र नयाँ जातका वनस्पतिहरूको उत्पत्ति भइरहन्छन् । नियमित प्रयोगमा आइरहने बालीहरूको विकास हुने र प्रयोगमा नआएका – वातावरणअनुकुल नभएका बालीहरू भने बिस्तारै लोप हुँदै जान्छन् । प्रयोगमा नआएका बीउ हराउनुमा पनि धेरै कारण छन् ।

### १) बीउको उत्पादन र उत्पादकत्व नपुग हुनु

बढ्दो जनसंख्याको माग पूर्ति गर्न बीउको उत्पादन र उत्पादकत्व नपुग हुनु स्वाभाविक हो । 'रोमा' जातको गोलभेडा १२–१५ मेट्रिक टन प्रतिहेक्टर उत्पादन हुन्छ भने 'सृजना'

**Table 1:** List of community seed banks (CSB) in Nepal

| Supported by | Year started | No. of CSBs | Districts | Priority crops |
|---|---|---|---|---|
| USCCN | 1994 | 1 | Lalitpur | Local crop species |
| LI-BIRD/NARC//Bioversity | 2003 | 1 | Bara | Local crop species |
| Parivartan Nepal | 2006 | 1 | Sindhuli | Local crop species |
| LI-BIRD | 2007 | 3 | Bardiya, Kailali, Kanchanpur | Local crop species |
| | 2008 | 3 | Kailali, Kanchanpur | Local crop species |
| | 2009 | 8 | Doti, Dang, Nawalparasi, Tanahu, Dhading, Sankhuwasabha, Jhapa, Jumla | Local crop species |
| DoA | 2009 | 3 | Dadeldhura, Sindhupalchowk, Okhaldunga | Improved varieties |
| | 2011 | 2 | Gulmi, Jajarkot | Improved varieties |
| Oxfam Nepal | 2009 | 90 | Dadeldhura, Dailekh | Improved varieties |
| Genebank/NARC | 2011 | 1 | Sunsari | Local crop species |
| **Total** | | **113** | | |

जातको १०५–११० मेट्रिक टन प्रतिहेक्टर उत्पादन हुन्छ । 'जीतपुर–१' जातको उखुको उत्पादन क्षमता ७१ मेट्रिक टन प्रतिहेक्टर उत्पादन हुन्छ भने 'जीतपुर–२' जातको ९२ मेट्रिक टन प्रतिहेक्टर उत्पादन हुन्छ । बहुसंख्यक कृषकले बढी उत्पादन दिने जात नै प्रयोग गर्न रुचाउँछन् ।

### २) नयाँ रोग-कीराको प्रकोप

नयाँ रोग–कीराको प्रकोपका कारण बालीमा धेरै क्षति हुने गर्दछ । प्राकृतिक प्रकोपका कारण पनि धेरै बीउ नष्ट हुने गर्छ । बालीमा रोग–प्रतिरोधात्मक क्षमता वृद्धि भएमा उत्पादनमा पनि वृद्धि हुन्छ । रोग–प्रतिरोधात्मक क्षमतायुक्त जातका बाली किसानको पहिलो रोजाईमा पर्दछ ।

### ३) प्रविधिअनुकूल विशेषताको अभाव

विकसित प्रविधिअनुकूल विशेषताको अभावका कारण पनि कति बीउहरू बिस्थापित हुँदै जान्छन् । जस्तैः आधुनिक मेसिनहरूमा होचो बोट हुँदा काम गर्न सहज हुन्छ । कपास, धान, गहुँ आदिमा यो लागु हुन्छ ।

### ४) लामो बाली पाक्ने अवधि

बाली पाक्ने अवधि लामो हुँदा पनि बीऊप्रतिको आकर्षण कम हुन्छ । जस्तै 'पोखेली जेठोबुढो' धान पाक्न १८०–१८५ दिन लाग्छ भने 'मंसुली' लाई १५५ दिन भए पुग्छ । 'पासाङल्हामु गहुँ' लाई १७८ दिन लाग्छ भने 'बी.एल. ११३५' जातलाई ११५ दिन भए पुग्छ । 'देउती' जातको मकैलाई १३०–१३५ दिन लाग्छ भने 'रामपुर कम्पोजिट' लाई ११०–११५ दिन भए पुग्छ । किसानहरू एक वर्षमा धेरै पटक बाली लगाइ बाली उठाउन सके आफ्नो आम्दानी बढेको सोच्छन् ।

### ५. ठिमाहा जातका बीउहरूको अत्यधिक प्रयोग

ठिमाहा जातका बीउहरूको अत्यधिक प्रयोगका कारण पुराना बीऊको प्रयोगमा कमी आउने गर्दछ । खेतमा विरुवाको विविधतालाई पर धकेलेको कारण अन्य जातका बालीहरू हराउन थालेको हो ।

### पुराना बीऊको संरक्षण

पुराना जातका बीउहरूको संरक्षण अहिले धेरै ठाउँमा



हुन थालेको छ। समुदायको पहलमा स्थानीय ठाउँहरूमा उपलब्ध बालीहरू र तिनका जातहरूको संरक्षण हुन थालेका छन्। किसान वा त्यस कार्यमा संलग्न व्यक्तिहरूलाई बीउ संकलन, प्रशोधन, भण्डारण, नामाकरणलगायतका बारेमा प्राविधिक ज्ञान प्रदान गर्न तालिमको व्यवस्था गरिनुपर्दछ। बीउमा पानीको मात्रा, सापेक्षित आद्रता, तापक्रम आदिको आवश्यक मात्रामा कायम गर्न सक्नुपर्दछ। नयाँ प्रविधिको प्रयोग गर्न सके धेरै लामो समयसम्म ती बीउ नबिग्रिने गरी भण्डारण गर्न सकिन्छ।

विकासशील देशमा ८०-९० प्रतिशत बीउको स्रोत आफ्नै बारीको बीउ उत्पादन प्रणालीबाट चलिआएको छ। किसानहरूको आर्थिक विपन्नताका कारण बीउ भण्डारणको लागि आवश्यक स्थानको अभाव छ। सन् २०१० मा स्थापना भएयता राष्ट्रिय कृषि अनुसन्धान परिषद्अन्तर्गतको नेपाल कृषि जीन स्रोतकेन्द्रले तालिम तथा अन्य सहायता प्रदान गर्दै आएको छ। सन् २०१२ सम्ममा देशभरिबाट १०,७८१ थरीका बीउहरू संकलन गरिसकेको छ। अनुसन्धानमा ती बीउको प्रयोग गर्न सकिन्छ।

बीउको जातका विशेषताअनुसार त्यसमा रहेका जीनहरू निकालेर अरु बीउमा स्थानान्तरण गर्न सकिन्छ। जस्तै रोगसँग लड्न सक्ने विशेषता भएका बालीबाट त्यसको जीन निकालेर रोगसँग लड्न नसक्ने बालीको बीउमा सार्न सकिन्छ। र त्यसबाटै नयाँ प्रजातीका बीउ उत्पादन गर्न सकिन्छ। यस कार्यबाट निस्कने बीउलाई वंशानुगत परिवर्तन गरिएको बीउ भनिन्छ। रोग-कीराका कारण हुने क्षति न्युनीकरण गर्दा अन्नबालीको उत्पादकत्वमा वृद्धि हुन्छ।

नेपालमा गैरसरकारी संस्थाहरूले बीउ भण्डारणको काम गर्दै आएको देखिन्छ। यसलाई प्रभावकारी बनाउन नेपालका राष्ट्रिय बनस्पति अनुसन्धान केन्द्र, राष्ट्रिय आविष्कार केन्द्र, राष्ट्रिय कृषि अनुसन्धान केन्द्र र सम्बन्धित स्थानीय निकायहरूलगायतले सक्रिय भूमिका निभाएको खण्डमा बीउ भण्डारण व्यवस्थित र उपलब्धीपूर्ण हुने देखिन्छ। अनुसन्धान केन्द्र र शैक्षिक संस्थाहरूबीच समन्वय भएमा दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्नमा टेवा पुग्नेमा दुईमत छैन। प्राविधिक तालिम, गोष्ठी, छलफलहरूको आयोजनाले यी बैंकहरूको विकास गर्न मञ्च प्रदान गर्नेछ।

खेतबारीमै बाली लगाएर बीउ संरक्षण गर्ने अवधारणा धेरै देशमा प्रख्यात र सफल भएका छन्। प्राकृतिक छनौट र मानिसको छनौट दुबै सँगसँगै चल्ने यो प्रणालीको विशेषता हो।

बीउ/जीन संरक्षण कृषकको जीविकोपार्जनसँग सम्बन्धित छ। बीउ उत्पादन र बजारीकरणबीचको न्यायिक सम्बन्धले बीउ संरक्षणमा टेवा पुऱ्याउँछ।

**सन्दर्भ सामग्री:**

– Gupta, Salik Ram, 2012. Crop Genetic Resources and Genebank Activities in Nepal. Journal of the Faculty of Agriculture SHINSHU UNIVERSITY Vol.48 No.12.
– Community Seed Banks in Nepal: Past, Present, future, LIBIRD, 2012.
– कृषि डायरी।



# eQmk'/ sf] ljZj ;Dkbf ªftfkf]n



रीना प्रजापति



विश्व सम्पदा जोगाउने हाम्रो रहर
कला संस्कृतिले सुसंस्कृत हाम्रो सहर
यो नगर भक्तपुर नेपालीको धरोहर धरोहर

काठमाडौं उपत्यकाका मल्लकालीन तीन नगरहरू मध्ये एक 'भक्तपुर नगर' लामो ऐतिहासिक पृष्ठभूमि भएको विश्व सम्पदाहरूको सहर हो । 'संस्कृतिको नगर', 'जीवित सम्पदा', 'नेपालको सांस्कृतिक रत्न' र 'नाँचगानको राजधानी' को रूपमा परिचित यो पर्यटकीय नगर हो । नेवारी जीवनशैलीले भक्तपुर नगर सजिव संग्रहालयको रूपमा स्थापित छ । 'नेपालको रोम शहरको रूपमा परिचित' यो नगरमा कला-कौशलका पारखी हाम्रो पूर्खाहरूले धेरै सांस्कृतिक धरोहरहरू सिर्जना गरी छोडेर गएका छन् । यसमा हामी गौरवान्वित छौँ र आजको यो आधुनिक युगमा ऐतिहासिक सम्पदाहरूको संरक्षण र सुब्यवस्थापन गर्नु हाम्रो रहरसँगै चुनौति र जिम्मेवारी हो । स्वदेशी तथा विदेशी कलामर्मज्ञहरूले मुक्तकण्ठले प्रशंसा गरेको हाम्रो घर आँगनका सम्पदाहरूबारे जानकार हुनु हामी सबैको दायित्व हो ।

हालै भक्तपुर नगरपालिकाले टौमढी क्षेत्रमा चारपाङग्रे सावरीसाधन प्रवेश निषेधसम्बन्धी सूचना प्रकाशित गरेको छ । भक्तपुर नगरपालिकाको सूचनाअनुसार वडा नं. ५ स्थित प्रसिद्ध ङातापोल परिसरको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर स्थानीय जनता, बुद्धिजीवी र सरोकारवालाहरूको सुझावअनुसार त्यस क्षेत्रमा पूर्वमा क्वाछें, पश्चिममा स्वपुंग भैरव, उत्तरमा चतुर्ब्रम्ह महाविहारको पूर्वी बाटो र दक्षिणमा तीलमाधव नारायण मन्दिरको पूर्वी ढोका चलाखु यति चार किलाभित्रको क्षेत्रमा २०७५ माघ १ गतेदेखि बिहान ७:०० बजेदेखि बेलुकी ७:०० बजेसम्म हरेक दिन चारपाङग्रे सवारीसाधन प्रवेश निषेध गर्ने निर्णय गरेको छ । सम्पूर्ण सवारीसाधन धनीहरू तथा सर्वसाधारणहरूको जनकारीको लागि भक्तपुर नगरपालिकाले सूचना प्रकाशित गरेको छ । नगरपालिकाको यो ऐतिहासिक निर्णयलाई सम्मान गर्दै ङातापोल (पाँचतले) मन्दिरबारे केही जानकारी प्रस्तुत गर्ने प्रयत्न गर्दैछु ।

ङातापोल अर्थात् पाँचतले मन्दिर भक्तपुर नगरपालिका वडा नं. ५ टौमढी नापी कित्ता नं. ८७ मा अवस्थित आकर्षक र दर्शनीय वास्तुकलाको अनुपम धरोहर हो । आज भन्दा ३१७ वर्ष (ने.सं.८२२ कार्तिक – ८२२ जेष्ठ) अगाडि ८ महिनाको छोटो अवधिमा तात्कालीन भक्तपुरका राजा भूपतिन्द्र मल्लले निर्माण सम्पन्न गराएका थिए । यो नेपालकै सबैभन्दा अग्लो (१०८ फित ३३.२३ मिटर) नेपाली शैलीको मन्दिर हो ।

वि.सं. १८९०, १९९०, २०४५ र २०७२ का शक्तिशाली भूकम्पहरू सामना गर्दै ३१७ वर्षदेखि मजबुट रही मल्लकालीन प्रविधिको नमुना प्रदर्शित गरिरहन सक्षम वास्तुशास्त्र सम्मत निर्माण गरिएको मन्दिर हो । इतिहासको पाना पल्टाउँदा वर्तमान पाँचतले मन्दिर निर्माण हुनुअगावै ङातापूल नामक पुरानो मन्दिर

थियो। ङातापूल आजको ङातापोल जस्तै देखिने र आकारमा सानो थियो। भनिन्छ वर्तमान मन्दिर निर्माणको सिलसिलामा टौमढी टोल परिसर फराकिलो पार्न त्यस क्षेत्रका बासिन्दाहरूको घर-जग्गा अधिग्रहण गरी घर-जग्गा सट्टा भर्ना दिई हालको गोल्मढी र दत्तात्रय बीचको पलिखेलमा पुर्नवास गराइएको थियो।

मन्दिरमा ५२८ ओटा बतासे घण्टी, १०८ वटा काष्ठकलापूर्ण टुडालहरू, सुनको जलप लगाइएको करिब १०० केजीको गजुर र भित्र सिद्धिलक्ष्मी देवीको कलापूर्ण मूर्ति स्थापना गरिएको छ। ऐतिहासिक अभिलेख ग्रन्थअनुसार मूर्ति स्थापना उत्सवमा करिब १५,५०१ जना मन्दिर निर्माणमा योगदान दिने जनसमुदाय र अन्य छिमेकी राज्यका २,८४४ जनालाई भब्य भोज खुवाइएको थियो। छिमेकी राजालाई राजकीय पाहुना र भोजनको व्यवस्था गरिएको थियो। मन्दिरभित्र रहेको ९ मुख, १८ हात भएको तीन तहको भावपूर्ण र कलापूर्ण सिद्धिलक्ष्मी देवीको भब्य मूर्ति जम्मा १ महिनाको समयमा बनाएको तथ्य पाइएको छ। सिद्धिलक्ष्मी देवीका दायाँ पट्टी महाकाल भैरवको मूर्ति, बायाँ पट्टी समशान भैरव र मुनि बेतालको प्रतिमाहरू सिंगो शिलामा भक्तपुरका प्रतिभावान लोहोकर्मी शिलाकारहरूले बनाएका थिए।



सिद्धिलक्ष्मी देवीलाई विभिन्न ५ शक्तिहरूले पहरा दिइरहेका छन् तलबाट क्रमश कोटवाल, हात्ती, सिंह, शार्दुल र सिहंनी व्याघ्रिनी। दक्षिण अभिमुख प्रवेशद्वार पुग्न ठाडो ३६ ढुङ्गाको खुट्किला चढनुपर्छ। चापागाउँका प्रजाहरूले ल्याइपुऱ्याएको २ वटा विशाल ढुङ्गाबाट बनेका ठूला ठूला कोटवाल सामान्य मानिस भन्दा १० गुणा शक्तिशाली हुने स्थानीय जनविश्वास छ। त्यसैगरी कोटवाल भन्दा माथिको हात्ती अझ १० गुणा शक्तिशाली, हात्तीभन्दा माथिको सिंह १० गुणा शक्तिशाली, सिंहभन्दा माथि शार्दुल १० गुणा शक्तिशाली, र शार्दुल भन्दा माथि सिहंनी व्याघ्रिनी १० गुणा शक्तिशाली हुने जनविश्वास छ।

मन्दिरमा चारैतिर ४ आकर्षक द्वारहरू छन्। मन्दिर बनाउन भक्तपुरको पाँच विभिन्न स्थानमा इँटा भट्टा स्थापना गरेका थिए। टौमढी टोलबाट नजिक पर्ने सिद्धपोखरीको मुनि मस्यांबिजली, महेश्वरी पीठ नेरको वाताध्वाका, हनुमानघाट, नायध्वाका र चुपिङघाट इँटा भट्टा स्थापना गरेको थियो। लाखौं झिंगटी इँटाले छाएको पाँचै तह छानामुनिका सिर्जनशील बुट्टाहरू र देवदेवीका सुन्दर कलात्मक सिर्जनाले भरिएका टुडालहरू गौरव गर्न लायक छन्। पहिलो र दोस्रो तलाका टुडालहरूमा कुँदिएका काष्ठ मूर्तिहरू ब्रम्हायणी, महेश्वरी, कौमारी, वैष्णवी, बाराही, इन्द्रायणी, महाकाली र महालक्ष्मी नामका अष्टमातृका देवीहरू हुन्। तेस्रो तलाका टुडालहरूमा लोकेश्वरका मूर्तिहरू कुँदिएका छन्। चौथो तलाका टुडालहरूमा महालक्ष्मीका विविध मूर्तिहरू कुँदिएका छन् र पाँचौ तलाका टुडालहरूमा शिवशक्तिका मूतिहरू कुँदिएका छन्।

२०५४ सालमा ङातापोल मन्दिरको मर्मत गर्ने काम रु. ८६ लाखको लागतमा भक्तपुर नगरपालिकाद्वारा भक्तपुरकै कामदारमार्फत सम्पन्न गराएको रेकर्ड छ। हाल ङातापोल अगाडिको भैरव मन्दिर निर्माण कार्य भइरहेको अवस्थामा ङातापोलले पनि आफ्नो पालो पर्खिबसेको छ।

अन्तमा, हाम्रा पुर्खाले सिर्जेको सम्पति, हाम्रा पुर्खाको नासोको रूपमा प्राप्त ङातापोलजस्ता विश्व सम्पदाहरूको योजनाबद्ध संरक्षण र मर्मत-सम्भारलाई सहयोग र समर्थन गरौं। हाम्रा साझा सम्पदाहरूलाई कुनै पनि किसिमबाट नष्ट, भ्रष्ट र दुरूप्रयोग हुनबाट बचाऔं। पर्यटन वर्ष २०२० सफल बनाउन आजैबाट लागौं। माघ १ गतेबाट लागु भएको टौमढी क्षेत्रमा चारपाङ्ग्रे सवारीसाधन निषेधसम्बन्धी नगरपालिकाको निणर्यलाई सहयोग गरौं भन्दै रात्रीकालीन समयमा ङातापोलको भब्य काष्ठकला र मूर्तिकला आँखाभरी सजिने व्यवस्था गरिदिनु हुन नगरपालिकालाई अनुरोध गर्दछु।

*(लेखिका पर्यटक पथनिर्देशक हुनुहुन्छ।)*

*(लेखमा प्रस्तुत तथ्यहरूको स्रोत सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा सम्बन्धी अभिलेख ग्रन्थको अनुसन्धानात्मक विश्लेषणात्मक अध्ययन - डा. जनकलाल वैद्य र अन्य लेख रचनाहरू)*

साभार:

# भक्तपुरे दिदीहरू दंग–रानीपोखरीमा पानी अडियो

• सबिना श्रेष्ठ




काठमाडौंको रानीपोखरीबीचमा दुइटा साना कृत्रिम पोखरी बनाइएको छ। वरिपरि इँट्टाले घेरिएको चारकुने कोठालाई दुई भागमा छुट्याइएको छ। दुवैको सतहमा कालोमाटो मुछेर ओछ्याइएको छ। कालोमाटोमाथि पानी हालेर पोखरी आकार दिइएको हो।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पुनर्निर्माणको पर्खाइमा रहेको पुरातात्त्विक पोखरी बनाउन छाडेर यो बीचमा किन साना पोखरी बनाएको होला ?

हामीले यसबारे प्राधिकरणका सम्पदा महाशाखा प्रमुख शिवहरि शर्मासँग सोध्यौं। उनका अनुसार यो पोखरी निर्माणको परीक्षण हो। परम्परागत तरिकाले पानी अडिन्छ–अडिन्न भनेर 'डमी' बनाइएको उनले जानकारी दिए।

'यो डमीमा पोखरी बनाउने प्रक्रिया नै अपनाइएको छ। एउटा कोठामा खुट्टाले मुछेको र अर्कोमा मेसिनले मुछेको कालोमाटो हालेर परीक्षण गरेका हौं,' उनले भने, 'दुवैको नतिजा राम्रो छ।'

परीक्षण सफल भएकाले पोखरीमा पानी अड्याउन सकिने उनको विश्वास छ। खुट्टाले माटो मुछ्दा जनशक्ति र खर्च धेरै हुनाले अब मेसिनले मुछेकै माटो प्रयोग गर्ने तयारी भएको पनि उनले जानकारी दिए। रानीपोखरी पुनर्निर्माणको सबभन्दा ठूलो चुनौती नै प्राकृतिक रूपमा पानी अड्याउन सकिन्छ–सकिँदैन भन्ने थियो।

करिब तीन महिनाअघि प्राधिकरणले रानीपोखरी पुनर्निर्माण जिम्मा पाएको हो। शर्माकाअनुसार अहिलेसम्म १६ प्रतिशत हाराहारी काम भइसकेको छ।

प्राधिकरणअघि निर्माण जिम्मा पाएको काठमाडौं महानगरपालिकाले पोखरीभित्रको पश्चिमी भागमा सिमेन्ट ढलान गरेको थियो। यो भत्काएर पुर्नेदेखि पोखरीमा उम्रेका घाँस निकालेर सतह मिलाउनेसम्मका काम तीव्र रूपमा भइरहेको उनले जानकारी दिए। पर्खाल भत्काउँदा जमिन धसिने सम्भावना पनि थियो। यसलाई मिलाइएको छ र अहिले पोखरीले पूर्ण आकार पाएको छ।

पोखरी उपभोक्ता समितिले बनाइरहेको छ भने बालगोपालेश्वर मन्दिर र पुलका निम्ति निर्माण व्यवसायीसँग कुरा भइरहेको शर्माले बताए।

'अहिले पोखरी डिलमा माअप्पा (प्राचीन इँट्टा) छाप्ने काम भइरहेको छ,' शर्माले भने, 'मन्दिर, पुल र चारैतिर सौन्दर्यीकरण काम पनि चाँडै सुरू गर्नेछौं।'

पुनर्निर्माण उपभोक्ता समितिका सचिव रोशनकाजी तुलाधरकाअनुसार पोखरीलाई 'ग्राउन्ड जिरो' मा ल्याइसकेको छ। यो भनेको पोखरीको सतह मिलाएर डेढ मिटर कालोमाटो हाल्ने गरी तयार पारिएको हो। यो कामका लागि भक्तपुरका

करिब ३० महिला र ८ डकर्मी खटिएका छन् ।

'अहिलेसम्म त हामीले भक्तपुरका महिलाको सहायतामा निर्माण गरिरहेका हौं,' तुलाधरले भने ।

कालोमाटो हालेरै पानी अडिने पुष्टि भएपछि यी भक्तपुरे दिदीहरू पनि दंग परेका छन् । भुइँचालोले भत्किएको रानीपोखरी पुनर्निर्माण जिम्मा पाएका यी दिदीहरू दिनहुँ दुई घन्टा यात्रा गरेर भक्तपुरबाट यहाँ आउँछन् । प्राधिकरणले भक्तपुर नगरपालिकामार्फत् यो टोली परिचालन गरेको हो ।

रानीपोखरी उज्यालो हुँदै जाँदा उनीहरूको अनुहारमा पनि चमक बढेको छ ।

सतह मिलाइएको पिँधमा डेढ मिटर बाक्लो कालोमाटो हालिन्छ । कालोमाटोलाई नेवार भाषामा 'द्य:चा' भनिन्छ । उपत्यकाका स्थानीयहरू द्य:चा एकदमै गुणकारी हुने भएकाले 'ईश्वरको माटो' मान्छन् । कालोमाटोमा पानी चुहिएर जान दिँदैन । यसमा पानी अड्याइराख्ने क्षमता हुन्छ । यो माटो साँखु, मध्यपुर थिमी, भक्तपुर र पनौतीबाट ल्याउने तयारी भइरहेको छ ।

माटोको काम सकिएपछि एक तह माअप्पाकै 'सोलिङ' गरिन्छ । यो भनेको माटोमाथि ईँट्टा छाप्ने काम हो । यसपछि पोखरी पानी भर्न तयार हुने तुलाधरले जानकारी दिए । टुँडिखेल र त्रिचन्द्र क्याम्पसमा ३०० मिटर बोरिङ गरेर पानी ल्याउने प्राधिकरणको योजना हो । नपुग पानीका निम्ति मेलम्चीकै एक लाइन जोडिनेछ जसले वाष्पीकरणबाट खेर जाने पानी क्षतिपूर्ति गर्छ ।

'पहिले उत्तरी दिशाबाट (बागद्वारदेखि) आउने पानी दक्षिण हुँदै बागमतीमा पुग्थ्यो रे । यो पानीको बाटोबीचमा रानीपोखरी पर्थ्यो जसले यहाँ पानी कायम राख्न मद्दत गर्थ्यो । हामीले उत्तरी भागमा खनेर पनि हेर्यौं, पानी रसाइरहेको छ । तर पहिले जस्तो प्राकृतिक रूपमा पानीको प्रक्रिया रहने सम्भावना छैन,' उनले भने, 'त्यही भएर बोरिङ गरेर, मेलम्ची र केही आकाशे पानी जम्मा गरिने भएको हो ।'

हामी रानीपोखरी पुग्दा त्यहाँ सानो 'ग्राइन्डिङ मेसिन' र डोजर पनि थियो ।

'यस्ता उपकरण पुरातात्त्विक पोखरीमा निषेध छ हैन ?' मान्छेले मात्र काम गर्दा धेरै खर्च हुने भएकाले साना मेसिन प्रयोग गरिएको तुलाधरले बताए । डोजर भने छेउबाट निश्चित ट्याक बनाएर लगिएको उनले जानकारी दिए ।

रानीपोखरी पुनर्निर्माणमा साढे ९ करोड बजेट छुट्याइएको छ । उपभोक्ता समितिले पहिलो किस्तामा १० प्रतिशत (करिब ९४ लाख रूपैयाँ) लिएको थियो । त्यो रकम सकिएको र दोस्रो किस्ताको रकम प्राधिकरणबाट लिने तयारी भइरहेको तुलाधरले बताए ।

पोखरी भाइटीकामा खुला गर्ने तयारी छ । मन्दिर र पर्खालको टेन्डर भने भर्खर हुँदैछ । मन्दिर प्रताप मल्लकालीन शिखर शैलीमा निर्माण हुँदैछ जसको नक्सांकन सन् १८४५ मा रसियाका राजकुमार वाल्डमारका साथमा आएका चित्रकारले बनाएको स्केच हेरेर बनाइएको हो ।

सन् १९५१ मा जंगबहादुर राणाले बालगोपालेश्वरलाई युरोपेली प्रभावमा गुम्बज शैली दिएका थिए । ९० सालको भुइँचालोपछि जुदशमशेरले त्यही स्वरूपमा पुनर्निर्माण गराएका थिए । प्राधिकरणद्वारा गठित विज्ञ टोलीले मन्दिर प्रताप मल्लकालीन शैलीमै बनाउन सिफारिस गरेको थियो ।

हालै प्राधिकरणले गरेको अध्ययनमा पुलको जग पनि कमजोर देखिएको छ । यसलाई पनि भत्काएर बनाइने भएको छ । पुलको जगदेखि सतहसम्म 'ड्राइ ड्रेस स्टोन वाल' लगाइनेछ भने बाहिरी भागमा पुरानै ईँटा (माअप्पा) प्रयोग गरिने सम्पदा महाशाखा प्रमुख शिवहरि शर्माले जानकारी दिए ।

उता उपभोक्ता समितिलाई भने पोखरी सँगसँगै बन्नुपर्ने मन्दिर निर्माणमा ढिलाइ हुँदा आफ्नो काममा बाधा पुग्ने हो कि भन्ने चिन्ता छ ।

'मन्दिरको टेन्डर पाएको मान्छे आएर काम थाल्दा पोखरीको काम समयमै सक्न समस्या होला कि भन्ने लागेको छ,' उपभोक्ता समितिका सचिव रोशनकाजी तुलाधरले भने, 'तै पनि हामी समझदारीमा काम गरेर समयमै सक्ने प्रयास गर्नेछौं ।'

*सबै तस्बिर: नारायण महर्जन र सेतोपाटी*

*प्रकाशित मिति: शुक्रबार, असार २०, २०७६*



# भक्तपुर र काठमाडौंका पोखरीसँगै पाटनको मल्लकालीन पोखरी ब्युताउँदै भक्तपुरबासी

• सहयोग रञ्जित




काठमाडौंको रानीपोखरीको पुनर्निर्माणका लागि हाल भक्तपुरबाट करिब ६० जना आएर काम गरिरहेका छन् । काठमाडौंकै रानीपोखरी भन्दा पुरानो भाजु (भाज्या) पुखु निर्माणमा पनि करिब ४० जना खटिएका छन् ।

पुनर्निमाणमा खटिनेमा अधिकांश महिला छन् ।

पुनर्निर्माणको काम ठेक्का बिना उपभोक्ता समितिमार्फत् भइरहेको छ । यी दुवै पोखरी निर्माणको नेतृत्व भक्तपुरका कृष्णप्रसाद दुमरुले गरिरहेका छन् ।

दुमरु डेढ महिनादेखि भक्तपुरको अर्को जम्बो टोली लिएर ललितपुरको लगनखेल पुगिरहेका छन् ।

लगनखेलबाट ललितपुर जिल्ला अदालत जाने बाटैमा रहेको 'न्हू पुखु' पुनर्निर्माणका लागि भक्तपुरकै दक्ष जनशक्ति अहिले काम गरिरहेका छन् । दुमरु हाल तीनै पोखरी (भाजु पुखु, रानी पोखरी र न्हू पुखु) को निर्माण कार्यका लागि दैनिक रुपमा तीनै जिल्ला पुग्ने गरेका छन् ।

बिहान भाजु पुखुको निर्माणका बारेमा बुझेर उनी आवश्यक्ताअनुसार काठमाडौं र ललितपुर पुग्ने गरेका छन् ।

काठमाडौं र भक्तपुरमा झैं पाटनमा पनि पुनर्निर्माणमा खटिनेमा महिला नै धेरै छन् । रानीपोखरी र भाजु पुखुमा काम गरिरहेका महिलाहरू समेत अहिले न्हू पुखुमा काम गरिरहेका छन् ।

दुमरु तीनै जिल्लामा काम गर्न पाउँदा सबैजना खुशी रहेको बताउँछन् । 'भक्तपुरको भाजु पुखुमा गरेको काम देखेर राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले काठमाडौंको रानी पोखरीको पोखरी र पर्खाल लगाउने काम हामीलाई दियो,' दुमरुले भने, 'अहिले ललितपुरमा पनि हामीलाई बोलाउनुभयो । यसले त हामी भक्तपुरबासीलाई गर्व महसुस भएको छ ।'

न्हू पुखु भन्ने बितिक्कै धेरैलाई काठमाडौंको रानीपोखरी याद आउँछ । नेवार समुदायमा रानी पोखरीलाई 'न्हू पुखु' अर्थात् 'नयाँ पोखरी' भन्ने गरिन्छ । काठमाडौंको मध्य भागमा रहेको 'न्हू पुखु' रानी पोखरीमा रूपान्तरण भयो । त्यो शहरकै शोभा बन्यो । तर ललितपुरको मध्य भागमा रहेको न्हू पुखु भने वर्षौंसम्म ओझेलमा नै रह्यो । पाटनबासी नै सो पोखरीबारे धेरै जानकार छैनन् ।

पाटन अस्पतालबाट महालक्ष्मीस्थान र लगनखेल चोकबाट जिल्ला अदालत जाने दुई बाटोको बीचमा रहेको छ 'न्हू पुखु' । जिल्ला अदालतको अगाडि रहेको ललितपुर महानगरपालिका वडा नम्बर ५ कार्यालयसँगै रहेको फलामे

गेटबाट न्हू पुखु पुगिन्छ ।

मल्लकालीन न्हू पुखुलाई स्थानीयहरू ललितपुर नगरको सबैभन्दा पछिल्लो पोखरी रहेको हुन सक्ने बताउँछन् । तर न त यस पोखरीबारे थप अध्ययन हुन सकेको छ, न त यसको इतिहासबारे धेरै जानकार नै छन् ।

पोखरी पुनर्निर्माण सुरु भएकाले पोखरीबारे थप अध्ययन हुने र यसको इतिहासबारे थाहा पाउन सकिने सम्भावना बढेकोमा स्थानीयमा केही आशा पलाएको छ ।

पोखरी पुनर्निर्माणका लागि ललितपुर महानगरपालिकाले ४४ लाख ९१ हजार ७ सय ५९ रूपैयाँ बजेट छुट्याएको छ । पुनर्निमाणका लागि न्हू पुखु संरक्षण तथा पुनर्निर्माण समिति गठन गरिएको छ ।

'धेरै समय यो पोखरी गुमनाम नै भयो । फोहोर थुप्रन थाल्यो । त्यसमाथि उपत्यकामा खुल्ला ठाउँको अभाव भइरहेको छ,' समितिका अध्यक्ष सतिशनारायण डंगोल न्हू पुखु पुनर्निर्माणको आवश्यकताका बारेमा भन्छन्, 'त्यसैले मल्लकालीन सम्पदा संरक्षण गर्दै पौराणिक संरचनामै केन्द्रित भएर पोखरी निर्माण गर्न लागेका हौं । न्हू पुखुलाई हामी एउटा नमूना सार्वजनिक स्थानका रूपमा निर्माण गर्नेछौं ।'

पोखरीको पुनर्निर्माण कार्य सुरु भएको साढे एक महिना बितिसक्दा पोखरीको चारै भागमा पुरानो पर्खाल उत्खनन् गर्ने काम भइरहेको छ । दक्षिण क्षेत्रमा त पर्खाल निर्माण कार्य सुरु भइसकेको छ ।

पोखरी निर्माणको नेतृत्व गरिरहेका दुमरु भन्छन्, 'मुख्य योजनाभन्दा फरक ढंगबाट अहिले काम फरक भएको छ । पर्खाल नै छैन भनेको स्थानमा उत्खनन् गर्दा पर्खाल भेटिएको छ ।' भेटिएको पर्खाल सबै माअप्पा (पातलो इँटा) ले निर्माण भएको देखिन्छ । दुमरु उत्खननका क्रममा भेटिएका इँटा, ढुंगाको अध्ययन गरे पोखरीको ऐतिहासिक अवस्था बारेमा थाहा पाउन सक्ने बताउँछन् ।

अझै पोखरीको मध्य भागमा काठ रहेको छ जुन पानीमाथि सजिलै देख्न सकिन्छ । दुमरु त्यो करिब आठ बाइ आठको काठ हुन सक्ने बताउँछन् । यसबाट पोखरीको बीचमा पहिला मन्दिर वा केही संरचना भएको पुष्टि हुन सक्ने उनको दाबी छ ।

भक्तपुरमा निर्माण भइरहेको भाजु पुखुमा पनि पोखरीको मध्य भागमा काठ रहेको थियो । अध्ययन गर्दै जाँदा त्यो काठ भूकम्प प्रतिरोधात्मक तरिकाले राखिएको र त्यहाँ मन्दिर रहेको तथ्य फेला परेको थियो । दुमरु पोखरीको इतिहास बारेमा पनि अध्ययन हुनुपर्नेमा जोड दिन्छन् ।

यता, उपभोक्ता समिति पनि पोखरीका बारेमा अध्ययन गराउने विषयमा सकारात्मक रहेको छ । समितिका अध्यक्ष जोशीकाअनुसार पोखरीका बारेमा अध्ययन गर्न पुरातत्त्व विभागमा गएर आग्रह गर्ने तयारी छ ।

न्हू पुखु पुनर्निर्माणका लागि पहिला पोखरीमा रहेको पानी सुकाउने योजना थियो । तर पानी सुकाउँदा फेरि पानी जमाउन गाह्रो हुनसक्ने कुरालाई मध्यनजर गर्दै पानी नसुकाइ काम भइरहेको छ ।

दुमरुका अनुसार पानीको बहावलाई जस्तापाताले रोकेर पोखरी निर्माणको काम भइरहेको छ । अहिले पुनर्निर्माणमा खटिएका महिलाहरू पोखरीको चारैतिर झारपात उखेल्ने, जमिन सम्याउने, कालो माटो र बज्र (चुना, सुर्की र बालुवाको मिश्रण), इँटा सफा गर्ने लगायतका काम गरिरहेका छन् । न्हू पुखु निर्माणमा आधुनिक सामग्री प्रयोग गरिने छैन ।

उपभोक्ता समिति पोखरी निर्माणपछि त्यसलाई मानिसहरू आराम र मनोरञ्जन गर्न मिल्ने गरी बनाउने पक्षमा छ । पोखरीको वरिपरि पार्क बनाएर सार्वजनिक स्थलका रूपमा विकास गर्ने योजना रहेको छ । त्यसका लागि महानगरले थप बजेट छुट्याउने समितिको विश्वास छ ।

पोखरीलाई मल्लकालीन ऐतिहासिक रूपमै निर्माण गरेर आधुनिक र समय साक्षेप बनाउने पुनर्निर्माण समितिको योजना छ । 'पोखरी निर्माण गर्नु मात्रै हाम्रो उद्देश्य होइन,' समितिका अध्यक्ष जोशीले भने, 'पोखरी निर्माण भएपछि यहाँका स्थानीयहरूलाई इतिहासप्रति संवेदनशील बनाउने र पोखरीलाई सार्वजनिक स्थलका रूपमा विकास गर्ने योजना छ ।'

दुमरु पनि भक्तपुरको सीप र दक्षता उपत्यकाका तीनै जिल्लामा देखाउन पाउँदा यसले तीनै जिल्लाका मानिसहरूबीच आत्मीयता बढाउनेमा विश्वस्त छन् । भक्तपुरबाट काठमाडौं र ललितपुर आएर काम गरिरहेका दिदी-बहिनीहरूले भक्तपुरमाभन्दा बढी मिहिनेत गरिरहेको उनको बुझाइ छ ।

लामो समय ओझेलमा परेका पोखरीहरू ब्यूँताउन तीनै जिल्लामा देखिएको अग्रसरतालाई सबैले साथ दिनुपर्ने दुमरुको राय छ । 'पोखरीको आवश्यकताबारे बुझ्नुपर्छ । यसको निर्माण सौन्दर्यीकरण गर्न मात्रै भएको होइन । बस्तीको आवश्यक्तालाई ख्याल गर्दै पोखरी बनाइएको हो,' उनले भने, 'खुल्ला क्षेत्रको अभाव र जमिनमुनि पानी जाने अवस्था नरहेको बेला पोखरीहरू ब्यूँताउन सके सबैलाई राम्रै हो ।'

*स्रोतः पहिलोपोस्ट, १८ असार २०७६*

# भक्तपुरलाई सिकाएको सिम्रौनगढ

• मिलन बगाले

**राजधानीको संस्कृति र कलाको चेतमा सिम्रौनगढको योगदान मिसिएको छ। तर, सिम्रौनगढ ?**

*'भक्तपुरको वास्तुकलामा सिम्रौनगढको ठूलो प्रभाव छ । सबैभन्दा धेरै तराईका मानिसलाई ल्याएर बसोबास गराउने काम पनि भक्तपुरले नै गरेको छ । सिम्रौनगढको नगर वास्तु भक्तपुरसँग हुबहु मिल्छ ।'*

सिम्रौनगढका राजाले भक्तपुर शहरलाई जोड्न भक्तपुर–बनेपा–सिन्धुली हुँदै बाटो बनाएको इतिहास छ । उपत्यकाका तीनै शहरका मानिस आफ्ना पितृको अस्थिकलश लिएर त्यही बाटो भएर पटना, बोधगया, काशी जाने गरेको पाइन्छ ?

सिम्रौनगढबारे पुरातत्त्वविद् तारानन्द मिश्रका यी शब्दहरू पत्रकार ईश्वरी ज्ञवालीले चार वर्षअघि नेपाल साप्ताहिकका लागि टिपेका हुन् । भक्तपुरलाई सिकाउने सिम्रौनगढको यो गर्विलो इतिहास पढेपछि मनमा कस्तो अनुभूति आउला ?

ऐतिहासिक सम्पदाहरूको संरक्षण, पुरानो वैभव सम्झाउने व्यवस्थित संग्रहालय, चट्ट मिलेका गाउँबस्ती, खेतैखेतबीच सफा सडक, सुन्दर पोखरी र सम्पदाले भरिएको व्यवस्थित सिम्रौनगढ ?

कठै, त्यस्तो किन हुन्थ्यो ! सिम्रौनगढ त उदास, उजाड र असरल्ल पो छ, भग्नावशेष जस्तो– धूलो, हिलो र झुप्रे बस्तीसहितको असरल्ल र अलपत्र ।

गढीमाई मन्दिर रहेको बाराको बरियारपुरबाट गण्डक नहरको किनारै किनार पूर्वतर्फ महागढीमाई नगरपालिका, पचरौता नगरपालिका, आदर्श कोतवाल गाउँपालिका छुँदै करिब २० किलोमिटर यात्रा गरेपछि सिम्रौनगढ पुगिन्छ ।

जीर्ण नहरसँगै जोडिएको सडक धुलाम्य छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत माछा सुपर जोनमा परेको यो क्षेत्रको सेरोफेरोमा ठूलठूला माछापोखरी छन् । सिम्रौनगढ पुग्नलाई वीरगञ्ज र कलैयाबाट सार्वजनिक बस पनि पाइन्छ ।



0{/f kf]v/Lsf] 5]pdf 66]kf]6}sf] k'/fgf dlt{

सिम्रौनगढको अध्ययन गरिरहेका भरत शाहले लेखे अनुसार राजा नान्यदेवले सन् १०९७ मा यहींबाट कर्णाटवंशको स्थापना गरेका हुन् । उनीपछि गंग देव, नरसिंह देव, रामसिंह देव, शक्ति देव र हरिसिंह देवले यहाँ राज्य गरे ।

त्यसबेला सिम्रौनगढ राज्य कोशीदेखि गण्डकी र महाभारत शृंखलादेखि गंगा सिमानासम्म फैलिएको थियो । प्रथम शासक नान्यदेवदेखि अन्तिम हरिसिंहदेवसम्मको राज्यकालमा गढी, गौंडा, प्रशासनिक केन्द्रमा कुलदेवीका रूपमा तुलजा भवानी (तलेजु) को पूजास्थल स्थापना गरिएको थियो ।

१४ औं शताब्दीको अन्त्यतिर बंगाल विजय गरी फर्कंदै गरेका दिल्लीका बादशाह गयासुद्दिन तुगलकको सेनाले आक्रमण गरेपछि सिम्रौनगढका धेरै ऐतिहासिक, धार्मिक स्थलहरू तहसनहस पारिए । राज्य पूरै ध्वस्त भयो ।

अन्तिम राजा हरिसिंह देव तलेजु भवानीलाई साथमै लिई भक्तपुरतिर भागे पनि पुग्न सकेनन् । बीच बाटोमै उनको निधन भयो । रानी देवलदेवीका छोरा जगतसिंह सहित भक्तपुरका राजा रुद्र मल्लकहाँ शरण लिन पुगिन् ।

इतिहासमा पढ्न पाइन्छ, रुद्र मल्लकी छोरी नायकदेवीसँग जगतसिंहको विवाह भयो । नायकदेवी र जगतसिंहकी एकमात्र छोरी राजल्लदेवीसँग तिरहुतबाट डोलाजी प्रथाबाट भित्र्याइएका जयस्थिति मल्लको विवाहसँगै उपत्यकाको शासनसत्तामा दोस्रो मल्लकालको उदय भयो । जो पृथ्वीनारायण शाहको एकीकरण अभियानसम्म कायमै थियो ।

मल्लकालीन नेपालको इतिहासमा वास्तुकलाको स्वर्ण युगका रूपमा परिचित छ । राजधानीको कला, संस्कृति, वास्तुकलाको चेतमा सिम्रौनगढको योगदान मिसिएको छ । तर, सिम्रौनगढ ? यतिबेला माछापोखरीको नगर बनेको सिम्रौनगढको इतिहास जगबाटै भत्किसकेको आभास हुन्छ ।

इतिहासका कतिपय चिनो त यिनै माछापोखरीभित्रै लोप भइसकेका छन् । सिम्रौनगढ नगरको बस्ती कहाँबाट शुरू भएर कता टुंगिएको हो, नक्शा थाहा पाउन नक्शै हेर्नुपर्छ ।

नगरपालिका कार्यालय सेरोफेरोको असरल्ल र धुलाम्य बस्ती, कंकाली माई मन्दिर, मन्दिर परिसरभित्रका एकाध टुटेफुटेका मूर्ति, हिलाम्य ऐतिहासिक ईशरा पोखरी र यसकै सेरोफेरो अहिलेको सिम्रौनगढ हो ।

सिंगो सिम्रौनगढ इतिहासमा सलक्कै बिलायो । खण्डित सिम्रौनगढका बचेखुचेका चिन्ह हिलो, धूलो र पोखरीभित्र म्हासिंदै, नासिंदै र भासिंदै छन् ।

## जोगाउने उपाय

एकादेशको कथाजस्तो बनिरहेको सिम्रौनगढलाई जोगाउने उपाय हुँदै नभएको चाहिं हैन । सम्पदा, कृषि र पर्यटनको हाँगो समातेर सिम्रौनगढ फेरि बौरिन सक्छ ।

सिम्रौनगढलाई बचाउन सबैभन्दा पहिले यहाँका जनप्रतिनिधिले सिम्रौनगढ जान्ने, बुझ्ने, पढ्ने, सुन्ने, लेख्ने सबैका कुरा ध्यान दिएर सुन्नुपर्‍यो ।

तर, एकसरो सुनेर मात्र भएन, यहाँका ऐतिहासिक सम्पदाहरूको व्यवस्थित किसिमले लगत संकलन गर्नुपर्‍यो । लोप भइसकेका, खण्डहर अवस्थामा रहेका र बचेका सबै सम्पदा सामग्रीहरूको नक्शांकन, चित्रांकन, रेखांकन, उत्खनन्, संकलनको कामसँगै व्यवस्थित बस्तीको खाका समेटिएको गुरुयोजना बनाउनुपर्‍यो ।

सम्पदा संरक्षणको सबै काम एकैचोटि गर्न सकिंदैन, त्यसैले प्राथमिकता तोकेर जोगाउँदै, बनाउँदै अघि बढ्ने योजना बनाउनुपर्छ । यसका लागि प्रदेश सरकारदेखि पुरातत्त्व विभाग लगायत सबैको मद्दत लिनुपर्छ ।

सम्पदा खोज र संरक्षणसँगै व्यवस्थित बस्ती विकासको गुरुयोजना बनाउँदै गर्दा भएका तथा बचेका स्थलहरूको संरक्षण, उत्खनन् जस्ता कार्य पनि सँगसँगै अघि बढाउनुपर्छ ।

गढीमाईबाट सिम्रौनगढसम्म आइपुग्ने बाटोको सुधार, पर्यटकीय सुविधा भएका होटलहरूको निर्माण, होमस्टेमा प्रोत्साहन, पोखरीहरूको सरसफाइ र संरक्षणजस्ता काममा पनि उत्तिकै ध्यान दिन जरूरी छ ।

***आफ्ना ऐतिहासिक बस्ती, किल्ला, पर्खाल, मन्दिर, मठ बेलैमा चिन्न, जोगाउन र व्यवस्थित पुनर्निर्माण गर्न सके अहिलेको भक्तपुरजस्तै बन्न सक्छ, सिम्रौनगढ ।***

सिम्रौनगढको मुख्य सम्पदा क्षेत्रभन्दा बाहिर मात्रै माछापोखरी बनाउन दिने गरी सो क्षेत्रभित्र गहिरो खनजोत, डोजर लगाउने काम बन्द गर्नु नितान्त जरूरी भइसकेको छ ।

पुरातत्त्वविद्हरूको सहयोगमा ऐतिहासिक स्थलको चार सिमाना कायम गरेर होशियारीपूर्वक उत्खनन्का कामहरू हुनसकेमा सिम्रौनगढ प्राचीन सभ्यताको इतिहास बोल्ने, दर्शनीय ऐतिहासिक स्थल बन्न सक्छ ।

***सम्पदा संरक्षणजस्तो संवेदनशील काम ठेक्कापट्टाबाट हुनै सक्दैन, स्थानीयस्तरमै दक्ष निर्माणकर्मी खोजेर अमानतमा सम्पदा निर्माण गर्नुपर्छ ।***

जंगबहादुरका छोरा जीतजंगले १९३५ सालमा सिम्रौनगढमा निर्माण गराएको रानीवास मठ पुरातत्त्व विभागले ठेक्कापट्टाबाट पुनर्निर्माण गराइरहँदा सम्पदा संरक्षणको मर्म अनुरूप हुन नसकेका घटनाबाट पाठ सिक्नुपर्छ । ***अब सिम्रौनगढले भूकम्पमा भत्किएका सम्पदाहरूको निर्माण अमानतमा गराइरहेको भक्तपुरबाट सिक्नुपर्ने बेला आएको छ ।***

समुदायको जीवनसँगै जोडिएका सम्पदालाई समुदायबाट छुट्याउन सकिंदैन, पाइँदैन । सिम्रौनगढ सेरोफेरोका भग्न सम्पदाको संरक्षण, लोप भएका सम्पदाको उत्खनन् र व्यवस्थित बस्ती विकास असम्भव छैन ।

इतिहासको गौरवलाई जोगाउन र व्यवस्थित बस्ती बसाउन भरमग्दुर प्रयास गर्नेको जय होस् !

*हिमाल खबर, २०७६ असार २१ गते शनिबार*


**के गर्दै छ**
**भक्तपुर नगरपालिका ?**

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

# रानीपोखरी जोगाउन भक्तपुरदेखि

## रानीपोखरी पुन:निर्माणमा खटिएका पाँच महिला कालिगढको कथा

• राजु स्याङ्तान

भक्तपुर, दुधपाटीकी सुभद्रा ध्वजु (३७) बिहान पाँचै बजे उठ्छिन् । घरधन्दा सकेर दिउँसोको खाजा पोको पार्छिन् । निधारबीच रातो टीका लगाउँछिन् अनि दुई छोरा र निर्माण पेसामै आबद्ध श्रीमानलाई घरमै छाडेर भक्तपुर बसपार्कतर्फ लम्किन्छिन् । ईश्वरीमाया त्वाती (५३) बुद्धयौलीतिर लम्किँदै छिन् । तर, पारिवारिक जिम्मेवारी घटेको छैन् । वार्षिक ८ हजार तिर्ने गरी लिजमा बनाइएको टिनको टहरामा बिहान चारै बजे आँखा खुल्छ, ईश्वरीमायाको । दमका रोगी श्रीमानलाई खाना बनाएर खुवाउँछिन् । जेठो छोरा छुट्टिएर बसिसके । माइलो डकर्मी छन् । कान्छो साइकलमा पत्रिका पुऱ्याउन झिसमिसेमै हिंडिसक्छन् । दिउँसोको खाजा पोको पारेर हतारहतार जान्छिन्, भक्तपुर बसपार्कतिर ।

शर्मिला ध्वजू भर्खरै २२ वर्षकी भइन् । उनी निरक्षर छिन् । भक्तपुर दुधपाटीकी उनले १९ वर्षमै बिहे गरिन् । भन्छिन्, 'माइतीमा दुःख थियो । त्यसैले पढ्न पाइनँ । बिहे गरेपछि पढ्ने कुरै भएन ।' उनी पनि बिहान ५ बजे उठ्छिन् । देवताको पूजा गर्छिन् । बिहानको घरधन्दा सकेर फर्निचरमा काम गर्ने श्रीमान् र सासू-ससुरालाई खाना बनाएर खुवाउँछिन् । त्यसपछि साढे दुई वर्षको छोरा सासूलाई छाडेर हिंड्छिन्, भक्तपुर बसपार्कतिर ।

दुधपाटीकी चन्देश्वरी बमनु (३५) पसलमा बस्थिन् । भर्खरै जन्मिएकी छोरीको स्याहारसुसारमै बित्दै थिए, उनका दिनहरू । रानीपोखरी पुनर्निर्माण उपभोक्ता समितिका कोषाध्यक्ष थिए उनका श्रीमान् । एक दिन अचानक उनका श्रीमान् बिरामीले थला परे । उपचार गर्दागर्दै जन्डिस बिग्रिएर श्रीमान् बिते । त्यसपछि चन्देश्वरीको दैनिकी फेरियो । हिजोआज उनी बिहानै उठ्छिन् र अरूले जस्तै दिउँसोको खाजा पोको पार्छिन् अनि जान्छिन्, भक्तपुर बसपार्कतर्फ ।

अष्टलक्ष्मी दुवाल ५१ वर्षकी भइन् । ८ वर्षअघि नै श्रीमान्को निधन भइसकेको छ । उनलाई खस नेपाली भाषा बोल्न आउँदैन् । एक छोरा र दुई छोरी छन् साथमा । बिहानै उठी घरधन्दा सकेर ब्यासीबाट निस्किन्छिन्, बसपार्कतिर ।

०००

भक्तपुर नगरका विभिन्न चोक र गल्ली छिचोल्दै ४८ जना महिला बिहान ८ बजे जम्मा हुन्छन्, अनि सुरु हुन्छ काठमाडौं, रानीपाखेरीसम्मको यात्रा । ठिमी, कोटेश्वर, बानेश्वर हुँदै उनीहरू पुग्छन्, रानीपोखरी । त्यसपछि सुरु हुन्छ, मौलिक सीपले रानीपोखरी पुनर्जीवित गर्ने कर्म ।

फागुनमा उनीहरू रानीपोखरी पुग्दा त्यो, पोखरी स्याल लुक्ने झाडी बनेको थियो । ठाउँठाउँमा बालुवाको ढिस्को थियो । इँटाको थुप्रो थियो ठाउँठाउँमा । जमिन फुटेर पानीको थोपै नअडिने भएको थियो । त्यसपछि तिनीहरूले सुरुमा झाडी फाँडे, झार उखेले र सफा बनाए रानीपोखरी ।

रानीपोखरीको सतहमा बालुवा भएका कारण पानी अडिँदैन् । उनीहरूको काम पोखरीमा पानी अडिने बनाउनु हो । काम सुरु गर्नुअघि उनीहरूले पोखरीको छेउमा परीक्षण गरेका थिए । परीक्षण सफल भएपछि उनीहरूको काम अघि बढेको हो । अहिले उनीहरू पोखरीको छेउछेउमा परम्परागत शैलीमा वाल लगाइरहेका छन् । इँटा पखाल्ने, बोक्ने, छेउछेउ खन्ने काममा व्यस्त छन् उनीहरू । इँटाको धुलो, चुन र बालुवा घोलेर मसला बनाइरहेका छन् । अब उनीहरू रानीपोखरीमा कालिमाटीले लिप्नेछन् । त्यसमाथि इँटा राख्नेछन् । अब उनीहरूको काँधमा एउटै जिम्मेवारी छ, रानीपोखरीलाई पुनर्जीवन दिने । रानीपोखरीलाई हराभरा बनाउने ।

०००

टाउकोमा रातो टोपी छ सुभद्राको । खुट्टामा गमबुट । निधारमा माटोको छिर्का । उनी पोखरीमा पानी जमाउने कालिगढमध्येकी एक हुन् । रानीपोखरी आउनुअघि उनीसँग भक्तपुरकै भाजुपोखरी र सिद्धपोखरीमा काम गरेको अनुभव छ । उनले त्यो सीप बाबुबाजेबाट सिकेकी हुन् ।

पहिलोपटक यो सीप सिक्दा उनी २१ वर्षकी थिइन् । सुरुमा उनले सिद्धपोखरीमा काम गरिन् । उनको पालामा छोरी पढाउने चलन कम थियो । उनी सामान्य साक्षर मात्रै हुने मौका पाइन् । दाजुभाइ स्कुल, कलेज गइरहँदा उनीचाहिं हजुरबुबा र बुबासँग पोखरीमा काम गर्न गइरहिन् । त्यसबेला सिकेको सीप आज देशको सम्पदा जोगाउने महत्त्वपूर्ण काममा प्रयोग भएको छ । सुभद्रा दंग छिन्, भन्छिन्, 'एकदमै खुसी लागेको छ । हामीले सिकेको सीप काम लाग्यो ।'

रानीपोखरीको यो पुनर्निर्माणमा महिला कालिगढ ४८ जना खटिएका छन् भने १५ पुरुष डकर्मी । बाजेको पालासम्म त्यस्ता काममा महिला र पुरुषसँगै हुन्थे । सुभद्रा अनुभव सुनाउँछिन्,



ci6nIdL bj̃fn, zld{nf Wjh, ''rGbI{j/L adg', O{j/Ldfof Tjft L / ;eb|Wjh' bfofF6 qmdz

'बाउबाजेको पालामा केटा–केटी सबैसँगै हुन्थे । बिस्तारै केटाहरू घट्दै गए ।' समयान्तरमा पुरुष र महिलाको बाटो अलग भयो । छोराहरू पढ्न गए, छोरीहरू त्यही सीपमा लागिरहे । सुभद्राको पुस्तासम्म यो सीप जीवित छ । तर, उनीभन्दा पछिको पुस्तामा यो सीप जान्ने मानिस छैन् ।

सुभद्रासँग कुराकानी गर्दागर्दै ईश्वरीमाया आइपुगिन् । उनी नेपाली भाषा बुझ्दिनन् । सुभद्रा दोभासे बनिन् । टाउकोमा रातो टोपी लगाएकी थिइन् । उनी सबैभन्दा पाको देखिन्थिन् । बुढ्यौलीले छोप्दै लगेको उमेरलाई पर्वाह नगरी उनी इँटा बोकिरहेकी थिइन् । उनीसँग पनि भाजुपोखरी र सिद्धपोखरीमा काम गरेको अनुभव छ । सिद्धपोखरीमा उनले दुईपटक काम गरिसकिन् । भन्छिन्, 'मैले यो सीप बाजुबाजेबाटै सिकें ।'

पुनर्निर्माणमा खटिएका महिलामध्ये शर्मिला सबैभन्दा कम उमेरकी हुन् । उनको काम गाडामा माटो ओसार्ने, इँटा बोक्ने, मसला बनाउने हो । कालिमाटीको प्रयोग गर्न उनलाई पनि आउँछ । तीन कक्षामा केही दिन मात्रै स्कूल गएको अनुभव छ उनीसँग, पढ्न आउँदैन् । रानीपोखरी आउनुअघि उनी पनि भाजुपोखरीमा काम गर्थिन् । सिद्धपोखरीमा पनि काम गरेको अनुभव छ । शर्मिला प्रत्येक दिन रानीपोखरी आइरहेकी छिन् । औपचारिक शिक्षाको उज्यालोबाट बञ्चित छिन् । तर, मौलिक सीप जानेकी छिन् ।

शर्मिलासँग भविष्यको कुनै योजना छैन् । पाएसम्म यस्तै काम गर्ने योजना सुनाउँछिन् । भन्छिन्, 'पढाइ–लेखाइ भए पो ठूलो मान्छे बन्नु' अरू त के बन्नु र खै ?' सामाजिक सञ्जालको जञ्जालबाट उनी टाढा छिन् । बिहानै उठ्नु, घरधन्दा सकेर रानीपोखरी आउनु उनको दैनिकी हो । पढ्न नपाएकोमा पछुतो छ । भन्छिन्, 'पढ्न पाएको भए यस्तो काम गर्नुपर्ने थिएन् । छोराछोरी पढाउने उमेरमा अब त के पढ्नु, लाज लाग्छ ।'

रानीपोखरी पुनर्निर्माणमा एकल महिला पनि खटिएका छन् । ८ जना एकल महिला छन् । तीमध्ये एक हुन् चन्देश्वरी । उनले एसएलसीसम्म पढेकी छिन् । बैशाख २८ गते श्रीमान् (रञ्जन बमन्) को निधन भएपछि जेठ महिनादेखि उनी रानीपोखरी आएकी हुन् । १८ महिनाकी छोरी छाडेर उनी प्रत्येक दिन आउँछिन् । श्रीमान् रानीपोखरी पुनर्निर्माण समितिको कोषाध्यक्ष थिए । श्रीमान् जीवित भएको भए उनी आउनुपर्ने थिएन् । श्रीमान्को निधन भएको केही महिना मात्रै भएको छ । उनी इँटा धुने, पानी हाल्ने काम गर्छिन् । बेलाबेला एकोहोरिन्छिन् । नजिकैको घन्टाघर बजेपछि झस्किन्छिन् । कुरा गर्दागर्दै हातको पन्जा खोलेर छेउमा राखिन् । अनि आँसु पुच्दै भनिन्, 'छोरीका लागि भए पनि आउनुपर्‍यो नि ।'

इँटाको भारी खन्याएर नजिकै आइपुगिन्, अष्टलक्ष्मी । उनलाई पनि नेपाली भाषा बोल्न आउँदैन् । चन्देश्वरी दोभासे बनिन् । उनी सहयोगीका रूपमा काम गर्छिन् । उनी त्यहाँ इँटा बोक्छिन् । कालिगढ महिलालाई सघाउँछिन् । अष्टलक्ष्मीको पनि ८ वर्षअघि श्रीमान् बिते । एक छोरी र छोरासँगै बस्छिन् । कमाएको पैसाले घर खर्च चलाउँछिन् । उमेरले ५ दशक पार गरे पनि सकुन्जेल काम गर्ने उनको योजना छ । भन्छिन्, 'सकुन्जेल यही काम गर्छु ।'

### कसरी पुगे रानीपोखरी ?

भूकम्पले रानीपोखरी क्षतविक्षत भएपछि लामो

समयसम्म पुनर्निर्माणको काम सुरु भएन । पुनर्निर्माण कसरी गर्ने र कसले गर्ने भन्नेमा विवाद चल्यो । अन्तिममा पुरातात्त्विक महत्त्वको रानीपोखरीलाई पुरानै तरिकाबाट पुनर्निर्माण गर्नुपर्नेमा सहमति भयो । त्यसपछि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीसहितको टोली भक्तपुरमा बन्दै गरेको भाजुपोखरी र सिद्धपोखरीको अवलोकन गर्न पुगे । पुनर्निर्माणमा जुटिरहेका महिलाहरूले परम्परागत विधिबाट पोखरी बनाइरहेको देखेपछि रानीपोखरीको पुनर्निर्माणको काम पनि तिनै महिलालाई दिने भए । त्यसपछि उनीहरूलाई भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले बोलाए । महिला कालिगढ जम्मा गर्ने अगुवाइ गरे, कृष्णप्रसाद दुमरूले ।

गत वर्ष फागुनदेखि ती महिला रानीपोखरीको पुनर्निर्माणमा सक्रिय छन् । प्रमुखले उनीहरूलाई गाडी मिलाइदिएका छन् । त्यही गाडी चढेर उनीहरू काममा आउने–जाने गर्छन् ।

दुनियाँमा विज्ञानले चमत्कार गऱ्यो । ठूलठूला मेसिन बने । ती मेसिनले मानवीय श्रम विस्थापित गऱ्यो । अहिले संसारैभरि बौद्धिक बहसमा आर्टिफिसियल इन्टेलिजेन्ट (कृत्रिम बुद्धिमत्ता) को चर्चा छ । तर, विज्ञानले जति नै प्रगति गरे पनि परम्परागत सीप नै काम लागेपछि महिला कालिगढ दंग छन् । सुभद्रा भन्छिन्, 'विज्ञानले जति नै विकास गरे पनि पुर्खाले सिकाएको सीप नै अहिले काम लाग्यो । हामी एकदमै खुसी छौं ।' संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग ती महिला कालिगढबारे भन्छन्, 'ती महिलाहरू इन्डिजिनियस इन्जिनियर हुन् ।'

## कति पाउँछन् पारिश्रमिक ?

महिला कालिगढहरू दैनिक १०५० रुपैयाँ पाउँछन् । तर, पुरुष डकर्मीहरू दैनिक १४५० रुपैयाँ पाउँछन् । पुरुष डकर्मी र महिला कालिगढहरूको एउटै गुनासो छ– पारिश्रमिक कम भयो । सुभद्रा भन्छिन, 'डकर्मीलाई पनि पैसा पुगेको छैन् । हामीलाई पनि पुगेका छैन् । तर, के गर्नु, काम गर्नैपऱ्यो ।' १५/१५ दिनमा पारिश्रमिक दिने सहमति भए पनि नियमित नपाएको उनीहरू बताउँछन् । एक कालिगढ भन्छिन, 'पैसा नियमित पाइरहेका छैनौं । अघिल्लोपटक डेढ महिनासम्म पैसा पाएनौं । अहिले २० दिन बितिसक्यो ।' तर, रानीपोखरी पुनर्निर्माण उपभोक्ता समितिका संयोजक अजयरत्न स्थापित उनीहरूलाई नियमित पैसा दिइरहेको बताउँछन् । भन्छन्, 'सरकारले तोकेभन्दा पनि राम्रो ज्याला दिएका छौं ।'

रानीपोखरीमा काम गरेको पैसाले घर खर्च चलाउँछन् उनीहरू । ईश्वरीमाया भक्तपुरकी रैथाने हुन् । तर, उनको कुनै जमिन छैन् । त्यो पैसाले श्रीमान्‌को उपचार गर्छिन् । ईश्वरीमाया भन्छिन्, 'आधा पैसा घर खर्च चलाउँछु । आधाले श्रीमान्‌को उपचार गरिरहेको छु ।' शर्मिलाले पनि अहिलेसम्म पैसा बचत गर्न सकेकी छैनन् । भन्छिन्, 'घरमा चामल किनेर लैजानुपर्छ । भोज भइरहन्छ हाम्रो । कहिले कता, कहिले कता गइरहनुपर्छ । अहिलेसम्म पैसा बचाउन सकिएको छैन् ।'

## के हो कालिमाटी ?

पानी अड्याउन रानीपोखरीको सतहमा कालिमाटीले लिपिन्छ । संस्कृतिविद् ग्वंग उपत्यकाको तीनैवटा सहरमा कालिमाटीको खानी रहेको बताउँछन् । भन्छन्, 'उपत्यकाको कालिमाटी गोंगबुलगायत स्थानको जमिनको सतहमुनि छ । त्यो कालिमाटी कुमालेहरूले भाँडा बनाउन प्रयोग गर्छन् ।' कालिमाटीमा पानी नचुहिने र त्यो माटोको प्रयोग गरी घर बनाउँदा बरु घर लच्किने तर नचर्किने विशेषता भएको उनी बताउँछन् । भन्छन्, 'यो प्रकृतिको देन हो । लिच्छविकालदेखि नै पुर्खाले पत्ता लगाएको यो विधि पुस्तान्तरण हुँदै आजसम्म आइपुगेको हो ।'

कालिमाटी पुस्तौं अघिबाट प्रयोगमा आइरहेको बताउँछन्, संस्कृति तथा पुरातत्त्वविद् पुरुषोत्तमलोचन श्रेष्ठ । भन्छन्, 'सिद्धपोखरी बनेको साढे ९ सय वर्ष भयो । सिद्धपोखरी उत्खनन् गर्दा कालिमाटी प्रयोग भएको पाइयो । यसरी हेर्दा कालिमाटी प्रयोग गरी पोखरीमा पानी अड्याउने सीप निकै पुरानो हो ।'

भक्तपुरका महिलासँग मात्रै होइन, अधिकांश पुरुषसँग पनि त्यो सीप भएको ग्वंग बताउँछन् । केही महिला पाटनको पोखरी पुनर्निर्माण गर्न गएका छन् । तर, पछिल्लो समय मौलिक सीप महिलामा मात्रै केन्द्रित हुँदै गएको उनी स्विकार्छन् । भन्छन्, 'सीपवाला पुरुषहरू पढ्न थाले । उनीहरू विद्वान् पनि भए । सीपको पुस्तान्तरण हुँदै जाँदा महिलाले यो सीप लिए ।' परम्परागत सीप बाँकी रहनुको अर्को कारण उनी श्रम संस्कृतिसँग जोडेर हेर्छन् । भन्छन्, ***'श्रमलाई सम्मान गर्ने भक्तपुरे संस्कृतिको कारणले पनि यो सीप जीवित रहेको हो ।'*** रानीपोखरीको पुनर्निर्माणमा महिला अगाडि देखिनुमा सांस्कृतिक पुनर्जागरणको संकेत मान्छन्, श्रेष्ठ ।

हेर्दा सामान्य लाग्ने यो सीप अत्यन्त महत्त्वपूर्ण भएको ठान्छन् श्रेष्ठ । भक्तपुर नगरमा कुनै बेला भित्रिएको जर्मन प्रोजेक्टसमेत त्यहाँको परम्परागत सीपअघि असफल भएको उनी बताउँछन् । भन्छन्, 'सिद्धपोखरी पुनर्निर्माण गर्न जर्मन प्रोजेक्टसमेत असफल भएको थियो । भक्तपुरको मौलिक सीप बरु काम लाग्यो ।'

०००

रानीपोखरीको डिलमाथि बसेर ती भक्तपुरका महिलासँग गफिँदा–गफिँदै घन्टाघरको घडीले दिउँसोको दुई बजायो । सबैजना खाजा खान जम्मा भए । खाजा खाँदाखाँदै चन्देश्वरीले प्रमुखको भनाइ उद्धृत गर्दै भनिन्, ***'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति, त्यति जोगाउन हामी भक्तपुरदेखि यहाँ आएका छौं ।'***

*स्रोतः नयाँ पत्रिका, २०७६ श्रावण ४ शनिबार*



# लगनखेलको 'गुमनाम' न्हू पुखु भक्तपुरको सहयोगमा ब्युँताइदै

• सबिना श्रेष्ठ

भक्तपुरको व्यस्तता बढेको छ। ऊ आफ्ना दुई पोखरी 'भाजु पुखु' र 'रानी पुखु' ब्युँताइरहेको छ। काठमाडौंको रानीपोखरी जिम्मा पनि उसैलाई छ। त्यहीमाथि लगनखेलको 'न्हू पुखु' बनाउने जिम्मा उसको काँधमा आएको छ।

यी तीनै पोखरी पुनर्निर्माणको नेतृत्व गरिरहेका छन्, भक्तपुरका कृष्णप्रसाद दुमरूले। उनकै नेतृत्वमा भक्तपुरका महिला–पुरुषको ४० जनाको टोलीले उपभोक्ता समितिमार्फत् काम गरिरहेका छन्। अन्य पोखरीमा जस्तै यहाँ पनि काम गर्नेहरू पुरुषको तुलनामा महिला बढी छन्।

उपत्यकाका तीनै सहरमा भइरहेको पोखरी निर्माण स्थिति बुझ्न दुमरू दैनिकजसो पुग्छन्।

'बिहान भाजु पुखुको निर्माणबारे बुझ्छु। दिउँसो आवश्यकताअनुसार रानीपोखरी र न्हू पुखुलाई समय दिन्छु,' उनले भने, 'तीनै सहरका पोखरीलाई उत्ति नै महत्त्वका साथ निर्माण गरिरहेका छौं।'

परम्परागत शैलीमा निर्माण गर्ने कार्यदक्षता भएकाले भक्तपुर पोखरी निर्माणमा प्रसिद्ध छ। भाजु पुखुमा भएको निर्माण कार्यले प्रभावित भएपछि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले केही महिनाअघि काठमाडौंको रानीपोखरी पुनर्निर्माण जिम्मा भक्तपुरलाई दिएको हो। त्यसैबाट प्रभावित भएर ललितपुरको न्हू पुखु पनि बनाउन दिइएको वडा नम्बर ४ का अध्यक्ष विकाशमान श्रेष्ठ बताउँछन्।

'भक्तपुरको कामको चर्चा जहींतहीं छ। हामीले पनि यो पोखरी बनाउने जिम्मा उहाँहरूलाई सुम्पिएका छौं,' श्रेष्ठले भने, 'उहाँहरू ठेक्कामा नभई उपभोक्ता समितिमार्फत् काम गर्नुहुन्छ। स्थानीयको सहभागता र अनुभवी मान्छेबाट काम गराउने पक्षले हामीलाई आकर्षित गरेको हो।'

काठमाडौंको रानीपोखरीलाई पनि 'न्हू पुखु' भनिन्छ। न्हूको अर्थ नेवार भाषामा 'नयाँ' भन्ने बुझिन्छ। तत्कालीन समयमा नयाँ भएकाले पोखरीको नाम 'न्हू पुखु' रहेको हुनसक्ने वडाध्यक्ष श्रेष्ठको भनाइ छ।

लगनखेलको न्हू पुखु १६ औं शताब्दीमा सिद्धिनरसिंह मल्लको समयमा निर्माण भएको मानिन्छ। यहाँ राजकुलोबाट पानी भरिन्थ्यो। काठमाडौं उपत्यकाका धेरै राजकुलोमध्ये तीनवटा प्रमुख मानिन्छन्। काठमाडौंका लागि बुढानिलकण्ठ, भक्तपुरका लागि बागेश्वरी र पाटनका लागि टीकाभैरव। टीकाभैरवबाट सोह्र किलोमिटर बगेर आउने पानीले पाटनका पोखरी भरिन्थे। पोखरी भरिएपछि ढुंगेधारा र इनार रसाउँछन्।

न्हू पुखु पनि राजकुलोबाटै भरिन्थ्यो। राजकुलो म्हासिंदै गएपछि करिब २० वर्षअघि पोखरी सुक्यो। वडाध्यक्ष श्रेष्ठकाअनुसार पोखरी सुकेपछि त्यो फोहोर फाल्ने ठाउँ बन्दै

गयो ।

'यहाँ सुंगुर-बंगुर खेल्ने ठाउँ भइसकेको थियो । कति त अतिक्रमणमा पनि परे,' श्रेष्ठले भने, 'पोखरी त सुक्यो, यसले चर्चेको जमिन पनि म्हासिने अवस्था आइसकेपछि स्थानीय मिलेर त्यसलाई ब्युँताउने योजना बनाउन थाल्यौं ।'

स्थानीय अग्रसर भएर तत्कालीन नगरपालिकालाई पोखरी ब्युँताउन आह्वान गरे । श्रेष्ठकाअनुसार त्यो बेला पाटनका तीन पोखरी सप्तपाताल, पूर्णचण्डी र न्हू पुखु निर्माणका लागि नगरपालिकाले १८ लाख रूपैयाँ दिएको थियो । त्यही लागतले न्हू पुखुको घाँस उखेलेर माटो झिक्नेदेखि पोखरीमा पानी भर्नेसम्म काम भए ।

'हामीले राजकुलो भने फर्काउन सकेनौं । आकाशे र जमिन र सडकको पानी संकलन गरी फिल्टर गरेर पोखरी भर्यौं,' श्रेष्ठले भने, 'त्यसपछि एकजना मान्छेलाई पोखरीमा माछा छोड्नेदेखि त्यसको रेखदेख गर्ने जिम्मा दियौं ।'

त्यसैको उपलब्धिस्वरूप पोखरीमा पानी भरिभराउ भयो । अहिले चारैतिर मर्मतसम्भार र माटो निकाल्ने काम भइरहेको छ । पोखरीबाट करिब ५० खेप माटो निकालिएको छ । यो आफूले सोचेभन्दा धेरै भएको दुमरू बताउँछन् ।

पहिले पोखरीको चारैतिर पर्खाल थिएन । उत्खनन् क्रममा चारैतर्फ पर्खाल फेला परेको छ । पश्चिमी भागमा ढुंगाको 'रिटेनिङ वाल' थियो । त्यसलाई भत्काएर पुरानै स्वरूपमा निर्माण गर्न लागिएको छ । अहिले दक्षिणी भागमा भिरालो पर्खाल बनाउने काम भइरहेको छ ।

त्यसका साथै पोखरी बीचमा काठ पनि फेला परेको छ ।

भक्तपुरको भाजु पुखुमा पनि त्यस्तै काठ फेला परेपछि अनुसन्धान क्रममा बीचमा मन्दिर रहेको तथ्य फेला परेको थियो । यो पोखरीमा पनि पहिले स्तम्भ, मूर्ति वा केही पुरातात्त्विक सम्पदा हुनसक्ने भएकाले अनुसन्धान जरूरी रहेको दुमरू बताउँछन् ।

'पोखरी उत्खनन् क्रममा नसोचेको नतिजा फेला पार्यौं । अनि पहिलेको योजनाभन्दा फरक ढंगले काम गर्नुपर्यो,' दुमरूले भने, 'पर्खाल नै छैन भनेको ठाउँमा पर्खाल भेटियो । बीचमा काठ भएको ठाउँमा पनि केही थियो कि ? त्यो पनि अध्ययन गरेर निर्माण गर्न पाए पोखरीले पूर्णता पाउनेथ्यो ।'

न्हू पुखु तीन तहको छ । सबै तह साढे सात फिट छन् । वडाध्यक्ष श्रेष्ठकाअनुसार पहिले यो पोखरी जिर्णोद्धारका लागि पानी सुकाउने योजना थियो । तर सुकाउँदा फेरि जमाउन गाह्रो हुने भएकाले जस्तापाताले रोकेर पानी नसुकाइ निर्माण भइरहेको छ ।

पोखरीको दक्षिणी भागमा बगैंचा छ । श्रेष्ठकाअनुसार बगैंचालाई थप सुधार गर्दै सार्वजनिक र पर्यटकीय स्थानको रूपमा विस्तार गरिनेछ । तीन वर्षमा पोखरी र बगैंचाको काम सक्ने लक्ष्य छ । यसका लागि करिब ४५ लाख रूपैयाँ छुट्याइएको छ ।

पोखरी उत्खनन् क्रममा नयाँ तथ्य फेला परेपछि भने निर्माण सकुन्जेल लागत बढ्नसक्ने अनुमान छ । पोखरी निर्माण र संरक्षण निम्ति न्हू पुखु संरक्षण तथा पुनर्निर्माण समिति गठन गरिएको छ ।

'पोखरी वरिपरि घुम्ने बगैंचा, बत्ति जोड्ने काम गरेर यो ठाउँलाई पर्यटकीय क्षेत्रका रूपमा विस्तार गर्ने सोच छ,' श्रेष्ठले भने, 'वर्षौंदेखि गुमनाम न्हू पुखुलाई प्रवर्द्धन गर्ने प्रयास हो ।'

यता तीनै पोखरीको नेतृत्व गरिरहेका कृष्णप्रसाद दुमरू भने मनसुनका कारण पोखरी निर्माणमा कठिनाइ भइरहेको बताउँछन् ।

तिहारसम्म बनाइसक्ने भनिएको रानीपोखरी कसरी सकिएला भनेर उनी योजना पनि बनाइरहेका छन् । भाजु पोखरीमा पनि मन्दिर निर्माण तयारी भइरहेको छ । भ्याइनभ्याइ भए पनि तीनै पोखरी निर्माण जिम्मा भक्तपुरले पाउँदा उनी गौरवान्वित छन् ।





'उपत्यकाका तीन ठूला पोखरी निर्माण गर्न पाउँदा गौरव महशुस हुन्छ । पोखरी निर्माणका लागि भक्तपुरको सीप र दक्षतालाई विश्वास गर्नु ठूलो कुरा हो,' दुमरूले भने, 'यसले तीनै सहरको सम्बन्ध विस्तारमा पनि महत्त्वपूर्ण भूमिका खेल्नेछ ।'

*सबै तस्बिरः निशा भण्डारी र सेतोपाटी*

*सेतोपाटी, साउन ७ मंगलबार, २०७६*

# जीवन पाउँदै छन् काठमाडौं उपत्यकाका पोखरीहरूले

मृतप्रायः बनिसकेको भक्तपुरको भाजु पोखरी पुनःनिर्माणबाट प्राप्त अनुभव र कौशल काठमाडौं उपत्यकाका अन्य पोखरीलाई जीवन दिन उपयोगी बन्दै छ। भक्तपुर नगरपालिकाले झन्डै इतिहास बनिसकेका भक्तपुरका रानीपोखरी



eQmk'/sf]efh'kf]v/L

र भाजु पोखरीलाई पुनःजीवनमात्र दिएको छैन, बरु पुनःनिर्माणको अनुभवले राजधानीको मुटुमा रहेको ऐतिहासिक रानीपोखरीलाई पनि जीवन्त बनाउन मद्दत पुऱ्याएको छ। लामो समयदेखि अन्योल र अलमलमा रहेको काठमाडौंको रानीपोखरी पुनःनिर्माणलाई भक्तपुरले देखाएको बाटोले नै गति दियो। झन्डै आफ्नो मौलिकता गुमाएर पुनःनिर्माण हुन लागेको राजधानीस्थित रानीपोखरीको मौलिकता भक्तपुरका पौरखी र सिपालु हातले जोगाउन सफल भयो। व्यापारिक स्वार्थको हुलबाट रानीपोखरीलाई जोगाएर भक्तपुरका शिल्पी हातले विगतकै ऐतिहासिक रूप दिने काम भइरहेको छ।

मल्लकालीन पोखरीहरू उपत्यकाको जनजीवनसँग अन्योन्याश्रितरूपमा गाँसिएका छन्। तिनका आफ्नै सांस्कृतिक, पर्यावरणीय र सामाजिक महत्त्व छ। तर, उपत्यकामा शाह वंशको हमला र समयान्तरमा बढ्दो जनसङ्ख्या वृद्धिसँगै सांस्कृतिक दमनकै शिलशिलामा ती पोखरीको महत्त्वलाई उपेक्षा गरियो। पोखरीसँग जोडिएको वास्तु, पर्यावरण, सामाजिक परम्परा क्रमशः क्षीण बन्दै गयो। कतिपय पोखरी मासिए। पोखरीको महत्त्व नबुझेर पनि तिनलाई अन्य प्रयोजनमा प्रयोग गरियो।

तर, विगतमा अनुपयोगी र अनुत्पादक मानिएका पोखरीको महत्त्व भने दिनानुदिन पुष्टि हुँदै गएको छ। नगरको सौन्दर्यको लागि मात्र नभई मानव स्वास्थ्यको लागि समेत मानव बस्तीमा पोखरी हुनु उपयोगी भएको विज्ञानले उजागर गर्दै गयो। युरोपको इतिहासमा मध्यकालीन युगमा मासिएको सभ्यता पुनर्जागरणकालमा बोध गरी पुनःस्थापनाको लहर चलेजस्तै आज काठमाडौं उपत्यकाका पोखरी, धारालगायत सांस्कृतिक सम्पदाको पुनःनिर्माणको लहर चलेको छ।

भक्तपुरको सिद्धपोखरी एक समय 'कोमा' अवस्थामा पुगिसकेको थियो। भक्तपुर नगरपालिकाकै अगुवाइमा सिद्धपोखरीले पुनःजीवन पायो। आज सिद्धपोखरी उपत्यकाकै सर्वश्री पोखरी बनेको छ। दैनिक हजारौं पर्यटक सिद्धपोखरीको सौन्दर्य हेर्न भ्रमण गर्ने गर्छन्। आडैको भाजु पोखरीको नवउद्घाटित सौन्दर्यले पर्यटकलाई अझ मोहित बनाउने छ। भक्तपुर नगरभित्रका अन्य साना पोखरी स्थानीय जनताकै सक्रियतामा फेरि जवान बनेका छन्।

काठमाडौंको रानीपोखरी बन्दै गर्दा भक्तपुरको अनुभव र शिल्पले ललितपुर लगनखेलको न्हु पुखुले पनि जीवन पाउँदै छ। ललितपुर महानगरपालिका वडा नं. ४ मा रहेको १६ औं



sf7df8f}sf]/fgLkf]v/L



nugv]nsf]Gx'kv'

शताब्दीमा सिद्धिनरसिंह मल्लको पालामा बनेको पोखरी पनि झन्डै मरणासन्न अवस्थामा थियो। भक्तपुर नगरपालिकालाई स्थानीय जनप्रतिनिधि र जनताले गरेको आग्रहअनुसार आज त्यहाँ भक्तपुरका कालीगढहरू दैनिक गएर पोखरीको मौलिकता कायम राख्दै जीवन दिने अभियानमा लागेका छन्।

अनुभवसिद्ध ज्ञान नै सर्वोत्तम ज्ञान हो। सभ्यताको उचाइमा रहेको मल्लकालीन काठमाडौंको ज्ञान अनुभवसिद्ध ज्ञान हो। अनुभवसिद्ध ज्ञान विज्ञानसम्मत हुन्छ। विज्ञान कहिल्यै पुरानो हुँदैन। हरेक युगको विज्ञान अर्को युगको समृद्ध विज्ञानको आधार बनेको हुन्छ। भक्तपुरसँग भएको पोखरी पुनःनिर्माणको शिल्प व्यवहारसिद्ध ज्ञान हो। यो ज्ञानले काठमाडौं उपत्यकाका सुक्दै गएका पोखरीलाई पुनः भरिभराउ बनाउन ठूलो मद्दत गरिरहेको छ।

विदेशीसँग हात फैलाउन जान्नुलाई नै आफ्नो शिल्प मान्ने कतिपय मानिसको निम्ति यस्तो मौलिक ज्ञानमा आधारित भएर देशका सम्पदाको संरक्षण गर्नु अस्वाभाविक र अझ कतिपयलाई टाउको दुखाइको विषय बनेको हुनसक्छ। तर, मृगले आफ्नो नाभीमै भएको कस्तुरीको सुगन्ध खोज्दै भौंतारिएजस्तो गल्ती नेपालीले गर्नु हुन्न। शासक वर्गको पराधीन सोचको लागि यो मौलिक शिल्पकर्म स्वयम्मा चुनौती हो।

*स्रोतः 'मजदुर' दैनिक*

xflb{s ;dj]bgf



**स्व. नारायणभक्त लागेजू**

**जन्म : २००२ मंसिर २५ | निधन : २०७६ असार २०**


भक्तपुर नगरपालिका पर्यटक सेवा केन्द्रका कर्मचारी जयराम लागेजूका पूजनीय बुबा **नारायणभक्त लागेजू**को दुःखद निधन भएकोमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका परिवार**

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **घरदैलो नर्सिङ सेवा**को प्रतिवेदन (२०७६ असार महिना)

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खर्बुजा | ३२२ | १४४ | ६३ | १७ | १८ | २६ | १८ | १४ | १० | ४ | १ | १ | ० | १ | ४ | ० | ६ | १ | १९ | २ |
| २ | रजनी सुवाल जरेजू | २७४ | ९७ | ३३ | १२ | १४ | १२ | ७ | १२ | ३ | ५ | ० | ० | १ | १ | ३ | १ | ४ | ० | १ | १ |
| ३ | अनु गोसाई | ३९५ | ७२ | ३३ | १५ | ३५ | १६ | ९ | ८ | ० | ५ | १ | १ | ० | ५ | २ | ४ | ८ | ८ | ६ | २ |
| ४ | विमला कुम्पाख | ४०० | १५० | ४८ | १४ | १३ | ५ | ५ | १३ | ३ | ६ | ० | २ | ० | ० | ४ | ० | ० | १ | १४ | १ |
| ५ | मञ्जु छुकां | ५७९ | ९० | ३५ | ६ | १ | ० | ७२ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | २ | १ |
| ६ | सृजना बोहजू | ३२८ | ७७ | ३५ | १५ | ३६ | ५ | ६ | ६ | ४ | ९ | २ | १ | ० | ६ | ६ | ० | ० | ५ | ११ | २ |
| ७ | सुमित्रा राजचल | २३४ | ३८ | १४ | १२ | ११ | १३ | ४ | ३ | ४ | ५ | ० | ० | ० | १ | ० | ० | ० | ० | २५ | १ |
| ८ | सरिता गोसाई | २०० | ३१ | १२ | ४ | ६ | ८ | ० | २ | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ११ | १ |
| ९ | सविना दुवाल | ३०० | ६७ | १८ | १९ | ११ | ७ | ४ | ११ | ४ | ६ | १ | ० | ० | ० | ० | १ | १ | ० | २ | २ |
| १० | मोनिका पही | २९५ | ४० | ३५ | ४ | ८ | ० | ५ | १७ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |

संकलन - कमल केशरी राजचल



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 39

On her death Bahadur Sah returned to Nipal, re- assumed the Regency, and exercised unlimited power. While Regent, he either absolutely annexed, or rendered tributary to Nipal, all the estates lying between Kashki and Sirinagar, including the territories of the Chaubisia and of the Baisia Rajahs, or the dominions of forty-six petty princes, all of whom were Rajputs and were previously tributary to the Rajah of Jumla. The Chaubisia principalities lay immediately to the west of Gorkha; and the Baisia states are still further west, lying between Chaubisia and Doti. The allegiance of all these different chiefs was secured either by hostages retained at Kathmandu, or by marriages contracted between them and the reigning family of Nipal. Ran Bahadur, the young king, still a minor, was married to a daughter of the Gulmi Rajah.

On the conquest of the Valley of Nipal, the British Government had acknowledged the King of Gorkha as Sovereign of Nipal, and, as such, had restored to him the lands which had been seized by Captain Kinloch in the Terai of Bettiah in 1767. With the exception of this recognition there is no trace of any connection between the British and Nipal Governments from the period of the (gorkha conquest until the administration of Lord Cornwallis, when a treaty of commerce was made by Mr. Duncan, then Resident at Benares, between Nipal and the Company, dated March 1792. This treaty was a purely commercial one, and regu- lated the duties on imports and exports between the territories of the Company and those of Nipal.* The articles of this treaty were not fairly carried out by the Nipal Government, and the treaty became a dead letter. At the time when this treaty was negotiated, Nipal was threatened with invasion by the forces of the Emperor of China. The hope of securing our neutrality, if not our actual assistance, was the real motive for their apparent willingness to form a treaty with us. **(To be continued)**

(* The principle of this treaty was that a duty of two and a half per cent, ad valorem should be reciprocally levied by either Go- vernment on all articles of trade transported from the dominions of one State into or through the dominions of the other.

In November 1834, various discussions having taken place between the two Governments concerning their commercial relations, the British Government determined to set the matter of the Treaty of 1792 at rest, and they officially referred it to the Darbar, stating that they attached no importance to the question, and would leave the Darbar to settle the validity or not of the past com- mercial treaties, the Darbar being at liberty to consult its own ideas as to what was best for its own interests. The Darbar for- mally and officially deny the existence of the Treaty of 1792, or that it is f binding on either party; but express a wish to make a new engagement de novo. In March 1835 the Darbar accordingly proposed a draft of a new commercial treaty, having for its object the levy, once for all, at one time and in one place, of an ad valorem duty of four per cent, by both Governments, and at the same time formally rescinding past treaties of 1792 and 1801, and substituting the new one for them.

The Governor-General, in reply, wished to encourage Nipalese commerce and exempt it from all duty by establishing entire free trade between the two countries. The Darbar, suspicious of our having ulterior objects in thus foregoing all present advantages of taxation, reject the proposal, abandon their own new treaty, and formally and officially tall back on the status quo ante. )

# नेपालको संविधान २०७२ (४६)

## भाग – ३३

## संक्रमणकालीन व्यवस्था

**२९९. सभामुख र उपसभामुख सम्बन्धी व्यवस्था :** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका व्यवस्थापिका-संसदका सभामुख र उपसभामुख यस धारा बमोजिम अर्को सभामुख र उपसभामुख निर्वाचित नभएसम्म आ-आफ्नो पदमा बहाल रहनेछन् ।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत व्यवस्थापिका-संसदको अधिवेशन चलिरहेको रहेछ भने यो संविधान प्रारम्भ भएको मितिले र अधिवेशन चलिरहेको रहेनछ भने धारा २९६ को उपधारा (६) बमोजिम अधिवेशन आह्वान भएको मितिले बीस दिनभित्र व्यवस्थापिका-संसदका सदस्यहरूले आफूमध्येबाट राजनीतिक सहमतिको आधारमा एकजना सभामुख र एकजना उपसभामुखको निर्वाचन गर्नेछन् ।

(३) उपधारा (२) बमोजिमको सहमति कायम हुन नसकेमा व्यवस्थापिका-संसदमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको बहुमत प्राप्त गर्ने व्यवस्थापिका-संसदको सदस्य व्यवस्थापिका-संसदको सभामुख वा उपसभामुख पदमा निर्वाचित भएको मानिनेछ ।

(४) उपधारा (२) वा (३) बमोजिम निर्वाचन गर्दा सभामुख र उपसभामुख व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने अलग-अलग राजनीतिक दलबाट प्रतिनिधित्व गर्ने सदस्य हुनु पर्नेछ ।

(५) सभामुख वा उपसभामुखले यस संविधान बमोजिम आफ्नो कार्य सम्पादन गर्दा कुनै पनि राजनीतिक दलको पक्ष वा विपक्षमा नरही तटस्थ व्यक्तिको हैसियतले गर्नेछ ।

(६) देहायको कुनै अवस्थामा सभामुख वा उपसभामुखको पद रिक्त हुनेछः–

(क) निजले लिखित राजीनामा दिएमा,

(ख) व्यवस्थापिका-संसदमा निजको सदस्यता नरहेमा,

(ग) निजले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्ताव व्यवस्थापिका संसदका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ सदस्यको बहुमतबाट पारित भएमा,

(घ) निजको मृत्यु भएमा ।

(७) व्यवस्थापिका संसदको सभामुखले पद अनुकूलको आचरण गरेको छैन भन्ने प्रस्ताव उपर छलफल हुने बैठकको अध्यक्षता उपसभामुख वा अन्य कुनै सदस्यले गर्नेछ र त्यस्तो प्रस्तावको छलफलमा सभामुखले भाग लिन र मत दिन पाउनेछ ।

(८) सभामुख र उपसभामुखको निर्वाचन सम्बन्धी अन्य प्रक्रिया र सभामुख वा उपसभामुखले पद अनुकूलको आचरण नगरेको भन्ने प्रस्ताव पेश गर्ने र पारित गर्ने प्रक्रिया तत्काल प्रचलित व्यवस्थापिका-संसदको नियमावली बमोजिम हुनेछ ।

**३००. न्यायपालिका सम्बन्धी व्यवस्था :** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका सर्वोच्च अदालत, संविधान सभा अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरू यस संविधान बमोजिमको न्यायपालिकाको संरचना तयार नभएसम्म कायम रहनेछन् । यो संविधान प्रारम्भ हुनु अघि त्यस्ता अदालतमा दायर भएका मुद्दाहरू र यो संविधान प्रारम्भ भएपछि दायर हुने मुद्दाहरू तत् तत् अदालतबाट निरूपण गर्न यस संविधानले बाधा पुऱ्याएको मानिने छैन ।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतमा बहाल रहेका सर्वोच्च अदालतका प्रधान न्यायाधीश वा न्यायाधीश, पुनरावेदन अदालतका मुख्य न्यायाधीश, न्यायाधीश र जिल्ला अदालतका न्यायाधीश यसै संविधान बमोजिम नियुक्त भएको मानिनेछ ।

(३) यो संविधान प्रारम्भ भएको मितिले एक वर्षभित्र संघीय कानून बमोजिम धारा १३९ बमोजिमका उच्च अदालतको स्थापना गरिनेछ । त्यस्तो अदालतको स्थापना भएपछि यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको पुनरावेदन अदालत विघटन हुनेछ ।

(४) उपधारा (३) बमोजिम उच्च अदालत स्थापना भएपछि पुनरावेदन अदालतमा विचाराधीन रहेका मुद्दाहरू नेपाल सरकारले न्यायपरिषदको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको उच्च अदालतमा सर्नेछन् ।

(५) उपधारा (३) बमोजिम उच्च अदालत स्थापना भएपछि न्यायपरिषदको सिफारिसमा प्रधान न्यायाधीशले यो संविधान प्रारम्भ हुँदाका बखत बहाल रहेका पुनरावेदन अदालतका मुख्य न्यायाधीश र न्यायाधीशहरूलाई उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीशमा पदस्थापन गर्नेछ ।

(६) यो संविधान प्रारम्भ हुँदाका बखत बहाल रहेका पुनरावेदन अदालतका अतिरिक्त न्यायाधीशहरू नियुक्ति हुँदा तोकिएको अवधिसम्म बहाल रहन सक्नेछन् ।

(७) यो संविधान प्रारम्भ हुँदाका बखत अदालत बाहेक अन्य निकायमा विचाराधीन रहेका एक वर्षभन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्बन्धी मुद्दा यो संविधान प्रारम्भ भएपछि सम्बन्धित जिल्ला अदालतमा सर्नेछन् । (क्रमशः)

तपाईंको भान्छा

# यसकारण पिउनुसोहस् दैनिक दूध

दूध र दुग्धजन्य उत्पादन क्याल्सियम, फोस्फोरस, म्याग्नेसियम र प्रोटिनका स्रोत हुन्, जुन हड्डी वृद्धि र विकासका लागि अनिवार्य छन् । बाल्यकालदेखि नै आवश्यक मात्रामा दूध र दुग्धजन्य उत्पादन उपभोग गर्नाले हड्डी मजबुत हुनाको साथै भविष्यमा ओस्टियोपोरोसिस जस्ता रोगसँग लड्ने क्षमतामा वृद्धि गर्छ ।

**दाँत**

दूधमा हुने क्याल्सियम र फोस्फोरसको मात्राले दाँतको विकास र निर्माणमा मद्दत पुऱ्याउँछ । दूधमापाइने प्रचुर प्रोटिनले दाँतको इनामेलको पातलो आवरण निर्माण गर्छ । यो आवरणले दाँत अम्लीय पदार्थको सम्पर्क आउँदा इनामेलबाट क्याल्सियम र फोस्फेट क्षति हुनबाट बचाउँछ । दूधले गुलिया खानाबाट दाँतलाई हुने असरबाट पनि बचाउने अनुसन्धानहरूले देखाइसकेका छन् । यसैले पनि दन्तरोग विशेषज्ञहरूले दूधलाई खानाको बीचमा पिउने सुरक्षित तरल पदार्थ भनेका छन् । यसले दाँतलाई सड्नबाट पनि बचाउँछ ।

**रक्तचाप**

अध्ययनहरूले के देखाएका छन् भने दैनिक तीन भाग दुग्धजन्य पदार्थ, पाँच भाग फलफूल तथा तरकारी र थोरै नुन खानाले वयस्क तथा बालबालिका दुवैमा उच्च रक्तचाप घटाउँछ । दूधसहित क्याल्सियम, पोटासियम र प्रोटिन खानाले उच्च रक्तचाप घट्न सक्छ ।

**मुटु**

दूध र दुग्धजन्य पदार्थको सेवनले मुटुसबन्धी रोग लाग्ने खतरा पनि घटाउने एक अध्ययनले देखाएको छ । बेलायतको वेल्समा गरिएको एक अध्ययनले बढी दूध सेवन गर्ने मानिसमा सेवन नगर्नेमा भन्दा हृदयाघातको खतरा कम भएको पाइएको थियो । विज्ञका अनुसार दूधमा पाइने क्याल्सियमको उच्च मात्रा मुटु जोगाउन लाभकारी रहेको पाइएको थियो । उच्च क्याल्सियमले खराब कोलेस्ट्रोल हटाउने र असल कोलेस्ट्रोलको मात्रा बढाउने अध्ययनहरूले देखाएका छन् ।

**मोटोपना**

कतिपय मानिस मोटो होइन्छ भनेर दूध पिउने गर्दैनन् । तर, दूध र दुग्धजन्यपदार्थ नियमित सेवन गर्नेहरूको मोटोपनासमेत घट्ने अध्ययनले देखाएको छ । यसलाई क्यालोरी नियन्त्रित गर्ने डाइटको एक भागका रूपमा मानिएको छ ।

**टाइप टु डायबेटिज**

अध्ययनहरूका अनुसार नियमित रूपमा कम चिल्लो भएको दुग्धजन्य पदार्थ सेवन गर्नाले टाइप टु डायबेटिजको खतरा कम गर्छ । हालै ३७ हजार वयस्क महिलामा गरिएको अध्ययनले बढी मात्रामा दूध सेवनकर्ताहरूमा डायबेटिजको खतरा कम भएको पाइएको थियो । सन् २०१५ मा पुरुषमा गरिएको अध्ययनले पनि यस्तै खालको नतिजा पाइएको थियो ।

**क्यान्सर**

नियमित दूधको सेवनले कोलोरेक्टल र स्तन क्यान्सरको खतराबाट बचाउँछ । ४५ हजार स्वीडिस पुरुषमा गरिएको अध्ययनले १.५ ग्लास वा त्योभन्दा बढी दूध दैनिक सेवन गर्नेमा हप्तामा दुई गिलास भन्दा कम पिउने भन्दा क्यान्सरको खतरा ३५ प्रतिशतले कम भएको पाइएको थियो । नर्वेमा ४१ हजार महिलामा गरिएको अध्ययनमा पनि स्तन क्यान्सरको खतरा कम भएको पाइएको थियो ।

**हाइड्रेसन**

शरीरमा पानीको मात्रा पुऱ्याउन नियमित ६ देखि ८ कप तरल पदार्थ सेवन गर्नुपर्ने हुन्छ । पानीको मात्रा नपुगे स्मरण शक्तिमा ह्रास आउने र चिडचिडाहट हुने हुन्छ । दूध तरल पदार्थ आपूर्ति गर्ने उपयुक्त स्रोत बन्न सक्छ । यो शरीरलाई आवश्यक तरल पदार्थको स्रोतमात्रै नभई दाँतका लागि पोषक तत्वको समेत भूमिका खेल्छ ।

*– स्वास्थ्य खबर पत्रिका*


भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु
हामी सबै असल नगरवासीको कर्तव्य हो ।

**बसिबियाँलो (पृष्ठ ६४) को उत्तर**

COCONUT

**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं ।**

## आ.व. २०७५/७६ असार महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १८८ | १३२ | १२४ | ११७ | १३८ | १२३ | १४३ | १९२ | ८६ | ८२ | ८९ | १५६ | ९० | १५६ | १७९ | ११६ |
| ■ सार्क तथा चिनियाँ | ३४७ | २०२ | ३०० | ३२४ | २८० | ३१० | ४६७ | ३४२ | २५६ | २६३ | १९५ | २३६ | २७६ | ४५४ | ३२० | १२३ |

| गते | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ११६ | १०८ | २१० | ९८ | २११ | १८६ | १२७ | १९३ | १८९ | १३१ | १४४ | १५२ | २२६ | १३१ | ७० |
| ■ सार्क तथा चिनियाँ | २३० | १७० | १९१ | २७८ | २९८ | १९१ | १८४ | २३१ | २२८ | १७६ | १११ | ३६९ | २४१ | १०१ | ६१ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७६ असार | ४,४०३ | ७,७५५ | १२,१५८ |
| २०७५ असार | ४,६९४ | ७,१८७ | ११,८८१ |
| प्रगति | -२९१(-६.२०%) | ५६८ (७.९०%) | २७७ (२.३३%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# कर्मचारीलाई हाजिर नगराए अनुदान रोक्ने !

संघीय तथा स्थानीय विकास मन्त्रालयले समायोजनमा खटाइएका कर्मचारीहरूलाई स्थानीय तहले हाजिर नगराएमा अनुदान रोक्का गर्ने पत्र पठाएको छ । संघ सरकारले स्थानीय तहसँग कुनै समन्वय नगरी मनपरी कर्मचारीहरू पठाएकोमा हाजिर नै नगराइ फिर्ता पठाएपछि यो पुनःपत्राचार गरिएको हो । स्थानीय तहहरूले संघले आफूखुसी कर्मचारी पठाएकोलाई स्वायत्ततामाथि हस्तक्षेपको रूपमा लिएका छन् ।

नयाँ संविधान कार्यान्वयनसँगै देश संघीयतामा गइसकेपछि संघअन्तर्गतका कर्मचारीहरूलाई आकर्षक प्याकेज दिएर स्थानीय र प्रदेशमा खटाइएको हो । ५ वर्षभन्दा बढी काम गरेकोलाई एक तह बढुवा र सोभन्दा कम काम गरेकोलाई २ ग्रेड थपी दिने निर्णयसहित खटाइयो । यसले संघ र स्थानीय तहमा काम गर्ने कर्मचारीहरूबीच 'क' वर्ग र 'ख' वर्ग भनी विभाजित गऱ्यो । यो अवस्थामा स्थानीय तहमा १०/१५ वर्षसम्म सेवा गरेका कर्मचारीहरूको मन स्थिति के होला ? साथै स्थानीय तहको आवश्यकतालाई संघले ध्यान दिएको पाइएन ।

कर्मचारी हाजिर नगराए प्रमुख प्रशासकीय अधिकृतलाई नै कारबाही गर्ने भनी संघले चर्को दबाब दिने गरेको सुनिन्छ । यो प्रमुख प्रशासकीय अधिकृतको भन्दा नीतिगत प्रश्न हो । संघ सरकारको व्यवहार संविधान र कानुनअनुकूल देखिएन । स्थानीय र प्रदेश केन्द्रको आदेश पालन गर्ने निकायहरू होइनन् । यो कुरा संघीय सरकारमा बस्ने पदाधिकारीहरूले बुझ्नु आवश्यक छ । संघमा बस्ने पदाधिकारीहरूले पञ्चायती शैली त्याग्नुपर्छ र धम्कीको भाषा बन्द गर्नुपर्छ । स्थानीय स्वायत्तताको बारे ध्यान दिनुपर्छ ।

कतिपय स्थानीय तहले कर्मचारी अभावको कारण काम गर्न नसकेका समाचारहरू आइरहेका छन् । ती स्थानीय तहका पदाधिकारीहरू संघले कर्मचारी नपठाएको दोष दिँदै छन् । आवश्यक भएका ठाउँमा कर्मचारीहरू जान मानिरहेका छैनन् । कर्मचारीलाई आफूखुसी ठाउँ चयन गर्न दिने र बढुवा गर्नेजस्ता कार्यले समस्या निम्त्याइएको हो ।

कर्मचारीकै विषयलाई लिएर संघ र स्थानीय तहबीच फेरि द्वन्द्व हुने सम्भावना देखिएको छ । दुई तहको सरकारबीचको द्वन्द्वले कसैको हित गर्दैन । स्थानीय तहलाई दबाब दिने, धम्की दिनेजस्ता कार्यले समस्या झन जटिल बन्न सक्छ । राम्रो र व्यवस्थितरूपमा काम भइरहेको स्थानीय तहहरूमा समेत कर्मचारी विवादकै कारण विकास गतिमा ढिलाइ भयो भने त्यसको तमाम जिम्मेवारी संघ सरकारले लिनुपर्ने हुन्छ । बेलैमा यसबारे ध्यान दिनु राम्रो हुनेछ ।

# भक्तपुर नगरको स्थानीय पर्व गथेमङ्गल २०७६ का केही झलकहरू







नगर प्रमुख सुनिल प्रजापति र वीरगञ्ज महानपाका उपप्रमुख शान्ति कार्कीबीच भएको भेट तथा छलफल (२०७६ असार २४ गते)



भनपा प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी र झापा कन्काई नपाका प्रमुख राजेन्द्र पोखरेलसँग (२०७६ साउन १५ गते)

